
असार – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३२, अङ्क ५ | २०८० असार १-१५ | पूर्णाङ्क ७४३


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ६ | इजलास नं. ७ | ४ |
| इजलास नं. २ | ६ | इजलास नं. ८ | ३ |
| इजलास नं. ३ | ४ | इजलास नं. ९ | १२ |
| इजलास नं. ४ | ६ | इजलास नं. १० | १ |
| इजलास नं. ५ | १० | इजलास नं. ११ | ५ |
| इजलास नं. ६ | ३ | इजलास नं. १२ | ४ |
| **जम्मा** | **३५** | **जम्मा** | **२९** |

**कूल जम्मा ३५ + २९ = ६४**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, असार – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - ७** |
| १. | बन्दी प्रत्यक्षीकरण | कमान किरण नकालसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, काठमाडौंसमेत | १ |
| २. | जालसाजी | रमेशकुमार थापाको नाउँमा राधादेवी थापा वि. अग्नीमाया श्रेष्ठसमेत | १ |
| ३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. पार्वती जिम्बा | ३ |
| ४. | कर्तव्य ज्यान | रमेश थापामगरसमेत वि. नेपाल सरकार, करिमदिन मियाँसमेत वि. नेपाल सरकार | ४ |
| ५. | ठगी | नेपाल सरकार वि. पिमा अर्यालसमेत | ५ |
| ६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. बुद्धकुमार लामा तामाङ | ६ |
| **इजलास नं. २** | | | **७ – १३** |
| ७. | उत्प्रेषण | कुमार कोइराला वि. प्रशासन विभाग सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौं | ७ |
| ८. | ठगी | माया हलुवाई वि. नेपाल सरकार | ८ |
| ९. | अंश दर्ता | प्रियरञ्जनी सिंह वि. शम्भुनारायण सिंहसमेत | ९ |
| १०. | भ्रष्टाचार (घुस / रिसवत) | शिवनारायण यादव वि. नेपाल सरकार | १० |
| ११. | बन्दी प्रत्यक्षीकरण | इराधा न्यौपानेको नाउँमा भरबहादुर गुन्मी | ११ |
| १२. | बन्दी प्रत्यक्षीकरण | तोरणबाबु श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १२ |
| **इजलास नं. ३** | | | **१३ – १७** |
| १३. | बैंकिङ कसुर (चेक अनादर) | नेपाल सरकार वि. मोहनसिंह ठकुरी | १३ |
| १४. | बैंकिङ कसुर | नेपाल सरकार वि. अजित राउत (कुमार) कुर्मी | १४ |
| १५. | बैंकिङ कसुर | नेपाल सरकार वि. सुरेन्द्रबहादुर ऐर | १५ |
| १६. | लिखत बदर | खिममाया पुनसमेत वि. गौमाया फकामी पुन मगर | १६ |
| **इजलास नं. ४** | | | **१७ – २४** |
| १७. | परमादेश | सेनोरा लामा वि. नेपाल सरकार | १७ |
| १८. | सवारी ज्यान | राजु श्रेष्ठ वि. नेपाल सरकार | १८ |
| १९. | लागु औषध ब्राउनसुगर | प्रकाश चन्द वि. नेपाल सरकार, कमल चन्द वि. नेपाल सरकार | १९ |

| | | | |
|---|---|---|---|
| २०. | करारबमोजिम सुरक्षणको सम्पत्ति फिर्ता दिलाइ चलनसमेत चलाइपाऊँ | मन्जु खड्का वि. जमुना महर्जन | २० |
| २१. | उत्प्रेषणसमेत | रम्भा पौडेलसमेत वि. नेपाल सरकारसमेत | २१ |
| २२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. लक्ष्मी लिम्बूसमेत, मनप्रसाद लिम्बू वि. नेपाल सरकार | २२ |
| **इजलास नं.५** | | | २४ – ३४ |
| २३. | डाँका | भिमबहादुर भन्ने भिमराज लिम्बू वि. नेपाल सरकार | २४ |
| २४. | जबरजस्ती करणी | नेपाल सरकार वि. जीवन गुरूङसमेत | २४ |
| २५. | भ्रष्टाचार | श्रीराम श्रेष्ठ वि. नेपाल सरकार | २६ |
| २६. | परमादेश | अनु श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत | २७ |
| २७. | अपहरण र कर्तव्य ज्यान | सुमन भन्ने डम्बरबहादुर ठाडामगर वि. नेपाल सरकार | २८ |
| २८. | अंश | प्रकाश के.सी. वि. शर्मिला के.सी. | ३० |
| २९. | करारको दायित्व पूरा गराइपाऊँ | पुष्प गौतम वि. गोविन्दभक्त खोखाली | ३१ |
| ३०. | शेषपछिको बकसपत्र बदर | मोहनबहादुर खड्का वि. मायादेवी खड्का | ३२ |
| ३१. | बाटो खिचोला | तिखेदेवल बस्ने तारादेवी थापा वि. नरमाया लिम्बूसमेत | ३३ |
| ३२. | कर्तव्य ज्यान | डिकबहादुर राई वि. नेपाल सरकार | ३४ |
| **इजलास नं.६** | | | ३४ – ३८ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. करवीरसिंह धामी | ३४ |
| ३४. | करारबमोजिम रकम दिलाइपाऊँ | सुर्यनारायण राय यादव वि. के वि इन्टरनेसनल प्रा.लि. | ३६ |
| ३५. | कर्तव्य ज्यान | कमल दर्जी वि. नेपाल सरकार, नेपाल सरकार | ३७ |
| **इजलास नं.७** | | | ३८ – ४३ |
| ३६. | परमादेशसमेत | हाइग्राउन्ड एडभेन्चर्स नेपाल प्रा.लि. वि. भन्सार विभाग, काठमाडौंसमेत | ३८ |
| ३७. | उत्प्रेषण, परमादेशसमेत | टंकप्रसाद भट्टराई वि. उच्च अदालत, विराटनगर, धनकुटा इजलास, धनकुटासमेत | ३९ |
| ३८. | अंश चलन | हसना बुढाथोकी वि. रामबहादुर बुढाथोकीसमेत | ४१ |

| | | | |
|---|---|---|---|
| ३९. | उत्प्रेषण | सुरेश राय वि. भुखलु रायसमेत | ४२ |
| **इजलास नं.८** | | | **४३ – ४५** |
| ४०. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम डडेल्धुरा "५९" वि. डडेल्धुरा जिल्ला अदालत | ४३ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | सानुकाजी महत वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४४ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | दिनेश श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत | ४४ |
| **इजलास नं.९** | | | **४५ – ५७** |
| ४३. | बन्दी प्रत्यक्षीकरण | नरेन्द्र कुमार श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत | ४५ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झम्कबहादुर आले मगरसमेत, शुभद्रा आलेमगर वि. नेपाल सरकार | ४५ |
| ४५. | जबरजस्ती करणी (हाडनाता करणी) | परिवर्तित नाम ञ-२ वि. नेपाल सरकार | ४७ |
| ४६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. डेकबहादुर रोका | ४८ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | अर्जुन सापकोटा वि. चितवन जिल्ला अदालत | ४९ |
| ४८. | अंश | यज्ञमूर्ति पाण्डेसमेत वि. डिला कुमार पाण्डे | ५० |
| ४९. | वैदेशिक रोजगार | सुनिता लामा वि. नेपाल सरकार | ५१ |
| ५०. | वैदेशिक रोजगार | नेपाल सरकार वि. गेहेन्द्र वलीसमेत | ५२ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | बिमला श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | ५३ |
| ५२. | उत्प्रेषण परमादेशसमेत | सुरेन्द्र मान सिंह वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं | ५४ |
| ५३. | बैंकिङ कसुर | नेपाल सरकार वि. प्रमोदप्रसाद साह | ५५ |
| ५४. | लागु औषध ब्राउन सुगर | पुरनध्वज राई वि. नेपाल सरकार, मनबाबु कार्की वि. नेपाल सरकार, दिनेश श्रेष्ठ वि. नेपाल सरकार, खडगबहादुर राई वि. नेपाल सरकार | ५६ |

| इजलास नं.१० | | | ५७ – ५८ |
|---|---|---|---|
| ५५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शारदा मगर | ५७ |
| इजलास नं.११ | | | ५८ – ६३ |
| ५६. | वैदेशिक रोजगार कसुर | अरूण राई भन्ने अरूणा कुमार राई भन्ने नेपाल सरकार | ५८ |
| ५७. | बैंकिङ कसुर | बाबुराम गैरे वि. नेपाल सरकार | ५९ |
| ५८. | कर्तव्य ज्यान | सानु उर्फ राजु भन्ने राजेश लामा वि. नेपाल सरकार | ६० |
| ५९. | बैंकिङ कसुर | एरिश श्रेष्ठ वि. नेपाल सरकार | ६१ |
| ६०. | बैंकिङ कसुर | मधुराम प्रधानाङ्ग वि. नेपाल सरकार | ६२ |

| इजलास नं.१२ | | | ६३ – ६८ |
|---|---|---|---|
| ६१. | भ्रष्टाचार (परीक्षाको परिणामको फेरबदल) | कल्यान नाथ वि. नेपाल सरकार | ६३ |
| ६२. | उत्प्रेषणयुक्त परमादेशसमेत | मेथीलाल खवास वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ६४ |
| ६३. | बैंकिङ कसुर | विमल बराल वि. नेपाल सरकार | ६६ |
| ६४. | बैंकिङ कसुर | शक्ति भुजेल वि. नेपाल सरकार | ६७ |

## इजलास नं.१

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७६-WH-०१२०, बन्दीप्रत्यक्षीकरण, कमान किरण नकालसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, काठमाडौंसमेत*

नेपालको संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको सुनिश्चितता धारा ४६ ले गरेको छ । यसैगरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत निवेदनका सन्दर्भमा हेर्दा यी निवेदकद्वय बाबुलाल शाक्य र कमानकिरण नकालले जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरी गस्ती टोलीसमेतलाई अभद्र व्यवहार गरेको आरोपमा सो गस्ती टोलीले पक्राउ गरी प्रतिवेदनसाथ जिल्ला प्रहरी कार्यालयमा बुझाएको र सो कार्यालयले पक्राउ परी आएका निवेदकहरूलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा अनुसन्धान गर्ने प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालयबाट म्याद थप माग गरेको पाइयो । जिल्ला प्रशासन कार्यालय, स्याङ्जाले समेत जिल्ला प्रहरी कार्यालयबाट माग भई आएबमोजिम निवेदकहरूलाई उल्लिखित कसुरमा अनुसन्धान गर्नको लागि म्याद थप गरिदिएको र मिति २०७६।७।२१ मा जिल्ला सरकारी वकिल कार्यालय स्याङ्जाले मुलुकी अपराध संहिताको दफा ११८(१) को कसुरमा सोही संहिताको दफा ११८(२) बमोजिम सजाय माग दाबी लिई जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा अभियोग दर्ता गरेकोमा सोही मितिमा रिट निवेदकहरूको बयान सम्पन्न गरी थुनछेक आदेशसमेत गरी निजहरूलाई साधारण तारिखमा राखी मुद्दा चलिरहेको देखिन्छ । यसरी निवेदकहरू थुनामा रहेको अवस्था नै नदेखिँदा विपक्षीहरूले गैरकानूनी रूपले थुनामा राखेको भन्ने अवस्था मिसिल प्रमाणको रोहबाट देखिन नआएबाट रिट निवेदकहरूलाई प्रत्यर्थीहरूले पक्राउ गरी बेपत्ता बनाई गैरकानूनी थुनामा राखेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः निवेदकहरू मिति २०७६।७।२१ मा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट साधारण तारिखमा छुटिसकेको हुँदा निजहरूको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल मंसिर ६ गते रोज ६ शुभम् ।

- यसै लगाउको *०७६-WH-०१३५, बन्दीप्रत्यक्षीकरण, कमान किरण निकालसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०२००, जालसाजी,*

*रमेशकुमार थापाको नाउँमा राधादेवी थापा वि. अग्नीमाया श्रेष्ठसमेत*

वादीहरूमध्ये राधादेवी थापा बिरामी रहेको भन्ने मिसिल संलग्न काठमाडौं अस्पताल प्रा.लि. को कागजपत्रबाट देखिन्छ भने अर्का अंशियार विदेशमा रहेको भन्नेमा विवाद छैन । सगोलमा रहेको भन्दैमा बिरामी आमालाई छोराका सबै व्यवहारहरू थाहा जानकारी हुन्छ भन्नेसमेत हुँदैन भने विदेशमा रहेको दाजुले नेपालमा रहेको भाइका सम्पूर्ण व्यवहारहरू थाहा हुने भन्ने कल्पना नै गर्न सकिँदैन । यस स्थितिमा वादीहरू सगोलमा बसेको भन्ने कुराले कुनै अर्थ राख्दैन । सगोलमा बस्दैमा सबै अवस्थामा सबै सदस्यहरूको व्यवहार थाहा हुन्छ भन्ने पनि हुँदैन । यस्तो स्थितिमा जालसाजमा फिराद लिई आउनुबाहेक निजहरूको हकमा अर्को विकल्प पनि छैन । कुन मार्ग अवलम्बन गर्दा आफूलाई न्याय प्राप्त हुन्छ सो कुरा वादी आफैँले तय गर्ने हो, प्रतिवादी वा अदालतले होइन । उक्त राजीनामा पारित लिखतमा सगोलकी आमा साक्षी बसेको अवस्था छैन भने विदेशमा बसेको दाजुको अख्तियारी लिएकोसमेत देखिँदैन । यस स्थितिमा आफ्नो अंशहक जस्तो नैसर्गिक हक संरक्षण गर्न अ.बं.८३ नं. को सुविधासमेत लिई नक्कल सारेको मितिबाट म्यादभित्र पर्न आएको फिरादलाई हदम्यादविहीन भनी अस्वीकार गर्न मिल्ने नदेखिने ।

उक्त विवादित जग्गाबाहेक वादी प्रतिवादीहरूको अंश हक लाग्ने अन्य कुनै सम्पत्ति नरहेको भन्ने तथ्य स्थापित भएकोमा उक्त जग्गा बिक्री गर्दा सम्पूर्ण अंशियारहरूको मन्जुरी लिएको अवस्था नदेखिँदा प्रतिवादीहरूको कार्य मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिम जालसाजपूर्ण देखिने ।

वादीहरूको हकसम्मको जालसाज हुने भएकोले सगोलका हकवालालाई कुनै जानकारी नै नदिई बिनामन्जुरी निजहरूको अंश हकजस्तो नैसर्गिक हक मार्न जालसाजपूर्ण रूपमा लिखत गरी जग्गा बिक्री गर्ने प्रतिवादी दिपेन थापालाई के कस्तो सजाय गर्ने भन्ने सम्बन्धमा विचार गर्दा, तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. लाई हेर्नुपर्ने देखिन्छ जसमा "जालसाजी कागज गराउनेलाई बिगो खोलिएको रहेछ भने त्यसै बिगोको सयकडा पच्चिस रूपैयाँ जरिवाना हुन्छ । बिगो खोलिएको रहेनछ भने दुई सय रूपैयाँसम्म जरिवाना हुन्छ ।" भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त विवादित घरजग्गा यी प्रतिवादीले अग्नीमाया श्रेष्ठलाई रू.३८,०९,३००।- (अठ्तिस लाख नौ हजार तीन सय) मा बिक्री गरेको भन्ने मालपोत कार्यालय कलंकीको र.नं.९९८७(ख) बाट मिति २०६६।१२।०३ मा पारित राजीनामा लिखतबाट देखिएकोले वादी प्रतिवादीहरू ४ अंशियारहरू रहेकोले यी वादीहरू राधादेवी र रमेशकुमार थापाको हक लाग्ने उक्त रकमको ४ भागको २ भाग अथवा रू.१९,०४,६५०।- (उन्नाइस लाख चार हजार छ सय पचास) बिगो कायम गरी सोको सयकडा पच्चिसका दरले हुने रू.४,७६,१६२।५० (चार लाख छयत्तर हजार एकसय बैसठ्ठी रूपैयाँ पचास पैसा) जरिवाना गर्नुपर्ने देखिने ।

प्रतिवादी दिपेन थापाले जालसाजपूर्ण तरिकाले अंशहक मेट्ने गरी सगोलका अंशियारहरूलाई जानकारी नदिई जग्गा राजीनामा गरेको देखिएको अवस्थामा वादी दाबी नपुग्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।५।६ मा भएको फैसला उल्टी भई दिने दिपेन थापा र लिने अग्नीमाया श्रेष्ठ भएको र.नं.९९८७(ख) बाट मिति २०६६।१२।०३ मा पारित राजीनामा लिखतमध्येको वादीहरूको हक जाने अर्थात् ४ भागको २ भाग जालसाजपूर्ण भई निष्क्रिय हुन्छ । प्रतिवादीहरूमध्येको दिपेन थापालाई किर्ते कागजको १० नं. बमोजिम उक्त विवादित घरजग्गा यी प्रतिवादीले अग्नीमाया श्रेष्ठलाई रू.३८,०९,३००।- (अठ्तिस लाख नौ हजार तीन

सय) मा बिक्री गरेकोले वादीहरूले हक जाने उक्त रकमको ४ भागको २ भाग अथवा रू.१९,०४,६५०।- (उन्नाइस लाख चार हजार छ सय पचास) बिगो देखिएकोले सोको सयकडा पच्चिसका दरले हुने रू.४,७६,१६२।५० (चार लाख छयत्तर हजार एक सय बैसट्ठी रूपैयाँ पचास पैसा) जरिवानासमेत हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल फागुन ११ गते रोज १ शुभम्।

- यसै लगाउका ०७४-CI-०१७३, अंश, राधादेवी थापा वि. दिपेन थापासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०८६५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. पार्वती जिम्बा*

जाहेरवालीहरू समिना खत्री, देवी कार्की र तारा खड्काले जनही तीन लाख रूपैयाँ प्रतिवादी पार्वती जिम्बाको नाउँको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २८३२५ मा जम्मा गरेको मिसिल संलग्न रहेको उक्त बैंकको भौचरबाट देखिन्छ। त्यसैगरी जाहेरवाली कृष्टिना साईको एक लाख पचास हजार रूपैयाँ, प्रिति साईको एक लाख बिस हजार रूपैयाँ र रजनी सुनारको एक लाख पचासी हजार रूपैयाँ आई. एम. ई. बाट यी प्रतिवादीले बुझिलिएको मिसिलबाट देखिन आयो। निज जाहेरवालीहरूले आई. एम. इ. बाट उक्त रकम प्रतिवादीलाई पठाएको भनी मौकाको जाहेरीमा समेत उल्लेख गरेको पाइन्छ। जाहेरवालीहरूले प्रतिवादीलाई नगदै दिएको भनिएको अन्य रकमको हकमा निज प्रतिवादीले उक्त रकम आफूले जाहेरवालीहरूबाट बुझी लिएको भनी स्वीकार गरेको देखिँदैन। साथै वादी पक्षबाट सो रकमसमेत प्रतिवादीले जाहेरवालीहरूबाट प्राप्त गरेको भन्ने कुरा पुष्टि हुने वस्तुनिष्ठ कागज प्रमाण पेस गर्न सकेको मिसिल संलग्न कागजातबाट देखिँदैन। जाहेरवालीहरूले प्रतिवादीलाई नगद रकमसमेत दिएको देखिने तथ्यपरक आधार प्रमाण पेस हुन नसकेको स्थितिमा अभियोग दाबीबमोजिमको पूरै बिगो प्रतिवादीबाट जाहेरवालीहरूले भराइ लिनपाउने भन्न न्यायसङ्गत हुने देखिएन। त्यसैले जाहेरवालीहरूले बैंक भौचर एवम् आई. एम. ई. मार्फत प्रतिवादीलाई दिएको रकमको हदसम्मको मात्र बिगो कायम गरी सो बिगो रकम नै जाहेरवालीहरूले प्रतिवादीहरूबाट भराइ लिनपाउने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ अभियोग मागदाबीको बिगोभन्दा कम बिगो भराइदिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी निज प्रतिवादीबाट जाहेरवालाहरूलाई अभियोग दाबीबमोजिमको पूरै बिगो भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: यी प्रत्यर्थी प्रतिवादी पार्वती जिम्बाले आरोपित कसुर गरेको ठहराई निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद तथा १ लाख ५० हजार रूपैयाँ जरिवाना हुने र जाहेरवालाहरूमध्ये समिना खत्री, देवी कार्की र तारा खड्काले बिगो जनही रू.३,००,०००।-, कृष्टिना साईले रू.१,५०,०००।- प्रिति साईले रू.१,२०,०००।- र रजनी सुनारले रू.१,८५,०००।- एवम् सो बिगोको ५० प्रतिशत हर्जानासमेत प्रतिवादीबाट भरिपाउने र बाँकी बिगोको हकमा अभियोग दाबी पुग्न नसक्ने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-१५३७, ०७५-CR-१७०२, कर्तव्य ज्यान, रमेश थापामगरसमेत वि. नेपाल सरकार, करिमदिन मियाँसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले मृतक दिनेश अछामीलाई मिति २०७४।१।१५ का दिन ढुङ्गा, लाठी तथा हात मुक्काले प्रहार गरेको देखिन्छ भने मिति ०७४।१।१६ मा निजको शव कच्ची सडकदेखि २०० मिटर तल भिरालो जमिनमा several abrasion mark सहित निजको शव बरामद भएको देखिन्छ । यसरी मृतक दिनेश अछामीको शव कुटपिट भएको भोलिपल्ट abrasion mark सहित भेटिनु र प्रतिवादीहरूले अनुसन्धानमा पुरानो रिसइवीका कारण पिट्ने योजना बनाइ मृतक दिनेश अछामी र सितारामलाई कुटपिट गरेको हो भनी बयान कागज गर्नुले समेत निज दिनेश अछामीको मृत्यु यी प्रतिवादीहरूबाट नै भएको देखिने।

यसरी प्रतिवादीहरू करिमदिन मियाँ, अशोक थापामगर, संजिव अधिकारी, रमेश थापामगर, भरत भन्ने संगम थापामगर, राजेश बानियाँ, विरे भन्ने प्रविण परियारसमेतले कुटपिट गरी दिनेश अछामीको कर्तव्य गरी हत्या गरेको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. मा "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा यी ७ जना प्रतिवादीहरूमध्ये को कसको केमा संलग्नता रहेको भन्ने नदेखिएको तथा यसैको चोट कारणबाट मृतक दिनेश अछामीको मृत्यु भएको नदेखिँदा सबै जनाको उक्त कसुरमा समान संलग्नता थियो भन्ने यकिन गर्नुपर्ने।

जहाँसम्म hearsay को आधारमा दिएको किटानी जाहेरीलाई प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, जाहेरी आफैँमा प्रमाण होइन तर यदि जाहेरीलाई अरू स-प्रमाणले पुष्टि गरिरहेको अवस्थामा भने जाहेरीलाई प्रमाणमा लिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवाला संगित अछामी वारदात स्थलमा नभए तापनि निजले दिएको जाहेरीको आधारमा भएको अनुसन्धान, प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान, घटनाको प्रत्यक्षदर्शी सितारामको बकपत्र तथा मृतक दिनेश अछामीको post mortem ले जाहेरीमा उल्लेख भएको बेहोरा समर्थन गरिरहेको परिप्रेक्ष्यमा hearsay मा आधारित जाहेरीलाई प्रमाणमा लिन नमिल्ने भन्न नमिल्ने।

प्रतिवादीहरूबिच पूर्वरिसइवी रहेकोले प्रतिवादीहरूले कुट्नेसम्मको पूर्वतयारीका साथ बाटो छेकी ढुङ्गा लाठीले हानेको र प्रतिवादीहरूको अनुसन्धानमा भएको बयानसमेतबाट निजहरूको चोट कारणबाट दिनेश अछामीको मृत्यु भएको देखिँदा गोरखा जिल्ला अदालतबाट भवितव्यको कसुर ठहर गरी मिति २०७५।१।२५ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम जनही जन्मकैद गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७५।०६।१४ मा भएको फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ । निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी उच्च अदालत पोखराबाट राय व्यक्त गरेकोतर्फ विचार

गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हो होइन भन्नेतर्फ विश्लेषण गर्नुपर्ने देखियो । मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्था हेर्दा, "सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नुहुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने रहेको देखिने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा तथ्यावलोकन गर्दा यी प्रतिवादीहरूले मृतकलाई मार्नुपर्ने मनसाय देखिन नआएको, कुटपिटसम्म गर्न भनी लाठी ढुङ्गाले प्रहार गरेको देखिएको र प्रतिवादीहरूको उमेरसमेतको अवस्था विचार गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई जन्मकैद गर्दा चर्को पर्ने हुँदा १०(दश) वर्ष कैद सजाय गर्ने गरी साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम उच्च अदालत पोखराबाट व्यक्त गरेको रायसमेत मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल असार २६ गते रोज ६ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०२१३, ठगी, नेपाल सरकार वि. पिमा अर्यालसमेत*

जाहेरवालीले मिति २०६८।११।११ मा आफ्नो खातामा पैसा जम्मा भएको भौचरको प्रतिलिपि प्रतिवादी पिमा अर्यालले दिएपछि त्यसको एक हप्तापछि रकम झिक्न जाँदा खातामा रूपैयाँ जम्मा नभएको भन्ने कुरा थाहा पाएको भनी उल्लेख गरेको देखिन्छ । निज जाहेरवालीले उक्त कुरा थाहा जानकारी पाइसकेपछि पनि तत्काल कुनै निकायमा सो विषयमा उजुरी निवेदन गरेको देखिँदैन । उक्त कुरा थाहा जानकारी भएको १ वर्षपछि मिति २०६९।१२।८ मा मात्र जाहेरवालीले यी प्रतिवादीहरूउपर ठगीमा जाहेरी दिएको देखियो । यसरी जाहेरवालीले प्रतिवादीहरूउपर ढिलो जाहेरी दिनुपर्ने मनासिब आधार र कारणसमेत जाहेरी दरखास्तमा खुलाउन सकेको देखिँदैन । यी प्रतिवादीहरू र जाहेरवालीबिच मिति २०६८।११।५ गते मालपोत कार्यालय, बाँकेमा विधिवत् रजिस्ट्रेसन पारित भई जग्गा लिनुदिनु भएको देखिन्छ । रजिस्ट्रेसन भएको लिखतका सम्बन्धमा अड्डाबाट लिखतमा सहीछाप गराउँदा लिनेदिने दुवै पक्षलाई लिखतको बेहोरा स्पष्ट सुनाइ त्यसको मतलबसमेत सम्झाई सहीछाप गराइने र साधिकार कार्यालयबाट झुक्यान, गफलतमा पारी जग्गा पारित हुने अवस्था हुँदैन । यदि जाहेरवालीले रजिस्ट्रेसन पारित हुँदा आफूले बिक्री गरेको जग्गाको मोल बिगो नबुझे नपाएको भए सो कुरा सम्बन्धित कार्यालयमा भन्नुपर्नेमा केही नभनी उक्त कार्यालयमा रकम लिनुदिनु भएको स्वीकार गरिसकेको अवस्थामा रजिस्ट्रेसन पारित भएको १ वर्षपछि आएर प्रतिवादीहरूले मलाई ठगी गरी झुक्याई जग्गा रजिस्ट्रेसन पारित गरिलिए भनी जाहेरवालीले दिएको जाहेरी दरखास्त र निजको बकपत्र बेहोरालाई विश्वसनीय मान्न सकिने देखिएन । मौकामा बुझिएका व्यक्तिहरूले प्रतिवादीहरूले जाहेरवालीलाई ठगी गरेको भनी मौकामा कागज र अदालतमा बकपत्र गरे तापनि अधिकारप्राप्त निकायबाट कानूनको रीत पुऱ्याई रजिस्ट्रेसन पारित भएको अवस्था हुँदा निजहरूको भनाइ मिसिल प्रमाणबाट समर्थित भएको नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबी शंकारहित तवरले वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको मिसिल संलग्न प्रमाणबाट देखिन आएन । तसर्थ सुरूको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। उक्त फैसला बदर गरी निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: सुरू बाँके जिल्ला अदालतको मिति २०७१।१२।२२ को फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरू पिमा अर्याल र डिलसरा बुढाक्षेत्रीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहराएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७३।११।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा(सुस्मिता)

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०४४८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. बुद्धकुमार लामा तामाङ*

बुद्धकुमार लामामार्फत वैदेशिक रोजगारमा दुबई पठाइदिन्छु भनी प्रतिवादी जसकुमार लिम्बूले मबाट चार लाख एकतिस हजार रूपैयाँ बुझिलिई भनेबमोजिमको रोजगारमा नपठाएको र लिए खाएको रकम पनि फिर्ता नगरेको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम कारबाही गरी बिगो र हर्जाना रकमसमेत भराइपाउँ भन्ने जाहेरवाला शुक्रबहादुर राईको जाहेरी परेको देखिन्छ। यी प्रत्यर्थी प्रतिवादी बुद्धकुमार लामा तामाङउपर जाहेरवालाको किटानी जाहेरी परेको देखिँदैन। प्रत्यर्थी प्रतिवादी बुद्धकुमार लामा तामाङले मौकामा अनुसन्धान अधिकृत र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बयान गर्दासमेत मैले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम लिएको छैन, जसकुमार लिम्बूले मलाई कुनै रकम बुझाएका छैनन्। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत अनुमति लिएको छैन भनी आरोपित कसुरमा पूर्णइन्कार रही बयान गरेको देखिन्छ । अभियोजनपक्षले केवल सहप्रतिवादी जसकुमार लिम्बूले जाहेरवालाले आफ्नो नाममा आइ.एम.इ. मार्फत पठाएको रकम बुद्धकुमार लामा तामाङलाई दिएको हो भनी मौकामा गरेको बयान पोलका आधारमा मात्र यी बुद्धकुमार लामा तामाङसमेतलाई प्रतिवादी कायम गरेको अवस्था देखिने।

जाहेरवालाले प्रतिवादी जसकुमार लिम्बूलाई रकम पठाएको भन्ने कुरामा विवाद छैन। तर प्रतिवादी जसकुमार लिम्बूले बुद्धकुमार लामा तामाङलाई जाहेरवालाले पठाएको रकम दिएको हुँ भनी मौकाको बयानमा पोल भए तापनि सो रकम निज जसकुमार लिम्बूबाट यी प्रतिवादी बुद्धकुमार लामा तामाङले प्राप्त गरेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । मौकामा कागज गरिदिने साक्षी दिवानी योङहाङले समेत प्रतिवादी बुद्धकुमार लामा तामाङउपर जाहेरवालाको रकम लिएखाएको भनी लेखाउन सकेको छैन । फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेत रहेको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियुक्तउपरको अभियोग प्रमाणित गर्ने प्रमाणको भार वादीमा रहने भन्ने कानूनी व्यवस्थाको रोहबाट हेर्दासमेत यी प्रत्यर्थी प्रतिवादी बुद्धकुमार लामा

तामाङउपरको अभियोग समर्थित हुने वस्तुनिष्ठ सबुत प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिएन । तसर्थ प्रमाणको अभावमा वैदेशिक रोजगार जस्तो फौजदारी कसुरमा शंका र अनुमानको भरमा मात्र प्रत्यर्थी प्रतिवादी बुद्धकुमार लामा तामाङलाई समेत कसुरदार ठहराउनु न्यायसङ्गत हुने हुँदैन । त्यसैले निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । तसर्थ उक्त फैसला बदर गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: यी प्रत्यर्थी प्रतिवादी बुद्धकुमार लामा तामाङले अभियोग मागदाबीबाट सफाइ पाउने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

- *यसै लगाउको ०७५-CR-०४४९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. बुद्धकुमार लामा तामाङ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।*

## इजलास नं.२

### ७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-WO-०५३६, उत्प्रेषण, कुमार कोइराला वि. प्रशासन विभाग सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौं*

नागरिकको जिउ ज्यानको सुरक्षा तथा समाजको शान्ति, सुरक्षामा खटिनुपर्ने सशस्त्र प्रहरी सेवा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको पालना नगरी ड्युटीमा खटिएको अवस्थामा मादक पदार्थ सेवन गरी उपल्लो दर्जाको कमान्डरलाई गालीगलौज गर्ने कार्यबाट सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २४(१)(क) र सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ८७ को अनुशासन र आज्ञापालन गर्ने दायित्व पूरा गर्न नसकेको कुरामा दुई मत छैन । साथै यस प्रकारको कार्यको लागि निजलाई यसअघि पनि पटकपटक नसिहत दिने र ३(तीन) वर्ष बढुवा रोक्का गर्दासमेत आचरणमा कुनै पनि किसिमको सुधार नल्याई पटक पटक आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरी तोकिएको पदीय जिम्मेवारी पूरा नगरेको हुँदा निवेदकले सशस्त्र प्रहरी नियमावली, २०७२ को परिच्छेद १३ को नियम ११२ को उपनियम (२) को खण्ड (क) र (ङ) को कसुर गरेको देखिन्छ । उक्त नियमावलीको नियम ११५ को उपनियम (२) को देहाय (३) खण्ड (ख) ले सशस्त्र प्रहरी सहायक हवल्दारलाई एक तह घटुवा गर्ने आदेश दिने अधिकार सम्बन्धित प्रहरी उपरीक्षक वा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रदान गरेको देखिन्छ । सोबमोजिम नै निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०७२ को परिच्छेद १३ को नियम ११२ को उपनियम (२) को खण्ड (क) र (ङ) बमोजिमको कसुरमा सोही नियमावलीको नियम ११० को (क) को देहाय (८) बमोजिम निवेदकलाई सशस्त्र प्रहरी सहायक हवल्दार पदबाट तल्लो (एक तह मुनि) सशस्त्र प्रहरी जवानमा घटुवा गर्ने गरी मिति २०७२।१२।२६ मा प्रहरी उपरीक्षकबाट भएको निर्णय कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी भएको हुँदा सो निर्णय र सो निर्णयलाई सदर गरेको पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय पकली, सुनसरीबाट मिति २०७३।०८।१० को निर्णय कानूनसम्मत नै देखिने ।

रिट निवेदक मिति २०७२।१२।०९ गते एक दिन क्या.वि. बिदामा बसी भोलिपल्ट मिति

२०७२।१२।१० मा कार्यालयमा हाजिर भएको तथ्यमा विवाद देखिँदैन । निवेदकलाई मिति २०७२।१२।१० मा कार्यालयमा हाजिर भएको दिन मदिरा सेवन गरेको भनी झुट्टा आरोप लगाई झुट्टा प्रमाणको रूपमा वैज्ञानिक जाँच नगरी पूर्वाग्रही रूपमा झुट्टा मेडिकल रिपोर्ट बनाएको भन्ने सन्दर्भमा विचार गर्दा, जिल्ला अस्पताल, सुनसरीले स्वास्थ्य परीक्षण प्रतिवेदनमा मादक पदार्थ सेवन गरेको छ भनी प्रमाणित गरिदिएको देखिँदा वैज्ञानिक जाँच नगरी पूर्वाग्रही रूपमा झुट्टा मेडिकल रिपोर्ट बनाएको भन्न मिल्ने देखिँदैन । निजले कार्यालय समयमा मदिरा सेवन गरेको देखिन्छ । निवेदकलाई स्पष्टीकरण सोधेको मिसिल संलग्न जिल्ला प्रहरी कार्यालयको मिति २०७२।१२।११ को पत्र हेर्दा निवेदकलाई कुन कानूनअन्तर्गत के कस्तो आरोप लगाइएको हो स्पष्ट रूपले किटान गरी हुनसक्ने विभागीय कारबाही सजायसमेत खुलाई सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११५ को उपनियम (१) को खण्ड देहाय (२) को खण्ड (ख)ले तोकेको अधिकारी सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षकबाट नै दोस्रोपटक मिति २०७२।१२।१४ र तेस्रोपटक मिति २०७२।१२।१५ मा स्पष्टीकरण माग गरेको देखियो । मिति २०७२।१२।२६ को निर्णय चित्त नबुझेउपर यी प्रतिवादीले पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनी पकली, सुनसरीमा पुनरावेदनसमेत गरेको हुँदा निवेदकलाई आफ्नो सफाइ पेस गर्ने मौका दिएको देखिँदा निवेदकले जिकिर गरे जस्तो प्राकृतिक न्यायको सिद्धान्त विपरीत सफाइ पेस गर्ने मौका प्रदान गर्दा आधार, कारण र सजायको सम्बन्धमा उल्लेख नगरे सफाइको अवसरबाट बञ्चित गरेको भन्न मिल्ने अवस्था नदेखिने।

अतः रिट निवेदक ड्युटी पालोमा रहेको अवस्थामा मादक पदार्थ सेवन गरी उपल्लो दर्जाको कमाण्डरलाई गालीगलौज गरी सशस्त्र प्रहरी आचरण अनुशासन तथा मर्यादाको उल्लङ्घन गरेको भनी सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम अधिकारप्राप्त अधिकारीले आवश्यक कानूनी प्रक्रिया अवलम्बन गरी रिट निवेदकलाई सशस्त्र प्रहरी सहायक हवल्दार पदबाट तल्लो (एक तहमुनि) सशस्त्र प्रहरी जवानमा घटुवा गर्ने गरी भएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय, सुनसरी, इनरूवाको मिति २०७२।१२।२६ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय पकली, सुनसरीबाट भएको मिति २०७३।०८।१० को निर्णयमा समेत कुनै कानूनी त्रुटि नदेखिएको र कानूनबमोजिम भएको काम कारबाहीबाट यी रिट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको नदेखिँदा उक्त निर्णयहरू उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने देखिएन । तसर्थ रिट निवेदकको मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल पौष १३ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-००११, ठगी, माया हलुवाई वि. नेपाल सरकार*

प्रतिवादी माया हलवाइले सुनौलो भविष्यको नयाँ बचत खाता किस्ताबन्दी योजना सञ्चालन गरी बचत सङ्कलन गरेको भन्ने कुरा अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दासमेत स्वीकार गरेकी, जाहेरवालालाई ब्याजसमेत दिने गरी बचत सङ्कलन गरेको र यी प्रतिवादीले साँवासमेत फिर्ता नगरेको भन्ने जाहेरी बेहोराबाट स्पष्ट देखिन्छ । प्रतिवादीले राष्ट्र बैंक तथा सहकारी विभागबाट बचत सङ्कलन गर्न स्वीकृति लिएको भन्ने प्रतिवादीले प्रमाण साथ भन्न र लेखाउन सकेकी देखिँदैन । निज

प्रतिवादीले सुनौलो भविष्यको नयाँ बचत खाता किस्ताबन्दी योजना भनी किस्ताबन्दी रूपमा सामान बिक्री गर्ने उद्देश्यले भरतपुर उपमहानगरपालिकामा व्यवसायसम्म दर्ता गरेको आधारमा अनधिकृत रूपमा जाहेरवालाबाट बचत रकम सङ्कलन गरी जाहेरवालाहरूले मागेका बखत रकम फिर्ता नगरी रकम उठाइ लिए खाएको देखियो। तत्कालीन साबिक मुलुकी ऐन, ठगीको महलको १ नं. मा ...... आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टो कुरालाई सद्दे हो भनी झुक्याएमा ठगी गरेको ठहर्छ भन्ने र सोही महलको २ नं. मा ....... बेइमानीको नियतसँग अरू कसैलाई धोका, गफलत वा झुक्यानमा पारी अर्काको नोक्सान वा आफ्नो फाइदा हुने काम गरेमा ठगी गरेको ठहर्छ भन्ने व्यवस्थासमेत भए रहेको पाइन्छ । यी प्रतिवादीले जाहेरवालाहरूलाई झुक्यानमा पारी अर्कोको नोक्सान वा आफ्नो फाइदा हुने काम गर्नुका साथै कानूनबमोजिमको प्रक्रिया पूरा नगरी सर्वसाधारणबाट झुक्याई बचत सङ्कलन गरी सो सङ्कलन गरेको रकम फिर्ता नदिएको अवस्थामा अभियोग माग दाबीको मुलुकी ऐन, ठगीको महलको १,२ नं. बमोजिम यी प्रतिवादीले जाहेरवालाहरूलाई ठगी गरेको देखिने।

अत: सुरू चितवन जिल्ला अदालतबाट मिति २०७३।०३।२९ मा भएको फैसलामा प्रतिवादी माया हलुवाईको हकमा सम्म मिलेको नदेखिँदा केही उल्टी गरी निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ठगीको महलको १, २ नं. को कसुरमा ४ नं. बमोजिम बिगो रू.७,४०,९६३।- जाहेरवालाहरूलाई भराइ निज प्रतिवादीलाई ६(छ) महिना कैदसमेत हुने ठहर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।१२।०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई बिगोबमोजिम जरिवाना हुने ठहऱ्याएको सम्बन्धमा हाल प्रचलित कानूनी व्यवस्था हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) ले "खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुने व्यवस्था गरेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ ले "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको देखिँदा निज प्रतिवादीलाई बिगोबमोजिम जरिवाना हुने नभई रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल पौष २७ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-०७९१, अंश दर्ता, प्रियरञ्जनी सिंह वि. शम्भुनारायण सिंहसमेत*

पति पत्नीको सम्बन्ध कायम रहेसम्म पत्नी अंशियार रहिरहने कुरामा विवाद छैन। तर जब पत्नीले अर्कै व्यक्तिलाई पतिको रूपमा ग्रहण गरेको देखिन्छ भने अघिल्लो पतिसँग निजको नाता स्वतः समाप्त भई अंशको हकसमेत गुम्न पुग्दछ। यसरी प्रतिवादीहरूसँग अंश दाबी गर्ने पुनरावेदक वादी स्वयंले आफूले दायर गरेको अंश मुद्दा अन्तिम टुङ्गो नलाग्दै अर्कोसँग नाता कायम मुद्दा दायर गरी पति पत्नीको नाता कायम गरेको र सोसम्बन्धी प्रमाण कागजहरू मिसिल संलग्न हुन आएको स्थितिमा सोतर्फ विचार गर्नुपर्ने नै हुन्छ । फिरादपत्र दायर गर्दा प्रतिवादी राहुलकुमार वादीका पति देखिएकोमा यिनै वादी प्रियरञ्जनी सिंहले रामनारायण यादवउपर मिति २०६८।१।१२ मा नाता कायम मुद्दा दिएको र उक्त नाता कायम मुद्दामा वादी प्रतिवादीबिच पतिपत्नीको नाता सम्बन्ध कायम हुने गरी २०६८।१।१५ मा मिलापत्र भएको देखिएबाट पहिलो

पति राहुलकुमारसँग पति पत्नीको नाता स्वत: विच्छेद भएकोले वादीको अंशमा दाबी पुग्ने अवस्था देखिँदैन। प्रत्यर्थी प्रतिवादी राहुलकुमार सिंहसँग पत्नीको नाता टुटाइसकेकी पुनरावेदक वादी प्रियरञ्जनी सिंहले अंश पाउन सक्ने नदेखिँदा यसमा लोग्ने स्वास्नीको महलको ४(क) नं. को व्यवस्था आकर्षित हुन नसक्ने।

अत: वादी दाबीबमोजिम प्रतिवादीहरूबाट वादीले अंश भाग छुट्ट्याई लिन पाउने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६९।०६।१५ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।०३।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी प्रियरञ्जनी सिंहको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मन्जु शर्मा

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल पौष २३ गते रोज ६ शुभम्।

## १०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०२५१, भ्रष्टाचार (घुस / रिसवत), शिवनारायण यादव वि. नेपाल सरकार*

प्रतिवादी शिवनारायण यादवलाई घुसबापत रकम दिनकै लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उजुरकर्तालाई दिई पठाएको सरकारी कोषको रकम प्रतिवादीलाई कार्यालय समयपश्चात् अस्पतालमा बोलाई निजको झोलामा जबरजस्ती राखिदिएको र आयोगको टोलीले तत्काल सो रकम बरामद गरेको पाइयो। यसरी रकम बरामद भएको कुरालाई नै मुख्य भरपर्दो र निर्णायक प्रमाण मानेर सुरू विशेष अदालतले प्रतिवादीउपर आरोप दाबी ठहर गरेको देखिन्छ। सो बरामदीबाहेक यी प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने अन्य कुनै पनि भरपर्दो र विश्वसनीय प्रमाण अभियोजन पक्षबाट पेस हुन सकेको नदेखिने।

प्रतिवादी शिवनारायण यादवबाट बरामद भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै उपलब्ध गराएको रकम हो भन्ने देखिएको छ। कार्यालयको काम सकी घर फर्कने क्रममा उजुरीकर्ता बालकृष्ण खातीले अस्पतालमा बिरामीको बाहाना गरी बोलाई नजिकैको खाजापसलमा गई चिया खाने क्रममा निज उजुरीकर्ताले थाहा नपाई उक्त रकम मेरो झोलामा हालिदिएपश्चात् आयोगको टोलीले उक्त रकम बरामद गरी आफूलाई समेत पक्राउ गरेको भनी प्रतिवादीले जिकिर लिएको देखिन्छ। माथि विवेचना भएअनुसार उक्त रकम बाहेक प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने तथ्यगत अन्य आधार, प्रमाण अभियोजन पक्षले पेस गरेको नदेखिएको अवस्थामा माथि उल्लिखित ०७४-WC-००२० को रिट निवेदनमा प्रतिपादित सिद्धान्तको पृष्ठभूमिमा यी प्रतिवादी शिवनारायण यादवबाट बरामद गरिएको रू.५०,०००।- (पचास हजार रूपैयाँ) र सोसम्बन्धी मुचुल्कालाई प्रमाणमा ग्रहण गरी सोको मात्र आधारमा यी प्रतिवादीलाई कसुरदार मान्न मिल्ने देखिन आएन। वस्तुत: उपर्युक्त रीतले कर्मचारीबाट रकम बरामद गरिएको देखाइएको आधारमा उसले भ्रष्टाचार गरेको मान्न नमिल्ने उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तबाट देखिन आएकाले अभियोगदाबीअनुसार यी प्रतिवादीले कसुर गरेको ठहऱ्याई निजलाई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेको देखिन नआउने।

अतः प्रतिवादी शिवनारायण यादवबाट बरामद गरिएको रकमलाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेक अन्य कुनै भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले प्रतिवादीउपरको अभियोगदाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा यी पुनरावेदक प्रतिवादी शिवनारायण यादवलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको मिति २०७३।०८।१५ को फैसला मिलेको नदेखिएकाले उल्टी भई निज

पुनरावेदक प्रतिवादीले अभियोगदाबीबाट सफाइ पाउने ठहर्छ। पुनरावेदक प्रतिवादीलाई अभियोगदाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको अभियोगदाबी पुग्न नसक्ने।

इजलास अधिकृत: शारदा फुयल (उपसचिव)

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल असोज १२ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००३१, बन्दीप्रत्यक्षीकरण, इराधा न्यौपानेको नाउँमा भरबहादुर गुन्मी*

प्रत्यर्थी महिला आसरा केन्द्र, तिलगङ्गाका तर्फबाट उपस्थित इराधा न्यौपानेको उपचारमा संलग्न मनोसामाजिक परामर्शदाता (Psychosocial counselor) श्री कुसुमा रायमाझी देउजा र उक्त सुधार केन्द्रको वार्डेन (क्याम्प कमाण्डर) श्री भगवती अर्यालले लागु औषधको दुर्व्यसनीका कारण इराधा न्यौपाने शारीरिक तथा मानसिक रूपमा अत्यन्त कमजोर भएको अवस्थामा निजका पिता राजन न्यौपानेले निज इराधाको मन्जुरी र सहमतिमा नै मिति २०७७।०३।१६ गते आसरा सुधार केन्द्रमा उपचार गर्न भर्ना गराएको र सो मितिदेखि हालसम्म यस केन्द्रमा रही आवासीय उपचार पद्धतिद्वारा दुर्व्यसनीको उपचार गराइरहेको र निजमा शारीरिक तथा मानसिक तवरले सकारात्मक सुधारहरू देखिएको, उपचारको अवधिमा निजले आफ्नो आमा बुबालाई भेटिरहेको भनी इजलाससमक्ष जानकारी गराउँदै इराधाले इच्छा गरेको खण्डमा निजको पति निवेदक भरतबहादुर गुन्मीसमेत जो कसैलाई पनि भेटघाट गर्न आसरा केन्द्रबाट कुनै बाधा अवरोध नगरिएको र अब पनि नहुने भनी मौखिक प्रतिबद्धतासमेत जाहेर गरेको देखिने।

इराधा न्यौपाने केही वर्षअगाडिदेखि लागु औषध दुर्व्यसनीमा भएको कारण निजको शारीरिक तथा मानसिक स्वास्थ्य अवस्था अत्यन्त कमजोर भइसकेको, उपचारका लागि निजको राजीखुसी सहमतिमा नै प्रत्यर्थी आसरा महिला सुधार केन्द्रमा रहेकी र निजलाई त्यहाँ शारीरिक उपचार तथा मानसिक काउन्सिलिङसमेत गर्ने गरिएको, निजको उपचारको अवधि अझै बाँकी नै रहेको देखिएको हुँदा निजलाई उपचारको बहानामा प्रत्यर्थी आसरा केन्द्रमा अपहरण गरेर लगी गैरकानूनी रूपमा बन्दी बनाएको भन्ने अवस्था देखिन नआउने।

निवेदकलाई प्रत्यर्थी इराधा न्यौपानेसँग भेटघाट गर्न नदिएको भन्ने निवेदन जिकिर छ, सोसम्बन्धमा हेर्दा प्रत्यर्थी महिला आसरा सुधार केन्द्रको नियमअनुसार उपचारको एक महिनासम्म इराधाका आफन्त कसैलाई पनि भेटघाट गर्न नदिएको भए पनि सो अवधिपछि इराधाका बुबाआमालगायत आफन्तलाई समय समयमा भेटघाट गर्नलाई कुनै अवरोध नगरेको भन्ने प्रत्यर्थीको लिखित जवाफबाट देखिएको छ । यसबाट निवेदकलाई प्रत्यर्थी आसरा सुधार केन्द्रले इराधासँग भेटघाट गर्न नदिएको भन्ने नभई इराधा स्वयंले निवेदकसँग भेटघाट गर्न नचाहेको भन्ने देखिन्छ । निज इराधाले यस इजलाससमक्ष आफू पूर्णरूपमा शारीरिक तथा मानसिक तवरले सक्षम नभएसम्म कसैलाई भेटघाट गर्न मन नलागेर पति भरतबहादुर गुन्मीलाई नभेटेको हुँ भन्नेसमेत उल्लेख गरेको कागज बेहोराबाट समेत देखिने।

बिरामी इराधा न्यौपानेको सर्वोत्तम हित (Best interest of patient) को लागि पनि निज इराधा न्यौपानेले आफ्नो बाँकी उपचार महिला आसरा केन्द्रबाट नै गराउन चाहेको हुँदा निजको स्वास्थ्य अवस्थालाई प्राथमिकतामा राखी निजको इच्छाबमोजिम नै आसरा सुधार केन्द्रमा राखी उपचार गराउँदा निजको श्रीमान् निवेदक भरतबहादुर गुन्मीलाई निजले भेट्न इच्छा गरेमा प्रत्यर्थी सुधार केन्द्रले कुनै बाधा अवरोध नगरी नगराई भेटघाट गर्ने गराउने कुरामा सहज वातावरण बनाइदिनुपर्ने दायित्व प्रत्यर्थी सुधार

केन्द्रमा रहेको देखियो । यसरी इराधा न्यौपानेलाई गैरकानूनी रूपमा बन्दी बनाई आसरा सुधार केन्द्रमा राखेको नभई निज इराधा न्यौपानेका पिता राजन न्यौपानेले बिरामी छोरीको मानसिक उपचारका निम्ति निजको स्वीकृति र सहमतिमा नै चिकित्सकको राय सल्लाहबमोजिम प्रत्यर्थी महिला आसरा सुधार केन्द्रमा राखी उपचार गरेको हुँदा उक्त कार्यलाई गैरकानूनी रूपमा बन्दी बनाइराखेको भनी भन्न नमिल्ने ।

अतः प्रत्यर्थी राजन न्यौपानेसमेतले बिरामी छोरी इराधा न्यौपानेको मानसिक उपचारका निम्ति निजको स्वीकृति र सहमतिमा नै चिकित्सकको राय सल्लाहबमोजिम प्रत्यर्थी महिला आसरा सुधार केन्द्रमा राखी उपचार गरेको कार्यलाई कानूनको उचित प्रक्रिया पूरा नगरी निजको वैयक्तिक स्वतन्त्रतामा अङ्कुश पुग्ने गरी गैरकानूनी रूपमा बन्दी बनाएको भन्न मिल्ने नदेखिँदा र उपचाररत इराधा न्यौपानेले आफ्नो पति यी निवेदकसँग भेटघाट गर्न चाहेमा सो भेटघाट गर्ने सहज वातावरण मिलाइदिने भन्ने प्रतिवादीहरूको प्रतिबद्धतासमेत देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल भदौ २१ गते रोज २ शुभम् ।

## १२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०१३४, बन्दीप्रत्यक्षीकरण, तोरणबाबु श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक प्रतिवादी भएको बैंकिङ कसुर मुद्दामा प्रतिवादीका नाममा मिति २०७६।०९।२३ गते तामेल भएको म्याद मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(३) बमोजिम तामेल भएको हो भन्ने उक्त तामेली मुचुल्काको बेहोराबाट देखिन्छ । उक्त घरदैलोमा टाँस भएको मुचुल्कामा वडाका २ जना साक्षीहरू वर्ष २६ का नोर्वु र वर्ष २८ का सन्तोषकुमार योञ्जन र १ जना केशब खड्कालाई रोहबरमा राखेको भन्ने मिसिल संलग्न म्याद तामेलको प्रतिलिपिबाट देखिन्छ । कार्यविधि संहिताको दफा ६१(४) को व्यवस्था हेर्ने हो भने उल्लिखित व्यक्तिहरू ३ जनामध्ये १ जना अनिवार्य रूपमा सोही सुनापती गाउँपालिका वडा नं ५ का वडा सदस्य हुनुपर्ने भन्ने व्यवस्था रहेकोमा उक्त म्याद तामेली मुचुल्कामा रहेका कोही पनि सम्बन्धित तहको वडा सदस्य नरहेको भन्ने सुनापती गाउँपालिका ५ नं. वडा कार्यालय खनियापानी, रामेछापको मिति २०७८।१०।- १७ गतेको च.नं.६२९ को जननिर्वाचित प्रतिनिधिको नामावली सम्बन्धमा लेखिएको पत्रबाट देखिन्छ । यसरी कार्यविधि संहिताको दफा ६१(३) बमोजिम म्याद तामेल गर्दा अनिवार्य रूपमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य तामेली म्याद टाँसमा राख्नुपर्नेमा सोको पालना भएको देखिँदैन । उच्च अदालत पाटनबाट जारी भएको म्याद तामेलीको प्रति हेर्दासमेत हस्तलिखित रूपमा घरमा फेला नपरेको/बुझ्न इन्कार गरेको बेहोरा उल्लेख गरी म्याद तामेल भएको देखिन्छ । म्याद तामेल जस्तो प्रक्रियामा यकिन बेहोरा उल्लेख हुनुपर्नेमा द्विविधाजनक तवरबाट घरमा फेला नपरेको हो वा बुझ्न इन्कार गरेको हो सो स्पष्ट उल्लेख नगरी भएको म्याद तामेलीले कानूनी मान्यता पाउन सक्ने नदेखिने ।

प्रस्तुत रिट निवेदक प्रतिवादी भएको मुद्दामा निजको नाममा तामेल भएको मिति २०७६।०९।२३ गतेको म्याद बेरितपूर्वक तामेली भएको र उक्त बेरितपूर्वक तामेल भएको म्यादको आधारमा उच्च अदालत पाटनबाट मिति २०७७।०२।२७ गते भएको फैसला कानूनी त्रुटिपूर्ण देखिँदा उक्त म्याद तथा फैसला उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदकलाई त्यस अदालतमा उपस्थित गराई उक्त

मुद्दामा कानूनबमोजिम सुनुवाइको म्याद मौका प्रदान गरी मुद्दामा बयानलगायतका काम कारबाही किनारा गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

निवेदकका नाममा तामेल भएको म्याद तथा सोका आधारमा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने र निज निवेदकलाई त्यस अदालतमा उपस्थित गराई उक्त मुद्दामा कानूनबमोजिम सुनुवाइको म्याद मौका प्रदान गरी मुद्दामा बयानलगायतका काम कारबाही किनारा गर्नु भनी विपक्षीहरूका नाममा जारी भएको परमादेशको आदेशको परिणाम स्वरूप निवेदकले कानूनी उपचार प्राप्त गरेको र अन्य तथ्यगत एवम् कानूनी प्रश्नको निरूपण निज प्रतिवादीउपर लागेको बैंकिङ कसुर मुद्दामा गरिने सुनुवाइका क्रममा हुने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत: श्यामहरि अधिकारी (उपसचिव)
कम्प्युटर: समी नेपाली
इति संवत् २०७८ साल फाल्गुण ९ गते रोज २ शुभम् ।

## इजलास नं. ३

### १३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RB-०००८, बैंकिङ कसुर (चेक अनादर), नेपाल सरकार वि. मोहनसिंह ठकुरी*

प्रतिवादीले मलाई रू.३,००,०००।- को चेक दिनुभएको थियो । सोको भुक्तानी लिन जाँदा उक्त चेकको खातामा ब्यालेन्स थिएन । ३ पटकसम्म जाँदा पनि ब्यालेन्स नहुँदा प्रतिवादीलाई जानकारी गराएको हुँ । त्यसपछि मैले प्रहरीमा जाहेरी दिएको हुँ । मैले पैसा पाइसकेँ, किन उहाँलाई दु:ख दिइरहने । सजाय हुनुपर्ने होइनसमेत भनी जाहेरवाला हिक्मतबहादुर सिंहले अदालतमा बकपत्र गरेको देखिएको छ । प्रतिवादी मोहनसिंह ठकुराठीको साला नाता पर्ने नरेन्द्रबहादुर विष्टले दुई लाख रूपैयाँ जाहेरवाला हिक्मतबहादुर सिंहको सानिमा बैंकको खाता नं.०२९०००००५३९० मा जम्मा गरी एक लाख नगदै बुझाइदिएको बेहोरा उल्लेख गरी सोको भौचरसहित अनुसन्धानको क्रममा मिति २०७५।८।६ मा निवेदन दिई सोही मितिमा सोही बेहोराको अनुसन्धानकै क्रममा कागज गरेको तथा अदालतसमेतमा सोही बेहोराको बकपत्र गरेको देखिएको छ । मैले जाहेरवालालाई तिर्नुपर्ने रू.३,००,०००।- (तीन लाख) हाल बुझाइसकेको छु । उक्त रू.३,००,०००।- मध्ये रू.२,००,०००।- जाहेरवालाको खातामा जम्मा गरेको र रू.१,००,०००।- नरेन्द्रबहादुर विष्टमार्फत नगदै दिएको हुँ भनी अनुसन्धानको क्रममा र अदालतसमेतमा प्रतिवादी मोहनसिंह ठकुरीले बयान गरेको देखिएको छ । प्रतिवादीबाट जाहेरवालाले पाउनुपर्ने उक्त तीन लाख रूपैयाँमध्ये प्रतिवादीको साला नरेन्द्रबहादुर विष्टले जाहेरवालाको सानिमा विकास बैंकमा दुई लाख जम्मा गरेको भौचर र एक लाख रूपैयाँ नगदै दिएको भनी मिसिल संलग्न रहेको कागजबाट देखिँदा सोतर्फ कुनै दाबी रहेको छैन भन्नेसमेत बेहोराको अभियोगपत्र रहेकोसमेत देखिएबाट यी जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने सम्पूर्ण रकम पाइसकेको देखिएको ।

मुद्दाको तथ्यभित्र प्रवेश नै नगरी गरेको उक्त खारेजी फैसला त्रुटिपूर्ण भई बदरभागी रहेकोले सो फैसला बदर गरी प्रत्यर्थी प्रतिवादी मोहनसिंह ठकुराठीलाई अभियोग माग दाबीबमोजिमको प्रतिवादीबाट रू.३,००,०००।- (तीन लाख) रकम जाहेरवालीलाई दिलाइ भराइ सोही बिगोबमोजिम जरिवाना र कैद सजाय गरिपाउँ भन्ने प्रस्तुत पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा माथि उल्लेख गरिएबमोजिम जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने सम्पूर्ण रकम पाइसकेको देखिएको र सुरू अभियोग माग दाबीमा प्रतिवादीबाट जाहेरवालाले पाउनुपर्ने

रकम पाइसकेको देखिँदा सोतर्फ कुनै दाबी रहेको छैन भन्ने अभियोगपत्र रहेको देखिएबाट सुरू अभियोग दाबीविपरीत प्रतिवादीबाट रू.३,००,०००।- (तीन लाख) जाहेरवालीलाई दिलाइ भराइ सोही बिगोबमोजिम जरिवाना र कैद सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर कानूनबमोजिम रहेको भन्ने देखिन नआउने।

यसप्रकार प्रतिवादी मोहनसिंह ठकुराठीबाट जाहेरवाला हिक्मतबहादुर सिंहले पाउनुपर्ने रकम पाइसकेको देखिएको तथा प्रतिवादीबाट जाहेरवालालाई दिलाइ भराइदिनुपर्ने बिगोतर्फ अभियोग दाबी रहेको नदेखिएबाट अभियोग दाबीबमोजिम निज प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर गरेकाले ऐजन ऐनको दफा १५(१) बमोजिम बिगो दिलाइ भराइ बिगोबमोजिम जरिवाना गरी सजाय गरिपाउन लिएको पुनरावेदन जिकिरबमोजिम प्रतिवादीबाट जाहेरवालालाई बिगो दिलाइ भराइ बिगोबमोजिम जरिवाना गरी सजायसमेत गर्नुपर्ने अवस्था रहेको नदेखिएको हुँदा अभियोग दाबी खारेज गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला अन्यथा रहेको भन्ने नदेखिएको हुँदा उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेकोले विपक्षी झिकाइपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत भएको बहस तथा पुनरावेदन जिकिरसमेतसँग सहमत हुन नसकिने।

तसर्थः जाहेरवाला हिक्मतबहादुर सिंहले पाउनुपर्ने जाहेरी दरखास्तमा उल्लेख गरेबमोजिमको रकम आफूले जाहेरवालालाई बुझाइसकेको भनी प्रतिवादी मोहनसिंह ठकुराठीले अनुसन्धानको क्रममा र अदालतसमेतमा बयान गरेको देखिएको, घटना विवरण कागज गरिदिने नरेन्द्रबहादुर विष्टले प्रतिवादीले जाहेरवालालाई दिनुपर्ने दुई लाख रकम सानिमा बैंकको खातामा हाली एक लाख रकम नगदै दिएको भनी अदालतसमेतमा बकपत्र गरेको देखिएको, जाहेरवालाले मैले पैसा पाइसकेँ भनी अनुसन्धानमा कागज गरी अदालतमा समेत बकपत्र गरेको देखिएको तथा प्रतिवादीले जाहेरवालालाई दिनुपर्ने रकम दिइसकेकोले बिगोतर्फ दाबी रहेको छैन भन्ने अभियोग दाबी रहेको देखिएकोले जाहेरवालालाई प्रतिवादीबाट बिगो दिलाइ भराइरहनुपर्ने अवस्थाको अभाव रहेको प्रस्तुत मुद्दामा अभियोग दाबी खारेज गर्ने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।१०।- २३ मा भएको फैसला सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: रवि दुवाल
इति संवत् २०७६ चैत्र ३ गते रोज २ शुभम्।

## १४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RB-०१००, बैंकिङ कसुर, नेपाल सरकार वि. अजित राउत (कुमार) कुर्मी*

प्रतिवादी अजित राउत(कुमार) कुर्मीलाई आफ्नो खातामा रकम नभएको जानी जानी जाहेरवालीलाई चेक काटी दिएको र उक्त चेक बाउन्स भएकोले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐजन ऐनको दफा १५(१) बमोजिम तजबिजी कैद ०-१-०(एक महिना) गरेको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको उक्त मिति २०७६।३।६ को फैसलाउपर पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको नदेखिएकोले सोतर्फ विवेचना गरिरहन परेन। प्रतिवादीलाई कैदको सजाय गरी जरिवाना नगरेको हदसम्म फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा प्रतिवादीसँग कुनै रकम लिन बाँकी नरहेको हुँदा दाबीको क्षतिपूर्तिबापतको बिगो रकम लिन बाँकी नरहेको भनी जाहेरवालीले अदालतमा आई निवेदन दिई सनाखतसमेत गरिदिएको देखिएबाट बैंकिङ कसुर

तथा सजाय ऐन, २०६४ बमोजिम यी जाहेरवालीले प्रतिवादी अजित राउत (कुमार) कुर्मीबाट बिगोबमोजिम क्षतिपूर्ति भराइपाउन बाँकी रहेको भन्ने देखिएन। यसका साथै एउटै चेकको र एउटै कारोबारको सम्बन्धमा परेको एउटै जाहेरी दरखास्तबाट प्रस्तुत बैंकिङ कसुरको मुद्दा र पर्सा जिल्ला अदालतमा ०७५-CI-०१४४ नं. को ठगी मुद्दासमेत चलेको देखिएको अवस्थामा प्रतिवादी अजित राउत (कुमार) कुर्मीले आफ्नो खातामा रकम नभएको जानी जानी रू.२०,००,०००।- को चेक काटी जाहेरवालीलाई दिएकोले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐजन ऐनको दफा १५(१) बमोजिम तजबिजी १(एक) महिना कैद हुने ठहऱ्याई सजाय निर्धारण गरेको र अभियोग दाबीबमोजिम जाहेरवालीलाई बिगोबापत क्षतिपूर्ति भराउन बिगो बाँकी नरहेकोले बिगोबमोजिम जरिवाना गरी बिगो भराइपाउँ भनी लिएको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०३।०६ मा भएको फैसला अन्यथा रहेको भन्ने नदेखिने।

जाहेरवालीले प्रतिवादी अजित राउत (कुमार) कुर्मीबाट बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम क्षतिपूर्तिबापत बिगो रकम भराइपाउन बाँकी रहेको भन्ने नदेखिएको र यी प्रतिवादीउपर यसै वारदातको कसुरमा पर्सा जिल्ला अदालतमा ठगी मुद्दाको कारबाही चलेकोसमेत देखिएको अवस्थामा बिगो लिन बाँकी नै नरहेकोमा बिगो कायम गरी बिगोबमोजिम जरिवाना गरिपाउँ भन्ने पुनरावेदन जिकिर न्यायसङ्गत रहेको भन्ने नदेखिने।

प्रतिवादी अजित राउत(कुमार) कुर्मीले घरसारमै चेकबमोजिमको रू.२०,००,०००।- (बिस लाख) रकम बुझाएको भनी जाहेरवाली कौशिला बुढाथोकीले निवेदन दिई सनाखतसमेत गरेको देखिएको हुँदा अभियोग दाबीबमोजिम जाहेरवालीलाई बिगो भराइदिनुपर्ने अवस्थाको अभावमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐजन ऐनको दफा १५(१) बमोजिम प्रतिवादी अजित राउत(कुमार) कुर्मीलाई तजबिजी १(एक) महिना कैद हुने र अभियोग दाबीबमोजिम जाहेरवालीलाई बिगोबापत क्षतिपूर्ति भराउन बिगो बाँकी नरहेकोले बिगोबमोजिम जरिवाना गरी बिगो भराइपाउँ भनी लिएको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०३।०६ मा भएको फैसला सदर हुने। पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ चैत्र ३ गते रोज २ शुभम्।

१५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-RB-०६६३, बैंकिङ कसुर, नेपाल सरकार वि. सुरेन्द्र बहादुर ऐर*

जाहेरवाली बविता चन्दले तमसुक बनाएकी थिएँ मेरो खातामा पैसा जम्मा भएपछि तमसुक च्यातिदिएकी हुँ भनी अदालतमा गरेको बकपत्रको स.८ को जवाफमा लेखाइदिएको देखिन्छ भने प्रतिवादी सुरेन्द्रबहादुर ऐरका साक्षी नरेन्द्र सिं ऐरीसमेतले अदालतमा बकपत्र गर्दा प्रतिवादीले जाहेरवालीबाट रू.२,००,०००।- लिएको र ब्याजसहित हिसाब गरी रू.३,२५,०००।- को कागज गरी कागजसँगै मिति नखुलाएको चेक जाहेरवालीलाई दिएको भनी लेखाइदिएको देखिन्छ। यस आधारमा हेर्दा जाहेरवाली र प्रतिवादीबिचको कारोबार आपसी लेनदेनको व्यवहार रहेभएको देखिएको र प्रतिवादीबाट जाहेरवालीले चेकमा उल्लिखित रकम प्राप्त गरिसकेको देखिएको हुँदा बिगो भराउनुपर्नेसमेत नदेखिएकोले अभियोजन पक्षको अभियोग दाबी पुग्नसक्ने अवस्था नरहेको हुँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट

प्रस्तुत मुद्दाको अभियोग दाबी खारेज हुने ठहऱ्याई भएको फैसला अन्यथा रहेको भन्ने देखिएन । सुरू अभियोगपत्रमा प्रतिवादीबाट जाहेरवालीलाई बिगो दिलाइ भराइपाउन अभियोग दाबी नलिएकोमा उच्च अदालतबाट भएको फैसला बदर गरी जाहेरवालीलाई प्रतिवादीबाट सुरू अभियोगपत्र विपरीत बिगो दिलाइपाउन दर्ता भएको प्रस्तुत पुनरावेदनपत्रमा विपक्षी झिकाइपाउँ भनी पुनरावेदक नेपाल सरकारको तर्फबाट प्रस्तुत भएको बहस जिकिरसमेतसँग सहमत हुन नसक्ने ।

बिगोको हकमा माग दाबी लिएको छैन भन्ने अभियोगपत्र पेस भएको देखिएको र चेकमा उल्लिखित रकमको तमसुक कागजसमेत गरेकोमा सो रकमसमेत पाइसकेको भनी जाहेरवालीले बकपत्र गरेकोसमेत देखिएकोले प्रस्तुत मुद्दामा प्रतिवादी सुरेन्द्रबहादुर ऐरलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को कसुरमा जाहेरवालीको बिगो भराइ सजाय गर्नुपर्ने अवस्थाको अभाव रहेको हुँदा प्रतिवादी सुरेन्द्रबहादुर ऐर उपरको अभियोग दाबी खारेज हुने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।०९।१८ मा भएको फैसला मिलेको देखिएकोले सदर हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ चैत्र ३ गते रोज २ शुभम् ।

## १६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CI-०३००, लिखत बदर, खिममाया पुनसमेत वि. गौमाया फकामी पुन मगर*

प्रतिवादीहरू बसाइँसराइ गरी कास्की गएको भन्ने भनाइ रहेको भए तापनि प्रत्यर्थी वादीले निवेदनसाथ पेस गरेको पर्वत जिल्ला क्याङ गा.वि.स. को मिति २०७२।४।१८ को पत्रबाट खेतिराम पुन, नरमाया पुन, डम्बरबहादुर पुन पर्वत क्याङ गा.वि.स.बाट अन्यत्र बसाइँसराइ गरी गएको भन्ने यस गा.वि.स.को रेकर्डबाट नदेखिएको भनी मिसिल संलग्न पत्रबाट देखिएको, प्रतिवादी खेतिराम पुन मगरको नाममा यी वादीले फिराद दिँदाका दिनसम्ममा पर्वत जिल्ला क्याङ गा.वि.स.मा जग्गा रहेभएको देखिएको प्रस्तुत मुद्दाका अंशियार चन्द्रकुमार पुनको नागरिकता प्रतिवादीहरूले पर्वत जिल्लाबाट बसाइँसराइ गएको भन्ने मितिभन्दा पछि पर्वत जिल्लाबाट लिएको देखिएको, अंशियारमध्येका खेतिराम पुन मगर घरको मुख्य व्यक्ति भएको र स्वयं मुख्य व्यक्तिले आफ्नो स्थायी वतन पर्वत भनी आफ्नो छोरा चन्द्रकुमार पुनको नागरिकतासमेत निकालिदिएको, यी मुख्य अंशियारका नाउँमा तत्कालीन फिराद दायर गर्दाका अवस्थामा जग्गा जमिनसमेत पर्वत जिल्लामा भएको अवस्थाबाट प्रतिवादीहरूको पर्वत जिल्लासँग अन्तरसम्बन्ध नै नभएको भन्ने नदेखिएको अवस्था रहेको ।

निवेदक छविलाल पुन मगरले पर्वत जिल्ला, क्याङ गा.वि.स. वडा नं.१ हाल ऐ. वडा नं.२ बस्ने डम्मरबहादुर पुनको जेठी पत्नी गौमाया पुन: शारीरिक तथा मानसिक रोगी भएकी, निज २०४०/४२ सालदेखि पर्वत जिल्ला, साजिला गा.वि.स. वडा नं. ८ बस्ने म बैनी ज्वाइँ छविलाल पुन मगरको घरमा बस्दै आएकी र निजको लालन पालन स्वास्थ्य उपचारसमेत म आफैँले गर्दै आएको हुँदा गौमाया पुनको संरक्षक बनी म छविलाल पुनले निजको तर्फबाट यस पुनरावेदन अदालत बाग्लुङमा चलेको विपक्षी खिममाया पुनसमेतसँगको अंश मुद्दामा प्रत्यर्थी झिकाउने आदेशानुसार निज गौमाया पुनको तर्फबाट मुद्दामा हाजिर भई पुर्पक्ष गर्ने अनुमति पाउँ भनी निवेदन दिएको र निवेदनसाथ पेस भएको गा.वि.स.को कार्यालय, क्याङ पर्वतबाट सोही बेहोरा सिफारिससमेत भई आएको देखिँदा निवेदक छविलाल पुन मगरलाई निज गौमाया फगामी पुन मगरको तर्फबाट मुलुकी ऐन अ.बं.८३ नं.बमोजिम मुद्दामा हाजिर गराई

पुर्पक्ष गर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने मिति २०७२।१२।३० को आदेशानुसार निज छविलाल पुन मगर प्रत्यर्थीको संरक्षक भएको देखिन्छ । मुलुकी ऐन, २०२०, अदालती बन्दोबस्तको महलको ८३ नं.को कानूनी व्यवस्था हेर्दा एकाघरका हकवाला नभएमा निजलाई रेखदेख वा संरक्षण गर्ने व्यक्तिले अड्डाको अनुमति लिई सो व्यक्तिको तर्फबाट संरक्षक भई काम कारबाही गर्न पाउने कानूनी व्यवस्था भएको र संरक्षक हुनको लागि छविलाल पुन मगरलाई कुनै कानूनी व्यवस्थाले रोकसमेत नलागेको देखिँदा निजले संरक्षकत्व प्रदान गरेको कुरालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

वादी प्रतिवादी भएको यसै लगाउको अंश मुद्दामा पर्वत जिल्ला अदालतबाट फैसला हुँदा विवादित घरजग्गाबाट प्रस्तुत मुद्दाकी प्रत्यर्थी वादी गौमाया फकामी पुन मगरको समेत अंश भाग लाग्ने फैसला भई सो फैसला उच्च अदालतबाट समेत सुरू फैसला सदर भई उक्त फैसला अन्तिम रहेको पाइयो । सो फैसला अन्तिम रहेबाट वादीको समेत अंश हक लाग्ने सम्पत्ति वादीको मन्जुरी, सहमति केही नलिई वादीको तर्फबाट अंश मुद्दा परिसकेपछि अंश मुद्दाको प्रतिउत्तर लगाइसकेपछि विवादित जग्गा र सोमा बनेको घरको हक हस्तान्तरण भएको अवस्थामा निजसमेत अंशियार हुने गरी अंश मुद्दामा देखिएबाट निजको अंश हकसम्मको घरजग्गाको राजीनामाको लिखत बदर हुने गरी पुनरावेदन अदालत बागलुङबाट भएको फैसला कानूनसम्मत नै देखिएको ।

तसर्थ, यसै लगाउको अंश मुद्दाबाट वादी गौमाया फकामी पुन मगरले ४ भागको १ भाग सम्पत्तिलाई ५ भाग लगाई सो ५ भागको १ भाग सम्पत्ति अंशबापत पाउने अंशियार भएको हुँदा निज वादीको अंश हकसम्मको ४ भागको १ भागलाई पुन: ५ भाग लगाई सो ५ भागको १ भाग घरजग्गा वादीको हकसम्मको उक्त र.नं. २५२(क) मिति २०७१।४।२३ को लिखत बदर भई वादीका नाउँमा हक कायमसमेत हुने ठहर गरेको सुरू पर्वत जिल्ला अदालतको मिति २०७२।०८।०९ को फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७३।०४।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ माघ २ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WO-०४६६, परमादेश, सेनोरा लामा वि. नेपाल सरकार*

नेपालको संविधान एवम् कानूनले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको पाइन्छ । यस अदालतबाट समेत पटकपटक विभिन्न मुद्दामा आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी परमादेश जारी भइसकेको अवस्था रहेको छ । उक्त मुद्दाहरूमा यस अदालतबाट सबै जिल्ला प्रशासन कार्यालयका नाउँमा परिपत्रसमेत जारी गर्नु भनी निर्देशनात्मक आदेशसमेत जारी भएबमोजिम गृह मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयको नाममा परिपत्र पठाइसकेको पनि देखिएको छ । कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसम्मत हुँदैन । यस अवस्थामा उमेर पुगेको नेपाली नागरिकलाई आमाको नामबाट नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गराउनु कानूनको बर्खिलाप हुने हुँदा यस प्रकारको कार्यलाई न्यायोचित मान्न सकिँदैन । अतः नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम जो जे बुझ्नुपर्छ बुझी

रिट निवेदक सेनोरा लामालाई नेपाली नागरिकताको प्रमाणपत्र दिने सम्बन्धमा अविलम्ब निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी गर्नुपर्ने।

तसर्थ, निवेदक सेनोरा लामाले नेपाली नागरिकताको लागि दिएको दरखास्तमा आवश्यक प्रक्रिया पुऱ्याई निवेदकको आमाको पहिचानबाट नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिन इन्कार नगर्नु/नगराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: हरिप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २९ गते रोज ५ शुभम्।

## १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-१३५६, सवारी ज्यान, राजु श्रेष्ठ वि. नेपाल सरकार*

सवारी चलाउने अनुमतिपत्र नै नलिएका प्रतिवादीले साँझको समयमा हाइवेमा तिव्र गतिका सवारी मोटरसाइकल चलाउने कार्य गरेको र समान दिशातर्फ गइरहेको आफ्नो सवारीभन्दा अगाडि गुडिरहेको मोटरसाइकललाई प्रतिवादीले ठक्कर दिएको देखिन्छ । सडक दुर्घटना प्रतिवेदनबाट सडकको दायाँतर्फ मोडिनुपर्ने कुनै अन्य बाटो रहेको नदेखिएको अवस्थामा मृतकले मोड्न खोजे भन्ने प्रतिवादीको भनाइ विश्वसनीय देखिँदैन। त्यसमा पनि आफ्नै साइडमा मृतकले मोटरसाइकल चलाइरहेको अवस्थामा सोही दिशातिर पछिपछि आइरहेको प्रतिवादीको मोटरसाइकलले मृतकको मोटरसाइकललाई ठक्कर दिएको देखिन्छ। यसबाट सवारी चलाउने अनुमतिपत्र नै नलिएका प्रतिवादी राजु श्रेष्ठले सार्वजनिक सडकमा तिब्र गतिमा लापरबाहीसाथ मोटरसाइकल चलाई आफूभन्दा अगाडि रहेको मृतकको मोटरसाइकललाई ठक्कर दिएको कारण सडक दुर्घटना भई मृतकको मृत्यु हुन गएको तथ्य पुष्टि हुन आउने।

आफूले लापरबाहीसाथ मोटरसाइकल नचलाएको बरू मृतक आफैँले मोटरसाइकल अचानक मोडेको कारण दुर्घटना हुन गएकोले अभियोग दाबीबाट उन्मुक्ति पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादी राजु श्रेष्ठले पुनरावेदन जिकिर लिएको देखियो । सो सम्बन्धमा हेर्दा, प्रतिवादीले सडक सुरक्षाको लागि जारी गरिएको सवारी चलाउने अनुमतिपत्र लिएको देखिएन। अर्कोतिर अगाडि रहेको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएको अवस्था छ। अनुमतिपत्र नलिई कुनै पनि सवारी चलाएको अवस्थामा दुर्घटना भएमा सवारी चालकको के कस्तो कर्तव्य हुन्छ वा निजले कस्तो दायित्व बेहोर्नुपर्छ भन्ने कुराको सम्बन्धमा भएको व्यवस्था पनि हेर्नुपर्दछ । सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन, २०४९ को दफा ४५ ले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउन निषेध गरेको छ। सोही ऐनको दफा १६१(४) ले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सवारी चलाई दुर्घटना भएकोमा थप सजायको व्यवस्था पनि गरेको पाइने।

यसरी सम्बन्धित सवारी चलाउन सक्ने क्षमताको परीक्षण गरी सम्बन्धित निकायबाट जारी गरिने सवारी चालक अनुमतिपत्रलाई चालकले प्राप्त गरी सवारी साधन चलाउनुपर्ने विषयलाई कानूनले अनिवार्य गरेको छ। यदि आफू सवारी साधन चलाउन सक्छु भन्ने लाग्छ भने सवारी चालकको परीक्षा उत्तीर्ण गरी अनिवार्य रूपमा सवारी चालक अनुमतिपत्र लिनुपर्ने हुन्छ । सडक जस्तो सार्वजनिक स्थानमा नजानी नजानी सवारी चलाउँदा कसैको पनि ज्यान जान सक्छ भन्ने कुराको हेक्का नराखी सवारी साधन सडकमा निकाली चलाउने कार्य आफैँमा लापरबाहीजन्य कार्य हो। त्यसमा पनि प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकको मोटरसाइकललाई सोही लेनमा पछाडिबाट ठक्कर दिएको अवस्थाबाट प्रतिवादीको लापरबाही स्वतः

प्रस्ट हुन आएको छ । यस्तो अवस्थामा प्रतिवादी राजु श्रेष्ठलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद र दफा १६१(४) बमोजिम रू.२,०००।- रूपैयाँ थप जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी राजु श्रेष्ठको पुनरावेदन जिकिरसँगसमेत सहमत हुन नसकिने ।

अत: सवारी चलाउने अनुमतिपत्र नै प्राप्त नगरेका पुनरावेदक प्रतिवादी राजु श्रेष्ठले सवारीधनी थिरबहादुर खड्काको मोटरसाइकल लगी तिब्र गतिमा लापरबाहीसाथ सवारी साधन मोटरसाइकल चलाई सोही दिशामा आफू अघिअघि रहेका मृतक सुर्यकुमार बस्नेतले चलाएको मोटरसाइकललाई ठक्कर दिई उक्त सवारी दुर्घटनाको कारण गम्भीर घाइते भएका निज मृतक सुर्यकुमार बस्नेतको उपचारको क्रममा मृत्यु भएको तथ्य पुष्टि हुन आयो । यस्तो अवस्थामा प्रतिवादी राजु श्रेष्ठलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ५ महिना २६ दिन कैद र रू.२,०००।- जरिवाना गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६६।०९।२८ मा भएको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई सो ऐनको दफा १६१(२) बमोजिम २ वर्ष कैद र दफा १६१(४) बमोजिम रू.२,०००।- रूपैयाँ थप जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी राजु श्रेष्ठको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

शाखा अधिकृतः कल्याण खड्का

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल वैशाख ११ गते रोज १ शुभम् ।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१६६७, ०७५-CR-१६६८, लागु औषध ब्राउनसुगर, प्रकाश चन्द वि. नेपाल सरकार, कमल चन्द वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले लागु औषध ब्राउनसुगरको कारोबार गर्ने उद्देश्यबाट बरामद भएको लागु औषध खरिद गरी राखेको भन्ने देखिँदैन । बरामदी लागु औषधको मात्रा ठुलो परिमाणको रहेको भन्ने पनि देखिँदैन । बरामद भएको लागु औषध बिक्री वितरण गर्दाको अवस्थामा यी पुनरावेदकहरू पक्राउ परेको भन्ने पनि देखिँदैन । लागु औषध सेवनकर्ताहरूलाई लागु औषधको कारोबारीको रूपमा सजाय गर्दा चर्को पर्न जाने र यस्तो गर्नु ऐनको भावना प्रतिकूल पनि हुन जाने देखिन्छ । उल्लिखित आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले निषेधित लागु औषध कारोबार गर्ने उद्देश्यबाट खरिद गरेको भन्ने तथ्य प्रमाणित हुन नआएकोले यी प्रतिवादीहरूको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को (घ)(ङ)(च) को कसुर आकर्षित हुने देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१) को (छ)(१) बमोजिम सजाय गर्ने गरी भएको उच्च अदालत, तुलसीपुर नेपालगन्ज इजलासको फैसला मिलेको देखिन नआउने ।

बरामद भएको लागु औषध प्रतिवादीहरू कमल चन्द र प्रकाश चन्दले सेवन गर्नको लागि सामान्य मूल्यमा खरिद गरेको देखिन्छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा बरामद भएको लागु औषध आफूहरूले सेवन गर्ने प्रयोजनका लागि सम्म खरिद गरेको हो भनी लागु औषध सेवन गरेको कसुर स्वीकार गरी साबित रहेका छन् । मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रबाट प्रतिवादी कमल चन्दको जन्म मिति २०५५।४।९ र प्रतिवादी प्रकाश चन्दको जन्म मिति २०५४।१०।११ रहेको देखिन्छ । अतः प्रतिवादीमध्येका कमल चन्द वारदात भएको समय मिति २०७३।१०।१८ मा १८ वर्ष ६ महिनाको रहेका र निजको साथबाट

३ ग्राम लागु औषध ब्राउनसुगर बरामद भएको देखिन्छ । त्यस्तै अर्का प्रतिवादी प्रकाश चन्द वारदात भएको समयमा १९ वर्षको रहेको र निजको साथबाट पनि १ ग्राम २०० मिलिग्राम लागु औषध ब्राउनसुगर बरामद भएको देखिन्छ । उल्लिखित आधार प्रमाणबाट प्रतिवादीहरूले माथि लेखिएबमोजिम लागु औषध (नियन्त्रण) ऐनको दफा ४ को खण्ड (छ) को कसुर गरेको देखिन आयो । त्यस्तो लागु औषध सेवन गर्ने कसुरदारलाई सो ऐनको दफा १४ को (१) (ङ) मा उल्लेख भएबमोजिम १ (एक) वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेकोले यी पुनरावेदक प्रतिवादीहरूका हकमा सोही व्यवस्थाबमोजिम जनही १ (एक) वर्ष कैद सजाय गर्नु कानूनसङ्गत देखिन आउने ।

तसर्थ, प्रतिवादीहरू प्रकाश चन्द र कमल चन्दलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (ङ) र (च) समेतको कसुर कायम गरी सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम यी प्रतिवादीहरूमध्ये कमल चन्दलाई ६ वर्ष कैद र रू. १०,०००।– जरिवाना र प्रतिवादी प्रकाश चन्दलाई ५ वर्ष कैद र रू. ५,०००।- जरिवाना हुने ठहर गरेको हदसम्म उच्च अदालत, तुलसीपुर नेपालगन्ज इजलासको मिति २०७५।०१।१० को फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी हुने भई पुनरावेदक प्रतिवादीहरू प्रकाश चन्द र कमल चन्दले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (छ) बमोजिम लागु औषध ब्राउनसुगर सेवन गर्ने कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४ (१) (ङ) बमोजिम जनही १ (एक) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम् ।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या श्री सुष्मालता माथेमा,** *०७०-RB-००३३, करारबमोजिम सुरक्षणको सम्पत्ति फिर्ता दिलाइ चलनसमेत चलाइपाऊँ, मन्जु खड्का वि. जमुना महर्जन*

वादी जमुना महर्जनले प्रतिवादी मञ्जु खड्कालाई मिति २०६५।९।४ मा राजीनामा पारित गरिदिएको कि.नं. २२३ र २३६ को जग्गा सोही मितिमा भएको सर्तनामाको कागजबमोजिमको रकम बुझाइ फिर्ता पाउने नपाउने के हो सो सम्बन्धमा हेर्दा उक्त मिति २०६५।९।४ को सर्तनामाको कागज रजिस्ट्रेसन पारित भएको नदेखिनुका साथै निजले राजीनामा गरेको जग्गा लिने मञ्जु खड्काले मीनकृष्ण श्रेष्ठलाई बिक्री गरी विभिन्न व्यक्ति हुँदै हाल कि.नं. २२३ कुमार महर्जन र कि.नं. २३६ सिद्धीबहादुर महर्जनका नाउँमा कायम रहेको कुरा भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरको च.नं. १००७९ मिति २०७८।८।१८ को पत्रसाथ जग्गाको प्रमाणित स्रेस्ताबाट देखिएको छ । यसरी तत्काल उक्त जग्गा राजीनामा लिनु दिनु गरेका व्यक्तिहरूको हक स्वामित्व टुटिसकेको जग्गा फिर्ता राजीनामा गर्ने सर्तनामाको कागजलाई कानूनबमोजिम कार्यान्वयन गर्न सकिने सम्झौताको रूपमा लिई उक्त कागजलाई करारको संज्ञा दिन पनि मिलेन । हाम्रो प्रचलित कानूनी व्यवस्था र सामाजिक व्यवहार हेर्दा पनि राजीनामाको लिखत त्यस्तो प्रकारको लिखत हो जसबाट हक भोग र स्वामित्व सबै हस्तान्तरण हुने गर्छ । यसरी प्रचलित कानूनबमोजिम साधिकार निकायबाट हक स्वामित्व हस्तान्तरण गरी राजीनामा गरिदिएको जग्गाको विषयमा सर्त राखी छुट्टै कागज खडा गरी कानूनबमोजिमको विधि र प्रक्रिया पूरा नगरी रजिस्ट्रेसनसमेत पारित नभएको लिखतमा उल्लेख भएबमोजिमका सर्त पूरा गर्न सम्बन्धित पक्ष बन्धनकारी नहुने मात्र नभई सो कागजले कानूनी मान्यता पाउने देखिँदैन । तसर्थ यी वादी प्रतिवादीबिच मिति २०६५।९।४ मा पारित गरेको राजीनामाको कागजमा उल्लेख भएका कि.नं. २२३ र २३६ को

जग्गाहरू सोही मितिमा खडा भएको सर्तनामाको कागजबमोजिमको रकम बुझाइ फिर्ता राजीनामा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।३।२१ को फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको दाबी नपुग्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र १४ गते रोज २ शुभम्।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WO-०४६२, उत्प्रेषणसमेत, रम्भा पौडेलसमेत वि. नेपाल सरकारसमेत*

निवेदकहरू वैद्य सहायक, चौथो तहको पदनाममा सुरू नियुक्त भई सेवा प्रवेश गरेको भए तापनि पछि नेपाल सरकारको मिति २०७१।११।१३ को निर्णयबाट कविराज (आयुर्वेद सहायक) (पदनाम) पाई विशेष पदस्थापना भएको भन्ने तथ्यमा समेत विवाद देखिँदैन । निवेदकहरूलाई विपक्षी आयुर्वेद विभागले मिति २०७२।०७।१३ को निर्णयबाट स्तरवृद्धि गर्दा कविराज (आयुर्वेद सहायक) (पदनाम) बाट वैद्य निरीक्षक/ कविराज (आयुर्वेद सहायक) छैठौँ तहमा स्तरवृद्धि गरेको देखिन्छ। उल्लिखित स्वास्थ्य सेवा नियमावलीको अनुसूची ३ ले क्रमसंख्या २७ मा आयुर्वेद समूहको वैद्य निरीक्षक र ऐ. को क्रमसंख्या २८ मा कविराज (आयुर्वेद सहायक) दुई छुट्टाछुट्टै पदनाम हुने गरी अलग अलग क्रमसंख्यामा उल्लेख गरेकोमा विपक्षी आयुर्वेद विभागले निज निवेदकहरूलाई एकसाथ यी दुवै पदनाम "वैद्य निरीक्षक/ कविराज (आयुर्वेद सहायक)" दिई स्तरवृद्धि गरेको देखिन्छ, जुन आफैँमा कानूनसम्मत र व्यावहारिक देखिँदैन । तथापि कर्मचारीहरूको सेवासम्बन्धी विवरणको अभिलेख राख्ने निकाय निजामती किताबखानामा रहेको निवेदकहरूको सेवासम्बन्धी विवरणबाट निज निवेदकहरूको पदनाम कविराज निरीक्षक, छैठौँ तह कायम रहेको भन्ने नै देखिन्छ। यसरी निवेदकहरूलाई विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र आयुर्वेद विभागबाट स्तरवृद्धिकै क्रममा दुई अलग अलग क्रमसंख्यामा रहेको पदनाम दिई त्रुटिपूर्णरूपमा स्तरवृद्धि गरेको र विपक्षीहरू स्वयंबाट भएको त्रुटिपूर्ण पदनामलाई भुलसुधार नै नगरी निवेदकहरूले विशेष पदस्थापनाबाट प्राप्त भइसकेको कविराज (आयुर्वेद सहायक) (पदनाम) सँग मिलान नहुने गरी वैद्य निरीक्षक पदमा गरिएको समायोजनको कार्यसमेत न्यायसम्मत नदेखिने।

कुनै पनि निजामती कर्मचारीको पदनामसँग उसले पाउने सेवा सुविधाको मात्र सम्बन्ध नभएर उसको पहिचान पनि गाँसिएको हुन्छ। निजले आफ्नो काम कर्तव्य कुशलतापूर्वक पूरा गरी कानूनबमोजिम प्राप्त गरेको विशेष पदस्थापनामा तथा बढुवा भई प्राप्त गरेको पदमा रहेर काम गर्ने इच्छा राख्नु वैध अपेक्षा पनि हो। स्वास्थ्य सेवा आफैँमा विशिष्टीकृत सेवा प्रदान गर्ने सेवा हो। त्यसभित्र पनि हरेक पदनाममा रहेर गर्नुपर्ने कार्य प्रकृति तथा कार्य विवरण (Nature of job and job description) समेत फरक फरक प्रकृतिको हुन्छ । एकै तहमा पनि फरक फरक पदनाममा रहेर गर्नुपर्ने कार्य विवरण फरक हुनसक्छ । कर्मचारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा विशेष पदस्थापना भई प्राप्त गरिसकेको पदलाई जुनसुकै कारण र बेहोराले पनि फरक पर्ने गरी स्तरवृद्धि र समायोजन गरिँदा निजले गर्नुपर्ने कार्य प्रकृतिमा फरक मात्र पर्दैन यसले कर्मचारीको मनोवृत्तिमा समेत प्रतिकूल असर पर्न गई समग्र कार्य सम्पादनमा नै नकारात्मक प्रभाव पर्न जान्छ। यस अवस्थामा कविराज निरीक्षक र वैद्य निरीक्षक दुवै छैठौँ तहको पदनाम भएकोले उल्लिखित समायोजनबाट निवेदकहरूको सेवा सुविधामा कुनै फरक नहुने हुँदा घटुवा गरी समायोजन गरियो भन्न

नमिल्ने भन्ने विपक्षीहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफसँग सहमत हुन सकिएन । निज निवेदकहरू सबैले नेपाल सरकारको मिति २०७१।११।१३ को निर्णयबाट कविराज (आयुर्वेद सहायक) पदनाम पाई विशेष पदस्थापना भएको र उक्त विशेष पदस्थापनाको प्रकृतिबाटै निजहरूले आयुर्वेद विभागको मिति २०७२।०७।१३ को निर्णयबाट स्तरवृद्धि हुँदा कविराज निरीक्षक पदनाम पाउनुपर्नेमा एकै व्यक्तिलाई दुई पदनाम वैद्य निरीक्षक / कविराज (आयुर्वेद सहायक) पदनाम दिएको र सोही त्रुटिपूर्ण पदनामको आधारमा विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७६।०४।१४ र २०७६।०६।०७ को निर्णयबाट निज निवेदकहरूलाई वैद्य निरीक्षक पदनाम दिई गरेको समायोजनको कार्य सो हदसम्म कानून तथा न्यायसम्मत नदेखिने ।

अतः निवेदकहरू रम्भा चौधरीसमेतलाई विपक्षी स्वास्थ्य मन्त्रालय (मन्त्रीस्तर) को मिति २०७१।११।१३ कै निर्णयबाट कविराज (आयुर्वेद सहायक) पदनाम दिई विशेष पदस्थापना भई कार्यरत रहेकोमा विपक्षी तत्कालीन आयुर्वेद विभागको मिति २०७२।०७।१३ को निर्णयबाट निवेदकहरूलाई दुई पदनाम "वैद्य निरीक्षक/ कविराज (आयुर्वेद सहायक)", छैठौँ तहको पदमा स्तरवृद्धि गरेको र उक्त त्रुटिपूर्ण पदनामलाई नसच्याई तथा विशेष पदस्थापनाबाट निवेदकहरूले प्राप्त गरेको पदनामसँग मिलान नहुने गरी निज निवेदकहरूलाई समायोजन गरिँदा वैद्य निरीक्षक पदनाम दिई समायोजन गर्ने गरेको हदसम्म विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०३।०१ को पत्रानुसार विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७६।०४।१४ र मिति २०७६।०६।०७ मा गरेको निर्णय त्रुटिपूर्ण रहेकोले अब निवेदकहरूको हकमा निजहरूले प्राप्त गरिसकेको पदनाममा असर नपर्ने गरी कविराज निरीक्षक पदनाम कायम हुने गरी समायोजन गरी गराई सो संशोधित पदनामको जानकारी निवेदकहरूलाई दिनु भनी विपक्षीहरू सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर: देबिमाया खतिवडा(देबिना)

इति संवत् २०७८ साल चैत्र २९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-WO-०६४५, उत्प्रेषणसमेत, कमला खड्का वि. नेपाल सरकार
- ०७६-WO-०४१७, उत्प्रेषणसमेत, उमा देवी गुरूङ वि. नेपाल सरकार

२२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-१७२३, ०७५-CR-२३८२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. लक्ष्मी लिम्बूसमेत, मनप्रसाद लिम्बू वि. नेपाल सरकार*

सहप्रतिवादी लक्ष्मी लिम्बूले अनुसन्धानको क्रममा बयान गर्दा, निज र पुनरावेदक प्रतिवादी मनप्रसाद लिम्बूले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिई जाहेरवाला सुरेन्द्रकुमार राईलाई वैदेशिक रोजगारमा अफगानिस्तान पठाउनको लागि मनप्रसाद लिम्बू र भूपाल शर्माले लिएको रकम मनप्रसाद लिम्बू र आफूले संयुक्त लिखत गरिदिएको भनी लिखत गरिदिएको कुरा स्वीकार गरी बयान गरेको र उक्त लिखतमा भएको सहीछाप आफूले नै गरेको हो भनी पुनरावेदक प्रतिवादी मनप्रसाद लिम्बूले समेत स्वीकार गर्नुका साथै उक्त स्वीकारोक्तिलाई किटानी जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र र प्रतिवादीहरूले गरिदिएको उक्त संयुक्त लिखत जस्ता स्वतन्त्र प्रमाणहरूले पुष्टि गरेको अवस्थामा प्रतिवादीउपरको

आरोपित कसुर पुष्टि हुन आयो । तसर्थ, प्रतिवादी मनप्रसाद लिम्बूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ विपरीत कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद तथा रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना भई जाहेरवालाको बिगो तथा हर्जानासमेत निज प्रतिवादीसमेतबाट भरिपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१७ मा भएको फैसला मिलेकै देखिँदा अभियोगबाट सफाइ पाउँ भनी प्रतिवादी मनप्रसाद लिम्बूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूले जाहेरवाला सुरेन्द्रकुमार राईलाई भारतको दिल्लीमा लगी छाडेको हुँदा निज जाहेरवालालाई दिल्लीमा खाँदा, बस्दा र नेपाल फर्की आउँदा भएको खर्च रकम रू.३५,०००।- समेत प्रतिवादीहरूबाट भराइपाउनको लागि माग गरेको तथा सो नदिलाएको हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाउपर यस अदालतमा पुनरावेदन गरेकोमा जाहेरवालाले भारतको दिल्लीमा रहँदा, बस्दा, खाँदा तथा नेपाल फर्कंदा यो यति रकम खर्च भएको भनी होटल बिल तथा सवारीको टिकटलगायत कुनै वस्तुनिष्ठ कागज प्रमाणसमेत पेस गरेको भन्ने नदेखिँदा नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने ।

तथापि, पुनरावेदक प्रतिवादी मनप्रसाद लिम्बूलाई ठहर भएको सजायको कार्यान्वयनतर्फ हेर्दा, प्रस्तुत मुद्दाको रोहमा निजलाई सुरू अनुसन्धानको क्रममा मिति २०७५।०२।०३ मा पक्राउ गरी हिरासतमा राखिएको देखिन्छ । वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१७ मा फैसला भएपश्चात निजलाई ठहर भएको कैद सजाय १ वर्ष ६ महिना निजले मिति २०७६।०८।०२ सम्ममा भुक्तान गरी जरिवाना तिर्न नसकेको हुँदा साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ५३ नं. को व्यवस्थाबमोजिम दैनिक रू.२५।- को दरले कट्टा हुने गरी हालसम्म कैदमा राखेको देखिन्छ । साथै, यसै मुद्दाको लगाउमा रहेको चौकीधन तामाङको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मनप्रसाद लिम्बू रहेको वैदेशिक रोजगार कसुर (०७५-CR-१७२५ र ०७५-CR-२३८१) मुद्दामा समेत निज प्रतिवादी मनप्रसाद लिम्बूलाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने ठहरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला आज यसै इजलासबाट सदर भएको छ । साथै सोही मुद्दामा यी प्रतिवादी मनप्रसाद लिम्बूलाई ठहर भएको जम्मा जरिवाना रकम रू.३,००,०००।- बापत प्रतिदिन रू.३००।- का दरले कट्टा हुने गरी थप कैद सजाय हुने भनी सोसम्बन्धमा विवेचना भइसकेको देखिने ।

अतः प्रतिवादी मनप्रसाद लिम्बूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद तथा रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना भई जाहेरवालाको बिगो तथा हर्जानासमेत निज प्रतिवादीसमेतबाट भरिपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार तथा प्रतिवादी मनप्रसाद लिम्बूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १७ गते रोज ३ शुभम् ।

- *यसै लगाउका ०७५-CR-१७२५, ०७५-CR-२३८१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. लक्ष्मी लिम्बूसमेत, मनप्रसाद लिम्बू वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छन् ।*

**इजलास नं. ५**

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७३-CR-१७५१, डाँका, भिमबहादुर भन्ने भिमराज लिम्बू वि. नेपाल सरकार*

डाँका भएको बिगो रू.२,७३,२४९।– कायम गरी प्रतिवादीमध्येका भिमबहादुर भन्ने भिमराज लिम्बूबाहेकका अन्य प्रतिवादीहरू सुरेन भन्ने सुरेन्द्र लिम्बू, जेम्स भन्ने भिमबहादुर नेम्वाङ्ग, सोभितबहादुर तामाङ, राकेश गजमेर र मिनकुमार राईलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम बिगोको डेढो बढाई जरिवाना हुने र जनही छ वर्षका दरले कैद हुने ठहर गरेको उच्च अदालत विराटनगरको फैसलाउपर निजहरूको यस अदालतमा पुनरावेदन पर्न आएको नदेखिएको हुँदा अहिले निजहरूका हकमा विचार गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादीमध्येका भिमबहादुर भन्ने भिमराज लिम्बूको हकमा सम्म विचार गर्दा जाहेरी दर्खास्तमा निजउपर समेत किटानी पोल गरेको पाइयो। प्रतिवादी प्रतिवादी भिमबहादुर लिम्बूलाई डाँका वारदातमा संलग्न रहेका व्यक्ति निजै हुन् भनी जाहेरवालाले सनाखत गरेको देखिन्छ । डाँका वारदात भएको तथ्यमा कुनै विवाद देखिँदैन । जाहेरी बेहोराअनुसार धनमाल लुटी डाँका गरेको हो भनी प्रतिवादी भिमराज लिम्बूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ। निजको उक्त बयान इच्छा विरूद्ध गराइएको बयान हो भनी विश्वास गर्न सकिने कुनै प्रमाण पेस हुन आएको देखिएन । अन्य प्रतिवादीहरू (सह-अभियुक्तहरू) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्र. भिमराज लिम्बूउपर पनि किटानी पोल गरेको पाइयो। डाँका गरिएका कतिपय धनमाल बरामद भएको हुँदा दसी प्रमाणबाट पनि अभियोगदाबी समर्थित भएको देखियो । प्रमाणहरूबाट मालाकार रूपमा अभियोग दाबी समर्थित भएको हुँदा निज प्रतिवादी भिमराज लिम्बूका हकमा उच्च अदालतबाट कसुरदार ठहर गरेको फैसला कानूनसङ्गत नै देखिने।

अतः प्रमाणबाट प्रतिवादी भिमबहादुर भन्ने भिमराज लिम्बूले अभियोगदाबीबमोजिम डाँकाको कसुर गरेको तथ्य प्रमाणित भएकाले निजलाई सफाइ दिने गरी भएको सुरू फैसला उल्टी गरी मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिमको कसुरमा बिगो रू.२,७३,२४९।– कायम गरी पहिलो पटक डाँका गरेको भनी सोही महलको १४(४) नं. बमोजिम बिगोको डेढो बढाई जरिवाना हुने र जनही छ वर्षका कैदसमेत हुने ठहऱ्याई भएको उच्च अदालत विराटनगरको मिति २०७३/८/१२ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वर्तमान अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम डाँकाको कसुरमा अधिकतम जरिवाना रू.१,४०,०००।- सम्म हुने भएकोले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ बमोजिम उक्त एक लाख चालिस हजारभन्दा बढी जरिवाना असुल गर्न मिल्ने नदेखिँदा सोहीबमोजिम रू.१,४०,०००।- (एक लाख चालिस हजार) मात्र जरिवाना असुल गर्नेसमेत ठहर्छ । प्रतिवादी भिमराज लिम्बूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हरिप्रसाद आचार्य/ओजा लामिछाने
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७९ साल कार्तिक २१ गते रोज २ शुभम्।

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०५७८, जबरजस्ती करणी, नेपाल सरकार वि. जीवन गुरूङसमेत*

मिति २०७२।४।२४ गते चितवन जिल्ला भरतपुर उपमहानगरपालिका वडा नं. ५ बाह्रघरेस्थित

रिता थापाको घरको कोठाबाट जीवन गुरूङले ललाइ फकाइ प्रभावमा पारी सगुन थापाको एन्जल रेष्टुरेन्टमा लगी लठ्याउने औषधी ख्वाई जबरजस्ती करणी गरेको हुँदा सो कुरा आफ्नी आमालाई जानकारी गराई जाहेरी दिन आएको भनी पीडित ०४९-१२(०७२/०७३) को जाहेरी परेको देखिन्छ। निज पीडित र म एक कोठामा बसी बियर मगाई निजलाई समेत बियर र चुरोट खुवाएँ । रिता थापा अर्को कोठामा थिइन् । राति पीडित ०४९-१२ (०७२।०७३) लाई करणी गर्न माग्दा इन्कार गरेपछि मैले जबरजस्ती करणी गरेको हुँ। राति सोही कोठामा बसी मैले पटक पटक करणी गरी भोलिपल्ट निजकै घरनजिकमा लगी छाडी आएको हुँ । पीडितलाई रिता थापाले बोलाई ललाइ फकाइ मसँग पठाएपछि मैले करणी गरेको थिएँ भन्ने प्रतिवादी जीवन गुरूङ तथा पीडित ०४९-१२ (०७२।०७३) लाई शारीरिक सम्पर्क गर्न दिनु भनी जीवन गुरूङसँग बस्न निजहरू दुवै जनालाई एन्जल रेष्टुरेण्टमा छाडी म साथीको घरमा गएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी रीता आचार्य थापाले अनुसन्धानको क्रममा बयान गरेकोमा अदालतसमक्ष दुवै प्रतिवादीले कसुरमा इन्कार भई बयान गरेको देखिन्छ। पीडित जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रमा "मिति २०७२।४।२४ गते प्रतिवादी जीवन गुरूङ तथा रीतासँग भेट भएको होइन । जीवन गुरूङले लठ्याउने औषधी खुवाएको पनि होइन। मिति २०७२।४।२३ गते प्रतिवादीहरूसँग बसी खाजा खाएको कुरा ममीले थाहा पाएकोले मलाईसमेत प्रहरीमा लगी जाहेरी दिन लगाउनु भएको हो। सो जाहेरीको बेहोरा मैले लेखाएको होइन" भनी बकपत्र गरेको पाइने।

प्रतिवादी जीवन गुरूङको लिङ्गको अवस्था सामान्य रहेको, लिङ्गको वरिपरि योनिरस तथा तरल पदार्थ देखिँदैन, लिङ्गमा घर्षण छैन, निजले लगाएको भित्री कट्टुमा योनि रस लागेको छैन भन्ने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा पीडितको स्वास्थ्य अवस्था सामान्य रहेको, निजको शरीरमा चोटपटक/ निलडाम छैन, निजको कन्याजाली च्यातिएको, निजले पहिलो पटक चैत्रमा र दोस्रो पटक असारमा यौनसम्पर्क गरेको देखिन्छ भन्ने बेहोराको पीडित ०४९-१२(०७२।०७३) को स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनको बेहोरा र सहीछाप आफ्नो भएको भनी डा. अतित पौडेलले अदालतमा समेत बकपत्र गरेको पाइयो । केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनमा "Semen could not be detected" भनी खुलेको देखिन्छ। यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश हुँदा पीडितको कट्टुमा रगत लागेको भन्नेसमेत आधार लिएको देखिन्छ, जबकि निजको परीक्षण प्रतिवेदनमा पीडितले नुहाई कपडा धोइसकेको भन्ने उल्लेख भएबाट उक्त प्रत्यर्थी झिकाउने आधार पुष्टि हुनसकेको देखिएन। मौकामा कागज गर्ने व्यक्तिहरूलाई समेत वादी पक्षले अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको नपाइने।

यसरी, पीडित जाहेरवालीले जाहेरी बेहोराको खण्डन गरी गरेको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरूलाई वादी पक्षले उपस्थित गराउन नसकेको अवस्था, पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी भएका सङ्केत नदेखिएको अवस्था, "Semen could not be detected" भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतबाट उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसलालाई कानून प्रतिकूल भन्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादीहरू जीवन गुरूङ र रीता आचार्य थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू चितवन जिल्ला अदालतको मिति २०७२।९।२७ को फैसला सदर गर्ने गरी भएको

उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४।२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भेषराज कोइराला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर १ गते रोज ५ शुभम्।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-००९५, भ्रष्टाचार, श्रीराम श्रेष्ठ वि. नेपाल सरकार*

बिलबापतको रकम भुक्तानी दिन आलटाल गरी रू.२०५०००।- खर्च लाग्छ भनी माग गरेको हुँदा सो रकम उपलब्ध गराई प्रतिवादीलाई कारबाही गरिपाउँ भनी उजुरवाला देशबन्धु थापाले निवेदन गरेबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी कोषबाट रकम उपलब्ध गराइदिएको र सोही रकम रिसवतबापत उजुरवालाले प्रतिवादीलाई दिएको भन्ने देखिन्छ। पुनरावेदक प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा उपस्थित भई बयान गर्दा मसँगै खुमलटार कार्यालयमा गएका उजुरवालाले एक्कासि मलाई रकम दिएको तथा रकम किन दिएको लिन्न भन्दा हिसाब मिलाउनु छ भनेको तथा किन यत्रो रकम दिएको होला भन्ने सोचेर म आत्तिई साथी प्रकाश श्रेष्ठलाई दिएको भनी लेखाएको पाइयो। खर्च लाग्छ भनी प्रतिवादीले रकम माग गरेकोले मैले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गई रकम माग गरी प्रतिवादीलाई दिएको हुँ भनी उजुरकर्ताले बकपत्र गरेको देखिन्छ। यी प्रतिवादी श्रीराम श्रेष्ठको सँगसाथबाट रकम बरामद नभई प्रतिवादीका साथी प्रकाश श्रेष्ठको साथबाट रकम बरामद भएको भन्ने देखिएकोमा निज प्रकाश श्रेष्ठउपर आरोपपत्र पेस नभएको।

प्रतिवादी श्रीराम श्रेष्ठलाई दिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उजुरकर्तामार्फत पठाएको सरकारी कोषको रकम ठेक्का सम्झौताबापतको रकम प्राप्त गर्ने प्रयोजनका लागि प्रतिवादीलाई दिएको तथा प्रतिवादीका साथी प्रकाश श्रेष्ठको शरीर खानतलासी गर्दा नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय गाई अनुसन्धान कार्यक्रमका लेखा अधिकृत श्रीराम श्रेष्ठले राख्न दिएको सोही रकम आयोगको टोलीले तत्काल बरामद गरेको भन्ने देखियो। रकम बरामद भएको कुरालाई नै निर्णायक प्रमाणको रूपमा ग्रहण गरी विशेष अदालत काठमाडौंले प्रतिवादीउपर आरोप दाबी ठहर गरेको देखिन्छ। साथीको साथबाट रकम बरामदबाहेक यी प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने अन्य कुनै पनि भरपर्दो र विश्वसनीय प्रमाण अभियोजन पक्षबाट पेस हुन सकेको नदेखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको रकमबाहेक प्रतिवादीउपरको अभियोग पुष्टि हुने सबुद प्रमाण अभियोजन पक्षले पेस गरेको नदेखिएको तथा उल्लिखित ०७४-WC-००२० को रिट निवेदनमा भएको व्याख्याको आधारमा यी प्रतिवादी श्रीराम श्रेष्ठको साथी प्रकाश श्रेष्ठबाट बरामद गरिएको रू.२,०५,०००।- (दुई लाख पाँच हजार रूपैयाँ) र सोसम्बन्धी मुचुल्कालाई प्रमाणमा ग्रहण गरी सोको आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने देखिएन। रकम बरामद गरिएको देखाइएको आधारबाट मात्र भ्रष्टाचार गरेको मान्न नमिल्ने उल्लिखित यस अदालतबाट भएको व्याख्यासमेतबाट अभियोगदाबीअनुसार यी प्रतिवादीले कसुर गरेको ठहऱ्याई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेको नदेखिने।

अतः प्रतिवादी श्रीराम श्रेष्ठबाट बरामद गरिएको रकमलाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेक अन्य भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले प्रतिवादीउपरको अभियोगदाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा यी पुनरावेदक प्रतिवादी श्रीराम श्रेष्ठलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको विशेष

अदालत काठमाडौंको मिति २०७१/१२/२६ को फैसला मिलेको नदेखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादी श्रीराम श्रेष्ठले अभियोगदाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: कृष्ण गिरी

इति संवत् २०७९ साल पुस १८ गते रोज २ शुभम् ।

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WO-०६५८, परमादेश, अनु श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत*

निवेदिका अनु श्रेष्ठको पिता डम्बरबहादुर श्रेष्ठ र आमा पुनम श्रेष्ठ नेपाली नागरिक रहेको, निजहरू हाल कहाँ रहेका छन् भन्ने कुरा ठेगान नभएको, जीवित वा मृत्यु के कुन अवस्थामा रहेको भन्ने तथ्य यकिन नभएको, निवेदिका नेपालमा नै जन्मिएको, नेपालमा नै बसोबास गरिआएको र नेपालकै शिक्षण संस्थामा अध्ययन गरेको भन्ने तथ्य प्रस्तुत हुन आएको पाइयो । नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सन्दर्भमा भएको कारबाहीको क्रममा विराटनगर महानगरपालिका वडा नं. १२ मा मिति २०७६/९/२२ मा भएको सर्जमिन बेहोरामा निवेदिका अनु श्रेष्ठलाई बाल्यकालदेखि पालनपोषण तथा संरक्षण कार्य अम्बिकादेवी प्रधानले नै गरेको भनी उल्लेख गरी अनुसूची फाराम प्रमाणित गरी जिल्ला प्रशासन कार्यालय मोरङलाई सम्बोधन गरी सिफारिस गरेकोसमेत देखियो । सो सर्जमिन र सिफारिस बेहोरालाई प्रत्यर्थीहरूले अन्यथा खण्डन गरेको पाइएन । निज अनु श्रेष्ठ कोशी अञ्चल अस्पताल विराटनगरमा जन्मिएको कुरा सो अस्पतालबाट जारी भएको जन्म प्रमाणपत्रबाट देखिएको छ । निवेदिका अनु श्रेष्ठ नेपाली नागरिक होइनन्, विदेशी हुन्, निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्दैन भन्ने प्रत्यर्थीहरू कसैको पनि लिखित जवाफ बेहोरा रहेको देखिएन । समग्र मिसिल प्रमाणबाट निवेदिका अनु श्रेष्ठको जन्म नेपाली बाबु आमाबाट नेपालमा नै भएको तथ्य समर्थित हुन आएको पाइने ।

नेपालको संविधानको धारा १० को उपधारा (१) मा "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन" भन्ने व्यवस्था रहेको छ । संविधानको धारा ११(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" प्रावधानसमेत रहेको देखिन्छ । संविधानमा रहेको उल्लिखित प्रावधानअनुकूल नै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने" व्यवस्था रहेको देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने व्यक्तिले बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्रसमेत पेस गर्नुपर्ने प्रावधान रहेको छ । सोबमोजिमको प्रमाणपत्र निवेदनसाथ पेस गर्न नसक्ने नेपाली नागरिकलाई निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपाली नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपालभित्र स्थायी रूपमा बसोबास गरी आएको बेहोरा खुल्ने गरी स्थानीय तहका प्रतिनिधिको रोहबरमा उक्त नियमावलीको अनुसूची-३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन, सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमा गरिदिएको सनाखतसमेतका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न

सकिने व्यवस्थासमेत रहेको छ । निवेदिकाका बाबु आमाको ठेगाना यकिन नभएको, निजहरू कहाँ रहेका छन् भन्ने तथ्य नै नखुलेको, निवेदिकाको बाबु आमा जिउँदो (सम्भवत:) भएर पनि टुहुरो अवस्था रहेको, अन्य व्यक्ति (अम्बिकादेवी) को संरक्षकत्वमा रही हुर्के-बढेको, पढेको भन्ने देखिएको छ । यस अवस्थामा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिमको प्रक्रिया पूरा गरी निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नमा कुनै कानूनी बाधा देखिँदैन । सो प्रयोजनका लागि स्थानीय बासिन्दाहरूले स्थलगत सर्जमिन बेहोरा लेखाइ नागरिकताको प्रमाणपत्रका लागि सिफारिस गरेकोसमेत देखिने ।

निवेदिका अनु श्रेष्ठले नेपाली नागरिकताको प्रमाणपत्रका लागि निवेदन माग गरेको अवस्थामा तत्काल आवश्यक कानूनी प्रक्रिया पूरा गरी निजलाई सो प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा विवेकपूर्ण निर्णय गर्नु प्रत्यर्थीमध्येको जिल्ला प्रशासन कार्यालय, मोरङको कानूनी कर्तव्य भएकाले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिम संरक्षकबाट सनाखत गराउने, स्थानीय सर्जमिन बुझ्नेलगायतका जे जो प्रक्रिया गर्नुपर्छ, सो पूरा गरी निवेदिका अनु श्रेष्ठलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

नागरिकताको प्रमाणपत्र व्यक्तिको राष्ट्रियतासम्बन्धी पहिचानको आधारभूत प्रमाण हो । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लेसमेत कसैले पनि राष्ट्रियताविहीन अवस्थामा रहनु नपर्ने कुराको सुनिश्चितता हुनु वाञ्छित रहेको मान्यता आत्मसात् गरेको छ । नेपालको संविधानको धारा १० ले समेत कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने कुराको प्रत्याभूति दिएको छ । औपचारिक रूपमा नागरिकताको प्रमाणपत्र प्राप्त गरी राष्ट्रियताको पहिचान सुनिश्चित नभएको अवस्थाका व्यक्तिको सार्वजनिक जीवन, हक अधिकारको प्रचलन तथा मानवीय इज्जत र प्रतिष्ठा दुष्कर र दुरूह बन्न पुग्दछ । यस अवस्थामा, प्रस्तुत विवादका सन्दर्भमा, नागरिक हक अधिकार र मानव प्रतिष्ठाप्रति वाञ्छित संवेदनशीलता नअपनाई प्रत्यर्थीमध्येको जिल्ला प्रशासन कार्यालय मोरङले "बाटोमा हिँड्ने जो कोहीलाई भेट्नेबित्तिकै आउ नेपाली नागरिकता लिएर जाउ भनेर यस जिल्ला प्रशासन कार्यालयले नागरिकता बाँड्दै हिँड्ने अवस्था हुँदैन" भनी अमर्यादित, अशोभनीय र गैरजिम्मेवार तवरको लिखित जवाफ पेस गरेको देखियो । यस अभिव्यक्तिबाट प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मोरङले सुशासनको मान्यता प्रतिकूल हुने गरी स्वेच्छाचारिता अपनाएको कुरा प्रस्ट हुन्छ । तसर्थ, संस्थागत कानूनी व्यवहारमा कुनै पनि व्यक्तिप्रति मर्यादित र मानवीय प्रतिष्ठाअनुकूलको व्यवहार सुनिश्चित गर्न गराउन यसै आदेशद्वारा नेपाल सरकार, गृह मन्त्रालयको ध्यानाकर्षण गराउने ।

इजलास अधिकृत: शारदा फुयाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर ८ रोज ५ शुभम् ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-२१०३, ०७४-RC-०००९, ०७२-CR-२१०२, ०७३-CR-१३३०, ०७२-CR-२१२३, ०७२-CR-२१२७, ०७३-CR-०२०९, अपहरण र कर्तव्य ज्यान, सुमन भन्ने डम्बरबहादुर ठाडामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. कत्ले भन्ने राजु लोहार, हुसेन राई वि. नेपाल सरकार, नेपाल सरकार वि. संचित खड्कासमेत, कुमार तामाङ (बम्जन) वि. नेपाल सरकार, संचित खड्का वि. नेपाल सरकार, सुभाष उप्रेती वि. नेपाल सरकार*

प्रतिवादी सुभाष उप्रेतीले मिति

२०६८/४/२० गते रोजी महर्जनलाई घुम्न जाने भनी झुक्याई ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १० कुपण्डोल स्थित नविल बैंकको कम्पाउन्डसम्म बोलाई, रोजीको स्कुटर त्यहीँ छाडी, सो स्थानबाट प्र. सुभाष चढेर आएको मोटरसाइकलमा राखी वारदातस्थल नल्लु गा.वि.स. स्थित जंगलमा पुर्‍याइएको तथ्य स्थापित भएको देखिन्छ । अपहरणको कसुर कायम हुनका लागि पीडितलाई जबरजस्ती वा बलपूर्वक नै एक ठाउँबाट अर्को ठाउँमा लगिएको हुनुपर्दछ भन्ने अनिवार्यता रहँदैन । झुक्याई, गफलत वा धोखाधडीमा पारेर लगिएको कार्य पनि अपहरणको परिभाषामा समेटिएको देखिन्छ । यसरी रोजी महर्जनलाई षड्यन्त्रपूर्वक झुक्याएर एकान्तस्थान जंगलमा पुर्‍याउने र निजको ज्यान मार्ने, तथा फिरौतीलगायतका आपराधिक लाभ लिने कार्यको मतसल्लाहमा सबै प्रतिवादीहरू संलग्न रहेको तथ्य प्रमाणित भएको छ । प्रतिवादीहरूको सामूहिक सल्लाहबाट रोजी महर्जनकै फोन प्रयोग गरी जाहेरवाला पक्षबाट रू. तिस लाख फिरौती रकम माग गरी मोवाइल सन्देश (sms) पठाएको तथा फोन वार्तासमेत गरेको देखिन्छ । वस्तुत: अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुरजन्य कार्य हुनका लागि प्रत्येक अभियुक्त र पीडितका बिच भौतिक उपस्थिति वा प्रत्यक्ष सम्बन्ध/सम्पर्क नै जोडिन पुगेको हुनुपर्दछ भन्ने हुँदैन । आपराधिक मत-सल्लाहमा पसेर आपराधिक लाभ हासिल गर्ने अभिप्रायले कसुरजन्य कार्य (अपहरण गर्ने कार्य) सम्पन्न गर्न आपराधिक सञ्जालभित्रको कुनै भूमिकामा संलग्नता रहेको अवस्थालाई पनि मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ३ नं. को प्रयोजनका लागि अपहरणसम्बन्धी कसुर भएको मान्नुपर्ने हुन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. मा "कसैले कुनै व्यक्तिलाई "छलकपट गरी वा झुक्यानमा पारी" कुनै ठाउँमा जान बाध्य गराउने" कार्यलाई पनि अपहरणको कसुर मानिने व्यवस्था गरेको देखिन्छ । यस अवधारणालाई हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २११ ले समेत आत्मसात् गरेको छ । उक्त दफा २११ मा रहेको प्रावधानअनुसार कुनै व्यक्तिलाई आपराधिक उद्देश्यले "छलकपट गरी" वा "झुक्यानमा पारी" निजलाई कुनै ठाउँमा लगेमा अपहरण मानिन सक्तछ । प्रस्तुत मुद्दासम्बन्धी समग्र घटनाक्रम र प्रतिवादीहरूको संलग्नताको स्थितितर्फ दृष्टिगत गर्दा प्रतिवादीहरू सुभाष उप्रेती, कुमार तामाङ (बम्जन), कत्ले भन्ने राजु लोहार, संचित खड्का, हुसेन राई र सुमन भन्ने डम्बर ठाडामगरले गरेको कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. तथा ३ नं. बमोजिम सजाय हुने कसुर गरेको भन्ने देखिने ।

अतः कसुर प्रमाणित हुन आएको आधारमा कर्तव्य ज्यानको कसुरतर्फ प्रतिवादी कत्ले भन्ने राजु लोहारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद हुने, प्रतिवादीहरू सुभाष उप्रेती र कुमार तामाङ (बम्जन) लाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने, प्रतिवादीहरू संचित खड्का, हुसेन राई र सुमन भन्ने डम्बरबहादुर ठाडामगरलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद हुने, र उल्लिखित सबै प्रतिवादीहरूलाई अपहरण गरी शरीर बन्धक लिएको कसुरतर्फ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ३ नं. बमोजिम जनही १० (दश) वर्ष कैद सजाय र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/९/२९ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी कत्ले भन्ने राजु लोहारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम पुनरावेदन अदालतबाट सर्वश्वसहित जन्मकैद हुने ठहर

गरिएको देखिन्छ। सो सन्दर्भमा हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वश्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको देखिँदा प्रतिवादी राजु लोहारको सर्वस्व गर्नु परेन, निजलाई भएको जन्मकैद सजाय र अपहरणतर्फ हुने ठहर भएको जरिवानासहितको कैद सजायसम्म कानूनबमोजिम असुल गर्नुपर्ने।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर ११ गते रोज १ शुभम्।

२८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१४९५, अंश, प्रकाश के.सी. वि. शर्मिला के.सी.*

अंशसम्बन्धी अधिकार पारिवारिक कानूनको एक महत्त्वपूर्ण अधिकार हो । पारिवारिक कानून पारिवारिक सम्बन्ध, सरोकार र परिवारका सदस्यहरूको इच्छा आकांक्षालाई मूर्तरूप प्रदान गरी पारिवारिक जीवनलाई अनुशासित मर्यादित र सुव्यवस्थित बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । अंशसम्बन्धी विषय सम्पत्तिको अधिकारसँग प्रत्यक्ष रूपमा अन्तरसम्बन्धित रहेको हुन्छ। यस्तो अधिकार विधिशास्त्रको मान्यताअनुसार जिउज्यानपछिको सबैभन्दा महत्त्वपूर्ण अधिकारको रूपमा मानिन्छ । अंशको हक अंशियार भएका नाताले स्वत:प्राप्त हुने हक हो। अंशियार भएका नाताले स्वत: प्राप्त हुने नैसर्गिक हकलाई सामान्य उल्झन राखी सीमित तुल्याउने क्रियाकलापहरू न्यायिक दृष्टिकोणबाट उपयुक्त मानिँदैन । यस अवस्थामा पुनरावेदकको पुनरावेदन तथा प्रतिवादी जिकिरलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण पेस गरी पुष्टि गराउन सकेको नदेखिँदा वादी दाबीलाई अन्यथा मान्नुपर्ने अवस्था नरहने।

नाबालक छोरा प्रशान्त के.सी.को अंश मेरै जिम्मामा राखी निजलाई मैले नै शिक्षादीक्षालगायत गर्नुपर्ने दायित्व निर्धारण गरिपाउँ भनी लिएको जिकिर सम्बन्धमा हेर्दा, नाबालक छोरा प्रशान्त के.सी. हाल १३ वर्ष पूरा भएको भन्ने मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रबाट देखिन्छ ।१३ वर्षसम्म आमाको संरक्षकत्वमा रहँदा नाबालकको हकहित विरूद्धका यस्ता गतिविधि भए भनी प्रतिवादीले कुनै तथ्ययुक्त जिकिर लिई प्रमाणित गर्न सकेको पाइएन । यस अवस्थामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दा नाबालक आमाको संरक्षकत्वमा रहने गरी भएको पुनरावेदन अदालत पोखराको फैसलालाई न्यायोचित नै मान्नुपर्ने।

पुनरावेदक प्रतिवादीले मूलत: वादीहरूको जिम्माको नगद रू.६०,००,०००।- (साठी लाख) नगद र रू.८०,००,०००।- (असी लाख) रूपैयाँ बराबरको गरगहनासमेत बन्डा हुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको देखिन्छ तर यी पुनरावेदक प्रतिवादीले सो नगद यहाँ यस बैंकमा मौज्दात रहेको छ वा यो स्थानमा रहेको एवम् गरगहना यो मितिमा खरिद गरी यसरी यो बेला दिएको हो भनी सो नगदको तथ्ययुक्त प्रमाण तथा अस्तित्व देखाई अदालतलाई विश्वास दिलाउन सकेको नदेखिँदा सो जिकिरलाई पनि न्यायोचित मान्न नमिल्ने।

तसर्थ, सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलालाई आंशिक उल्टी हुने ठहरी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।०५।१७ मा भएको फैसला कानूनसम्मत देखिँदा सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र २० गते रोज १ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६५-CI-०८३०, करारको दायित्व पूरा गराइपाऊँ, पुष्प गौतम वि. गोविन्दभक्त खोखाली*

पहिला दुइवटा करारमा वारेस वा प्रतिनिधित्व गरेबापत आधा जग्गा वा रकम प्राप्त गर्ने, अर्को करारमा सोही कार्य गरेबापत उच्च प्रतिशत प्राप्त गर्ने वा निश्चित रकम करारका एक पक्षलाई दिने सर्त रहेको अवस्थामा तथा करारमा उल्लेख भएको जग्गाको क्षेत्रफलमा अन्य मुद्दा परी उक्त क्षेत्रफल घटेको अवस्थामा साथै करारमा निश्चित प्रकारको सेवा दिन्छु भनी प्रतिज्ञा गर्ने पक्षले त्यस्तो सेवा प्रदान गरेको विवरणसहितको दाबी नदेखिएको अवस्थामा करारकै सर्त पूरा नगर्ने पक्ष (defaulting party) ले करारबमोजिमको प्रतिफल प्राप्त गरिपाउँ भन्ने दाबी करार कानूनको मान्यताअनुसार तर्कपूर्ण नदेखिने।

तत्कालीन क्षेत्रीय अदालतको फैसलाले जिती पाएको जग्गा दर्ता गर्नको लागि लाग्ने खर्च, जग्गा दर्ता भएमा पक्षहरूबिच बढ्ने अनुपात, क्षतिपूर्तिको रकमको बाँडफाँट सम्बन्धमा करार भएको निर्विवाद पुष्टि भइरहेको हुँदा प्रत्येक करारहरू एकआपसमा अन्तर सम्बन्धित भई परस्पर निरन्तरताको क्रम रही जग्गाको क्षतिपूर्ति लिनेसमेतको कार्यलाई करारले नै आफैँ स्वतन्त्र रूपमा सर्त तय गरी आपसी सहमतिबाट भए गरेको सर्तहरू पक्षहरूको बिच कानूनसरह क्रियाशील र प्रभावकारी हुन्छन् भनी पुनरावेदन अदालतको फैसलामा उल्लेख गरेको भए तापनि जग्गा दर्ता गर्न प्रत्यर्थी/वादीले गरेको मेहनत, लागेको लगानी तथा खर्चको विवरण पेस गर्न सकेकोसमेत देखिँदैन। पक्षहरू प्रतिफल निर्धारण गर्न स्वतन्त्र छन् तर प्रतिज्ञा पूरा गर्न नसकेमा प्रतिफल प्राप्त हुन सक्दैन भन्ने करार कानूनको स्थापित मान्यता हो। प्रस्तुत मुद्दामा करारको वैधानिकता (legality) र कार्यान्वयनता (enforceability) मा नै प्रश्न उठेको अवस्थामा पुनरावेदन अदालत पाटनबाट मिति २०६५।१०।२६ मा भएको फैसला मिलेको नदेखिने।

पुनरावेदक/प्रतिवादी पुष्प गौतमका कानून व्यवसायीले हाल क्षतिपूर्ति रकम मेरो पक्षले बुझिसकेको भनी लिएको जिकिर सम्बन्धमा यस अदालतबाट मिति २०७४/११/१८ मा पोखरा रंगशालाको लागि अधिग्रहण गरिएबापत मुआब्जा (क्षतिपूर्ति) बुझ्ने बुझाउने कार्य भएको छ छैन ? मुआब्जा (क्षतिपूर्ति) भुक्तानी गरेको भए कहिले, कसलाई के कति रकम भुक्तानी गरिएको छ ? सोको जानकारी प्राप्त गरी पेस गर्ने आदेश भई आदेशअनुसार पत्राचार हुँदा जिल्ला प्रशासन कार्यालय, कास्कीको च.नं. ६७२४ मिति २०७५/०१/२५ को पत्रबाट साबिक पोखरा उप-महानगरपालिका वडा नं.१० कित्ता नं. १०६८ क्षेत्रफल १७६-११-१-० जग्गा पश्चिमाञ्चल खेलकुद विकास समितिअन्तर्गत पोखरा रंगशालाको लागि अधिग्रहण गरिएबापत मुआब्जा (क्षतिपूर्ति) बुझ्ने कार्यअन्तर्गत पोखरा उपमहानगरपालिका वडा नं.१०, रामघाट स्थित पुष्प गौतमलाई क्षेत्रफल ४१-१५-२-२ को प्रति रोपनी रू.३,००,०००।- (तीन लाख) का दरले रू.१,२५,९३,०२२।- (रू. एक करोड पच्चिस लाख त्रियानब्बे हजार बाइस मात्र) मिति २०७१/०२/२६ मा चेक नं. २५६०३५८ बाट भुक्तानी गरिएको भनी सोसँग सम्बन्धित कागजातसमेत पठाएको देखिएको अवस्था हुँदा क्षतिपूर्ति बुझेकोमा विवाद भएन। क्षतिपूर्ति रकम बुझिसकेको अवस्थामा क्षतिपूर्ति रकम बुझ्न कागज गरिदिनुको कुनै अर्थ र प्रयोजन अब रहेको देखिँदैन। त्यसैले वादीले प्रस्तुत मुद्दाको फिरादपत्रमा करार ऐन, २०२३ को दफा १०(१) र (२) एवम् करार ऐन, २०५६ को दफा ७४ र ७६ को मात्र माग दाबी लिएको देखियो। करार ऐन, २०५६ को दफा ८६ अनुसार करारको यथावत् परिपालनाको दाबी लिएको नदेखिएकोले क्षतिपूर्तिको रकम बुझ्न कागज गरिदिनु

भन्ने आदेश जारी हुनुपर्ने अवस्था विद्यमान भएको नदेखिने।

अत: मिति २०५३/०९/०७ र २०५३/०९/१५ का करारहरूको सर्त परिवर्तन भई मिति २०५४/०१/१५ गते नयाँ करार भएको देखियो; कानूनबमोजिम कार्यान्वयनयोग्य प्रकृतिको करार भन्ने देखिएन । करारका सर्तअनुसारका कार्यहरू नगर्ने पक्षले प्रतिफलबापतको रकम बुझिपाउन मागदाबी गरेको देखियो। करार ऐन, २०५६ को दफा ७४ र ७६ को अवस्था विद्यमान रहेको पाइएन; क्षतिपूर्तिबापतको रकम बुझिपाउन कागज गराइपाउँ भन्ने दाबी लिइएकोमा करारको यथावत् पालनाको लागि करार ऐन, २०५६ को दफा ८६ को माग दाबीसमेत लिएको देखिएन। यस अवस्थामा वादी दाबी पुग्ने ठहर गरेको सुरू जिल्ला अदालतको मिति २०६२/०५/२१ को फैसला र सो फैसला केही उल्टी गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६५/१०/२६ को फैसलासमेत उल्टी हुने ठहर्छ र प्रत्यर्थी/वादी गोविन्द भक्त खोखालीको फिरादपत्र दाबी पुग्न नसक्ने।

इजलास अधिकृतः माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ २६ गते रोज २ शुभम्।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१८३२, शेषपछिको बकसपत्र बदर, मोहनबहादुर खड्का वि. मायादेवी खड्का*

प्रस्तुत मुद्दामा वादी प्रतिवादीहरूको नातासम्बन्धमा विवाद देखिँदैन । ताराकुमारी खड्काका छोरा वादीको पति हरिबहादुर खड्का २०६२।२।१० नै आफ्ना बाबु आमाबाट अंश भर्पाइ गरी अंश लिई छुट्टी भिन्न बसेको तथ्य निर्विवाद रूपमा देखिन्छ। त्यसतर्फ प्रत्यर्थी वादीले अन्यथा जिकिर लिएको देखिँदैन। विवादित कि.नं.१८१ मा वादीका पतिले २०६२ सालमा नै हक छाडिसकेको देखिन्छ। निज ताराकुमारीका अन्य छोराहरूले समेत २०६८ सालमा अंश लिइसकेको भन्ने देखिन्छ। बन्डा गर्न बाँकी रहेको सम्पत्तिमासमेत प्रत्यर्थी वादीले अंश पाउने र पति हरिबहादुरसँग सम्बन्धविच्छेद हुने ठहरी फैसला भएको प्रमाणमा आएको अंश / सम्बन्धविच्छेद मुद्दाबाट देखिन्छ । उल्लिखित जग्गा ताराकुमारीले आफ्नी आमाबाट प्राप्त गरी बढे बढाएको देखिएको र निज ताराकुमारीका छोराहरूले निजको जीवनकालभरी नखोजी आमाको नाउँमा रहेको सम्पत्ति स्त्री अंशधनको सम्पत्ति भनी मान्नुपर्ने देखियो । मुलुकी ऐन, दान बकसको १ नं.ले त्यस्तो सम्पत्ति ताराकुमारीको आफ्नो खुस गर्न पाउने देखिँदा सो सम्पत्ति निजको शेषपछि पालन पोषण गर्ने छोरा पुनरावेदकलाई बकसपत्र गरिदिँदा ०६२ सालमा नै भिन्न भएका छोरा हरि बहादुर खड्काको पत्नी प्रत्यर्थी वादीलाई साक्षी राख्नुपर्ने देखिएन । सम्बन्ध विच्छेद मुद्दाबाट हरिबहादुर खड्कासँग प्रत्यर्थी मायादेवीको सम्बन्ध विच्छेद भइसकेपश्चात् हाल प्रत्यर्थी मायादेवीले अर्का व्यक्ति भिमबहादुर थापा क्षेत्रीसँग विवाह गरिसकेको कुरा यस अदालतको मिसिल संलग्न रहेको च.नं.२८५ मिति २०७८।८।१ को रिब्दीकोट गाउँपालिका वडा नं.४ को वडा कार्यालय पाल्पाको पत्रबाट देखिने।

यसप्रकार २०६२ सालमा नै प्रत्यर्थी मायादेवीको पति हरिबहादुर खड्का आफ्ना बाबु आमाबाट अंश लिई छुट्टी भिन्न भई बसेको र हाल निज मायादेवीले अर्को व्यक्तिसँग विवाहसमेत गरिसकेको भनी देखिएको अवस्थामा भिन्न भई बसेको बुहारी प्रत्यर्थीले सासू आमाको नाउँमा रहेको सम्पत्तिमा अन्यथा दाबी गर्न पाउने अवस्था नदेखिई प्रस्तुत मुद्दाको औचित्य समाप्त भइसकेको देखिएकाले आमा ताराकुमारी खड्काले स्त्री अंशधनबापत पाएको

सम्पत्ति पुनरावेदक मोहनबहादुर खड्कालाई मिति २०६९।५।१९ गते पारित गरिदिएको शेषपछिको बकसपत्रको लिखत बदर हुन सक्ने अवस्थाको देखिएन। वादी दाबीबमोजिम लिखत बदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको देखिने।

तसर्थः तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०७०।१०।२६ को फैसला त्रुटिपूर्ण देखिँदा उल्टी भई ताराकुमारी खड्का दिने मोहन खड्का लिने भई निजहरूका बिचमा लिनु दिनु गरेको र.नं.४८६(क) बाट मिति २०६९।५।१९ मा पारित शेषपछिको बकसपत्र लिखत बदर गरिपाउँ भन्ने प्रत्यर्थी वादीको फिराद दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम्।

३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-०८१३, बाटो खिचोला, तिखेदेवल बस्ने तारादेवी थापा वि. नरमाया लिम्बूसमेत*

पुनरावेदक/प्रतिवादीका नाउँमा दर्ता रहेको कि.नं.२६० को जग्गाको उत्तरतर्फ रहेको कि.नं.२६१ को ०-२-२-० जग्गा को १० फिटे बाटोमा प्रतिवादीले खिचोला गरी पर्खाल टहरासमेत निर्माण गरेकोले खिचोला मेटाइ पर्खाल टहरासमेत भत्काई बाटो निकास पूर्ववत चलाइपाउँ भन्नेसमेत फिराद दाबीबाट मुद्दाको उठान भएकोमा कि.नं.२६१ को जग्गाबाट बाटो दिनुपर्ने होइन, वादी दाबी खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको पाइन्छ। प्रतिवादीले कि.नं. २६१ को जग्गाबाट बाटो दिनुपर्ने होइन भनी उल्लेख गरे तापनि कि.नं. २६० को उत्तरतर्फको बाटोको अस्तित्वलाई प्रतिवादीले स्वीकार गरेकै देखिँदा र वादीले लिएको साबिक लिखतहरूबाट समेत १० फिट बाटो भन्ने उल्लेख हुँदा वादी दाबीबमोजिम प्रतिवादीको कि.नं. २६० को उत्तरमा रहेको कि.नं. २६१ मा प्रतिवादीले निर्माण गरेको पर्खाल भत्काई १० फिटे बाटो खुलाई चलन चलाइदिने ठहर्छ भन्ने जिल्ला अदालत ललितपुरको फैसलालाई पुनरावेदन अदालत पाटनले सदर गरेको पाइने।

साबिक कि.नं. ४३ बाट कित्ता काट भई कि.नं. २५० र २५१ कायम भएकोमा पुनः उक्त कि.नं. २५१ कित्ता काट भई कि.नं. २६० र २६१ कायम भएको देखिन्छ। मिति २०६४।३।२७ मा प्रमाणित भएको ब्लुप्रिन्ट (नक्सा) मा कि.नं. २६१ कि.नं. २६० को उत्तरमा रहेको देखिन्छ। यद्यपि वादी/प्रत्यर्थी को कि.नं. (५४९, ५५१, ५५३) को घर जग्गामा प्रवेश गर्न विभिन्न मितिमा भएका लिखतहरूसमेतबाट साबिक कि.नं. ४४ र कि.नं. २५१ बाट परदाताहरूले १० फिटको साझा मोटरबाटोसम्मको उल्लेख भएको देखिँदा उक्त कि.नं. २६१ समग्र बाटोको लागि दिएको हो भन्ने देखिएन। तसर्थ वादी/प्रत्यर्थीले कि.नं (५४९, ५५१, ५५३) को घर जग्गामा प्रवेश गर्न र साझा प्रयोगमा रहने गरी १० फिटको बाटोसम्म प्रयोग गर्न पाउने देखिने।

तसर्थ, मिति २०६२।८।१५ मा अदालतको डोरबाट भएको जग्गाको नाप नक्साको न. नं. ४ र न.नं. १ (कि.नं. ५४९, ५५१, ५५३) को जग्गाको दक्षिणतर्फ रहेको गेटसम्म जान न.नं. १५ को जग्गाबाट समेत गरी जम्मा १० फिटको बाटो कायम हुने गरी ठहर गर्नुपर्नेमा अन्यथा गरेको हदसम्म पुनरावेदन अदालतको मिति २०६७।१२।२४ को फैसला केही उल्टी हुने ठहर्छ। घर वा घरको कुनै भाग भत्काउनेतर्फको वादी दाबी पुग्न सक्दैन। अरू कुरामा पुनरावेदन अदालत पाटनको फैसला सदर हुने।

इजलास अधिकृत: शारदा फुयाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ २३ गते रोज ५ शुभम्।

### ३२

**मा.न्या.श्री ईश्‍वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-RC-००९४, कर्तव्य ज्यान, डिकबहादुर राई वि. नेपाल सरकार*

मृतक सुवास राईको मृत्यु के कारणले भयो भनी कारणसहित उल्लेख गरिदिएको जाहेरवाला दिपेन्द्र राईको जाहेरी दरखास्त र सोलाई पुष्टि हुने गरी अनुसन्धान अधिकारी र सुरू अदालतमा गरेको बकपत्र, अनुसन्धान अधिकारीसमक्ष विभिन्न मानिसहरूले गरेको कागज बेहोरा र अदालतमा गरेको बकपत्र तथा प्रतिवादीले अदालत र अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्ति बयानलगायतबाट मिसिल संलग्न शव परीक्षण प्रतिवेदनसमेतको आधारमा प्रतिवादी डिकबहादुर राईले मृतकका हातबाट आफूलाई हान्न प्रयोग गरेको चिरपट दाउरो खोसी सोही चिरपटले मृतकको टाउकोमा प्रहार गरेको र सोही चोटको कारणबाट मृतक सुवास राईको मृत्यु भएको पुष्टि हुन आयो । यस अवस्थामा प्रतिवादीलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७७(१) को कसुरमा ऐजनको दफा १७७(२) बमोजिम जन्मकैद सजाय हुने ठहरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७७।८।१७ को फैसला कानूनसम्मत देखिँदा सदर हुने ।

अब प्रतिवादीलाई के कति सजाय हुने हो भनी मिसिल संलग्न तथ्य र उल्लिखित कानूनी व्यवस्थालाई मध्यनजर राखी न्यायको रोहमा हेर्दा, मृतक र प्रतिवादी एकै परिवारका सदस्य रहेको, निजहरूबिच वारदातपूर्व कुनै विवाद नरहेको, मृतक छारे रोगका बिरामी रहेको तथ्य निजको आमाले गरेको बकपत्रसमेतबाट खुल्न आएको, मृतकलाई प्रतिवादीले मार्नुपर्नेसम्मको पूर्वरिसइवी, मनसाय र भरपर्दो कारणसमेत नदेखिएको, प्रतिवादीको उमेर १९ वर्ष रहेको र प्रतिवादीले वारदात स्वीकार गरी अनुसन्धान अधिकारी र सुरू अदालतसमक्ष बयान गरेको यसप्रकारको स्थितिमा प्रतिवादी डिकबहादुर राईलाई ५ वर्ष कैद गर्दा कानूनको मकसद पूरा हुने देखिएकाले निज प्रतिवादीलाई ५ वर्ष कैद हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: कृष्ण गिरी

इति संवत् २०७९ साल मंसिर २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

### ३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०११२, कर्तव्य ज्यान, नेपाल सरकार वि. करवीरसिंह धामी*

प्रतिवादीहरूको बयान बेहोरालाई घटनास्थल लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, आफ्नो किटानी जाहेरी बेहोरालाई समर्थन गर्दै जाहेरवालाले गरिदिएको बकपत्र एवम् प्रतिवादीहरू करवीरसिंह धामी र केशवसिंह धामीले गोपालसिंह धामीलाई चक्कु र ढुङ्गाले प्रहार गरी मारेको मैले देखेकी हुँ भनी आफ्नो मौकाको कागजलाई पुष्टि हुने गरी उक्त घटना वारदातका प्रत्यक्षदर्शी साक्षी कुमेदेवी धामीले गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीहरूको साबिती बयानलाई थप समर्थन गरिरहेको अवस्थामा यिनै प्रतिवादीहरूबाट उक्त कसुर भएको भन्ने कुरा पुष्टि हुन आउने ।

वारदातको प्रकृति हेर्दा प्रतिवादी करवीरसिंह धामी र केशवसिंह धामी दुवै प्रतिवादीले अदालतसमेतमा बयान गर्दा गोपालसिंह धामीले अंशको विषयलाई लिएर जग्गासम्बन्धी विवाद भई झगडा सुरू भएको भन्ने कुरालाई स्वीकार गरेबाट मृतक र प्रतिवादीहरूबिच पहिलेदेखि नै अंशको विषयमा आपसमा मनमुटाव एवम् रिसइवी रहेको भन्ने देखिन्छ । उक्त वारदातमा प्रयोग भएको साधन हेर्दा ढुङ्गा, सिमेन्टको ब्लकको साथै चक्कुजस्तो धारिलो घातक हतियार प्रयोग

भएको, उक्त चक्कुले मृतकको संवेदनशील अंग छाती तथा पेटमा पटकपटक प्रहार गरेको कुरालाई स्वयम् प्रतिवादीको बयान, पोस्टमार्टम रिपोर्ट एवम् लास जाँच मुचुल्कासमेतले समर्थन गरिरहेको देखिने।

यसरी मृतक र यी प्रतिवादीहरूबिच पूर्वरिसइवी रहेको पाइएको, वारदातमा घातक हतियार चक्कुको प्रयोग भएको देखिएको, मृतकलाई पटकपटक संवेदनशील अंगमा चक्कुले प्रहार गरिसकेपछि ढुङ्गा तथा ब्लकसमेतले प्रहार गरेको अवस्था देखिँदा उक्त वारदातलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर भन्न मिलेन। प्रतिवादी करवीरसिंह धामीले गोपालसिंह धामीको ज्यानै लिने उद्देश्यले मनसायपूर्वक उक्त घटना वारदात घटाएको देखिएको अवस्थामा निज प्रतिवादी करवीरसिंह धामीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब देखिन आउने।

अर्का प्रतिवादी केशवसिंह धामीको हकमा हेर्दा अदालतसमक्ष भएको करवीरसिंह धामी र केशवसिंह धामी दुवै प्रतिवादीको बयानमा उक्त वारदातमा यी प्रतिवादी केशवसिंह धामीको संलग्नता नरहेको भन्ने उल्लेख भए पनि मौकामा बयान गर्दा दुवै प्रतिवादीले आफूहरू दुवै जनाको संलग्नतामा वारदात भएको भनी स्वीकार गरेको देखिएको, यी प्रतिवादीले मृतक गोपालसिंह धामीलाई हात मुक्काले प्रहार गरेको भन्ने कुरा दुवै प्रतिवादीको बयानबाट खुलेको तथा घटना वारदातका प्रत्यक्षदर्शी साक्षी कुमेदेवी धामीले उक्त वारदातमा यी केशवसिंह धामीसमेतले गोपालसिंह धामीलाई चक्कु तथा ढुङ्गासमेतको प्रयोग गरी मारेको मैले देखेकी हुँ भनी बकपत्र गरिदिएको अवस्थासमेतबाट उक्त वारदातमा यी प्रतिवादीकोसमेत सक्रिय सहभागिता रहेको थियो भन्ने कुरा पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी केशवसिंह धामीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय गरेको फैसलालाई पनि अन्यथा भन्न नमिल्ने।

प्रतिवादी करवीरसिंह धामीको चक्कु प्रहारबाट गोपालसिंह धामीको मृत्यु भएको भन्ने देखिएकोले प्रतिवादी करवीरसिंह धामीलाई मुख्य कसुरदार ठहर गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र अर्का प्रतिवादी केशवसिंह धामीकै प्रहारबाट गोपालसिंह धामीको मृत्यु भएको भन्ने कुरा यकिनसाथ खुल्न नआए पनि यी प्रतिवादीसमेत उक्त वारदातस्थलमा उपस्थित भई मृतकलाई कुटपिट गरेको कुरा पुष्टि भइरहेको अवस्था हुँदा निज प्रतिवादी केशवसिंह धामीलाई ऐ. ऐनको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी सुरू दार्चुला जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७६/१/५ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) को प्रतिबन्धात्मक वाक्यांशमा कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने उल्लेख भएको, मुलुकी अपराध (संहिता), २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था भएको र त्यसैगरी ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहे

भएको देखिएकोले यी प्रतिवादी करवीरसिंह धामीलाई पनि जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टाराई

इति संवत् २०७८ साल माघ १७ गते रोज २ शुभम् ।

३४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७७-CI-००३९, करारबमोजिम रकम दिलाइपाऊँ, सुर्यनारायण राय यादव वि. के वि इन्टरनेसनल प्रा.लि.*

वादी के.वी.इन्टरनेसनल र मलंगवा अटो सेन्टरका सञ्चालक पुनरावेदक प्रतिवादी सूर्यनारायण राय यादवबिच ट्र्याक्टर र मोटरसाइकलको बिक्री वितरण प्रयोजनार्थ डिलरसिप दिने र लिने सम्बन्धमा मिति २०६४।०८।०५ मा करार सम्झौता भएको र सम्झौताका दोस्रो पक्ष सुर्यनारायण राय यादवले सम्झौताबमोजिम तोकिएअनुसार भुक्तानी दिन असमर्थ भएकोमा दुवै पक्षबिच सो विषयलाई समाधान गर्ने गरी मिति २०६७।१०।२४ मा अर्को सहायक सम्झौता भएको देखिन्छ । तत्काल प्रचलित करार ऐन, २०५६ को दफा ४२(१) मा "करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक वस्तुको मूल्य करारका सर्तबाट वा करारमा मन्जुर गरिएको तरिकाबाट वा पक्षहरूबिच हुने कारोबारको सिलसिलाबाट निर्धारण गरिने छ" भनी उल्लेख भएको देखिन्छ । प्रत्यर्थी वादीले मिति २०६७।१०।१४ मा भएको सम्झौताअनुसार कुल बिगो रू.७७,००,०००।- र सोको ब्याजसमेतको दाबी गरी नालेस गरेको देखिन्छ । उक्त मितिको दोस्रो सम्झौतापश्चात् पुनरावेदक प्रतिवादीले के.वी. इन्टरनेसनल प्रा.लि.लाई रू.११,८५,०००/- बुझाएको भनी प्रत्यर्थी वादी स्वयंले फिरादपत्रमा नै स्वीकार गरेको र पुनरावेदक प्रतिवादीले सो हदसम्म बुझाएकोमा अन्यथा नभनेको हुँदा उक्त रकम दिए लिएकोमा मुख मिलेकै पाइयो । तर, प्रत्यर्थी वादीले उक्त रकम ब्याजबापत हो भनी फिराद गर्दा साँवा रकम पुरै माग गरेकोमा मिति २०६७।१०।१४ मा भएको लिखतको बुँदा नं.६ मा २०६९ श्रावण मसान्तभित्र रकम नबुझाएमा मात्र ब्याज लिने भन्ने सर्त रहेकोमा सोअगावै पुनरावेदक प्रतिवादीबाट जम्मा भएको रकमलाई साँवामध्येको कायम नगरी ब्याजअन्तर्गतको रकम हो भनी अर्थ गर्नु मुलुकी ऐन लेनदेन व्यवहारको ६ नं. बमोजिम वार्षिक १० प्रतिशतभन्दा बढी हुने गरी ब्याज लिन दिन नमिल्ने प्रचलित कानून र हाम्रो न्यायिक अभ्यास प्रतिकूलसमेत हुन जाने ।

पुनरावेदक प्रतिवादीले बुझाएको हो भनी जिकिर लिएको सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न रसिदहरू हेर्दा जम्मा रू. ११,८५,०००।- रकम मात्र बुझाएको देखिन्छ । रू. ११,८५,०००।- रकम मात्र बुझी पाएको भनी वादीले स्वीकार गरेको तर पुनरावेदक प्रतिवादीको दाबी अनुसार उक्त रू.२३,७०,०००।- रकम बुझी पाएको भनी वादीले स्वीकार गरेको देखिँदैन । करार ऐन, २०५६ को दफा ४३ मा "वस्तुको मूल्य चुक्ता गर्नुपर्ने प्रावधानको स्पष्टीकरण खण्डमा नगद भन्नाले बैंकमार्फत भुक्तानी हुने चेक, यात्रु चेक, प्रतिज्ञा-पत्र, विनिमयपत्र, प्रतीतपत्र, बैंक ड्राफ्ट, क्रेडिट कार्ड, टेलिग्राफिक ट्रान्सफरसमेत सम्झनुपर्छ" भन्ने उल्लेख भएकोमा सोअनुसारको कुनै पनि माध्यमबाट रू.११,८५,०००।- बाहेक थप रकम प्रतिवादीले वादीलाई बुझाएको प्रमाण पेस हुन सकेको नदेखिँदा उक्त रू.२३,७०,०००।- रकम पुनरावेदक प्रतिवादीले भुक्तानी गरेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रत्यर्थी वादी र पुनरावेदक प्रतिवादीबिच भएको डिलरसिप सम्झौताको बुँदा नं.२३ मा लेखिएको कमिसन छुट भन्ने शब्द र बुँदा नं.२४ मा रकम सम्पूर्ण भुक्तानी उपलब्ध गराए बुँदा नं.२३ बमोजिम कमिसन प्रतिथान उपलब्ध गराउने भन्ने लेखिएको छ । बुँदा नं.२३ मा भुक्तानीको आधार र सोबमोजिम

कार्यान्वयन हुने भन्नुको तात्पर्य कमिसन छुट प्रतिट्र्याक्टर रू.१,८०,०००/- प्रतिवादीले प्रतिफल प्राप्त गर्नुपर्नेमा सोसम्बन्धमा करारको परिपालना गराई प्रत्यर्थी वादीले लाभ प्राप्त गरेको स्थितिमा पुनरावेदक प्रतिवादीले समेत सोको फाइदा प्राप्त गर्न पाउने नै देखिँदा पुनरावेदक प्रतिवादीले छुट पाउने गरी इन्साफ गर्नुपर्नेमा करारको मूलभूत सर्त सम्बन्धमा केही नबोली भएको सुरू फैसला सो हदसम्म नमिलेको हुँदा करारीय लिखतमा उल्लिखित साँवा रकम रू.७७,००,०००।- सतहत्तर लाखमध्ये वादीले फिरादपत्रमा पुनरावेदक प्रतिवादीले बुझाएको भनी स्वीकार गरेको रकम रू. ११,८५,०००।- साँवा रकममा कट्टा नगरी र मूल सम्झौताको तपसिल खण्डको प्रकरण बुँदा नं. २३ र २४ मा भएको कमिसनसम्बन्धी सहमतिअनुसारको रकम प्रतिवादीले पाउने सम्बन्धमा केही नबोली भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठर्‍याई गरेको उच्च अदालत, जनकपुरको मिति २०७६।०१।०९ को फैसला मिलेको नै देखिने।

बाँकी रकम रू.७७,००,०००।- र सोको सयकडा १० प्रतिशतले हुन आउने ब्याजबाट प्रतिवादीले बुझाएको रू. १,४०,०००।- कटाई बाँकी रकम वादीले प्रतिवादीबाट भराइपाउने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी गरी साँवा रकम रू.७७,००,०००।– (सतहत्तर लाख) मध्ये वादीले फिरादपत्रमा प्रतिवादीले बुझाएको भनी स्वीकार गरेको रकम रू. ११,८५,०००।- साँवा रकममा कट्टा गरी बाँकी साँवा र सोमा लाग्ने कानूनबमोजिमको ब्याज भरिपाउने र कमिसन रकम प्रतिट्र्याक्टर रू.१,८०,०००/- का दरले रू.१८,००,०००/- प्रतिवादीले सम्झौताबमोजिम भरिपाउने सुविधा पाउने तथा बिक्री भएका मोटरसाइकलको रूपैयाँ वादीले बुझेकोले सोको (ब्लुबुक) वादीले प्रतिवादीलाई तुरून्त जिम्मा दिनुपर्ने एवम् बिक्री भएका ट्र्याक्टरको (ब्लुबुक) उल्लिखित रूपैयाँ बुझाएका बखत वादीले प्रतिवादीलाई दिनुपर्नेसमेत ठहर गरेको उच्च अदालत जनकपुरको मिति २०७६।०१।०९ को फैसला सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: पुष्कलराज प्रसाई
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन २५ रोज ४ शुभम्।

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७५-CR-२३४९, कर्तव्य ज्यान, कमल दर्जी वि. नेपाल सरकार, नेपाल सरकार*

मृतकलाई उपचार गराउन कमल दर्जी बडा बाबुसँग साथै गएका र अदालतमासमेत आई बकपत्र गर्ने कमल दर्जीका आफ्नै भाइ अनिल दर्जीले पनि मृतक बडा बाबुले कमल दर्जीले टाउकोमा हानेको भनेको भनी बकपत्र गरेको अवस्था छ। अस्पताल पुग्दासम्म मृतक होसमा नै रहेको र के भएको भनी सोध्ने सबैलाई कमल दर्जीले चिरपट दाउराले हानेको भनेको मिसिल संलग्न नहकुल घलेको बकपत्र र अनुसन्धानमा कागज गर्ने चतुरे भन्ने अनिल दर्जी, शर्मिला बुढाथोकी, दुर्गा खड्कासमेतको कागजबाट देखिन्छ। यस स्थितिमा पुनरावेदक प्रतिवादीको प्रहारबाट मृतकको टाउकोमा चोट लागी सोही चोटको कारण मृतकको मृत्यु भएको तथ्यमा विवाद नदेखिने।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहरेको भए तापनि निज प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको देखिँदैन। मृतक प्रतिवादीसँगै रहने बस्ने गरी प्रतिवादीले नै पालनपोषण गरेको देखिएको र ज्यान मार्नुपर्ने अन्य कुनै कारण पनि नरहेको अवस्थामा रक्सी खाई अपशब्द बोलेको सुनी रिस उठी दाउराको चिर्पटले प्रहार गर्दा टाउकोमा लागी सोही प्रहारको चोट पिरले मृतकको मृत्यु भएको

देखिन्छ । निज प्रतिवादीको पारिवारिक अवस्था, निज प्रतिवादीको कमाई आम्दानीबाट आस्रित अन्य ४ जना व्यक्ति रहेको भन्ने कुरा प्रतिवादीको बयानसमेतबाट देखिएकोले प्रतिवादीको उक्त कार्य वा अपराध गर्दाको अवस्थासमेत विचार गर्दा निजलाई ठहर भएको ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिई प्रतिवादी कमल दर्जीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन राय व्यक्त गरिएको सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७५।०५।१३ मा भएको फैसलाबमोजिम सजाय गर्दा न्यायको मकसद पूरा हुने देखिन आउने ।

तसर्थ, प्रतिवादी कमल दर्जीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५।११।२९ को फैसला मिलेकै देखिँदा सदर हुने । रायको हकमा उच्च अदालत विराटनगर, धनकुटा इजलासले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्ने व्यक्त गरेको राय मान्य नहुने भई सुरू अदालतको फैसलाबमोजिम १० वर्ष कैद गर्नु उपर्युक्त हुँदा सोहीबमोजिम १० वर्ष कैदको कैदीपुर्जी दिनु भनी सुरू संखुवासभा जिल्ला अदालतलाई लेखिदिने ।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर १९ गते रोज १ शुभम् ।

## इजलास नं. ७

### ३६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-WO-०३६०, परमादेशसमेत, हाइग्राउन्ड एडभेन्चर्स नेपाल प्रा.लि. वि. भन्सार विभाग, काठमाडौंसमेत*

निवेदकले धरौटी राखी सामान छुटाइसकेपछि पटक पटक विपक्षी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सामा उक्त धरौटी रकमको सम्बन्धमा जानकारी पाउन निवेदन गरेको र सो कार्यालयबाट कुनै जानकारी प्राप्त नभएपछि सोही विषयमा भन्सार विभाग त्रिपुरेश्वरमा समेत निवेदन दिएको तथ्य सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साको च.नं. २९४ मिति २०७७।५।१० को यस अदालतमा पेस गरेको कागजहरूबाट समेत देखिने ।

निवेदकले सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सामा राखेको रू.२७,२३,३२५।– धरौटी रकममध्ये सो औद्योगिक सुविधाअन्तर्गत भन्सार छुट भई ५% ले हुन आउने रू.१२,३८,७५८।६५ भन्सार महसुल लाग्ने भएको हुँदा सो लाग्ने रकम निवेदकको धरौटीबाट कट्टी गरी बाँकी रू.१४,८४,५६६।३५ फिर्ता पाउन मिति २०६९।८।१४ मा सो कार्यालयमा निवेदन गरेको र तत्पश्चात् उक्त माल सामानको कानूनबमोजिम वर्गीकरण र मूल्याङ्कनसमेत नभई भन्सार शुल्क निर्धारण हुन नसकेको र आधार कारणसमेतको जानकारी प्राप्त नगराएको भनी निवेदनमा लिएको जिकिरतर्फ विचार गर्दा यसमा निवेदकले Zip Flyer सञ्चालन गर्न अमेरिका Zip Flyer Amusement System का लागि प्राप्त सामानहरूका लागि Civil Bank मार्फत L/C खोली सामान आयात गरिएको सम्बन्धमा विवाद देखिँदैन । नेपालमा कुनै मालवस्तु आयात हुँदा भन्सार ऐन नियमलगायत अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पालना गर्नुपर्ने भए पनि कतिपय अवस्थामा हुने सामानहरूको आयातको उद्देश्य वा त्यस्ता सामानहरूको सम्भावित प्रयोगका कारण यदाकदा विवाद सिर्जना हुनु स्वाभाविक कुरा हुन् । त्यस्तो अवस्थामा भन्सार प्रशासनले आफूलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी एवम् सहज भएको प्रदर्शन गर्नु अपेक्षित हुन्छ । भन्सारमा प्राप्त सामानहरू अविलम्ब जाँचपास गरिनु, केही समय रोकिने अवस्था भएमा सामान नोक्सानी हुने वा मूल्यमा ह्रास

नआउने व्यवस्था मिलाई सुरक्षित राख्न लगाउनु, माल वस्तुको मूल्याङ्कन वा भन्सार महसुलको विवाद देखिएमा धरौटीमा वा अन्य कानूनसङ्गत वा व्यावहारिक प्रक्रिया अपनाई जाँचपासको व्यवस्था मिलाउनु, आयातकर्तालाई कानूनबमोजिम प्राप्त सुविधाहरू सहज रूपमा प्रयोग गर्न सक्ने वातावरण बनाइदिनु तथा कुनै विवाद देखिएमा कानूनले तोकेको समयभित्रै र त्यस्तो समय नतोकिएकोमा यथासम्भव चाँडै निकास दिनु सम्बन्धित भन्सार प्रशासनको कर्तव्य र जिम्मेवारीका विषय हुन् । कुनै पनि विवाद लामो समयसम्म राख्दा त्यसले सुशासनको अनुभूति दिँदैन । धरौटी राख्ने पक्षले फिर्ता पाउने रकम अर्को पक्षको कमजोरी वा अनिर्णयका कारण फिर्ता नपाएको अवस्थामा धरौटी राख्ने पक्षलाई हुने अपूरणीय आयशक्तिको ह्रास (Loss of earning power) सम्बन्धमा सरकारी निकाय संवेदनशील हुन आवश्यक हुन्छ । प्रस्तुत विवादको सम्बन्धमा २०६८ सालमा राखेको धरौटी सम्बन्धमा यति लामो समयसम्म निर्णय नहुनुले प्रशासनिक अक्षमता प्रदर्शित गरेको अनुमान गर्न सकिन्छ । दिनानुदिन बढ्दै गएको भन्सारको कारोबारमा यस प्रकारको अनिर्णयको अवस्थालाई सहज रूपमा लिन सकिएन । यस्ता विषयहरूमा सम्बन्धित निकायले लेखापरीक्षण गर्दा पनि गम्भीर रूपमा समयमै कानूनको पालना गर्न गराउनेतर्फ यथोचित निर्देशन दिनुपर्ने वा कैफियत जनाउनुपर्ने अवस्था पर्न सक्नेतर्फ ध्यानाकर्षण हुनु आवश्यक देखिने ।

अतः कारणवस भन्सार कार्यालयबाट मालवस्तु जाँचपास गर्दा सो प्रयोजनको लागि धरौटी राखिएको रकम सम्बन्धमा भन्सार निसयमावली, २०६४ को नियम ५५ मा निश्चित कार्यविधिसमेत तोकिएको र त्यस्तो कार्यविधि पालन गर्न विपक्षीहरूले आफ्नैतर्फबाट समेत तदारूकता देखाउनुपर्नेमा लामो समयसम्म पनि निवेदकले राखेको धरौटी रकम फिर्ता दिनुपर्ने हो होइन भन्नेबारे निर्णय भएको देखाउन नसकेको हुँदा निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेबमोजिम प्रतीतपत्र खोली आफूले आयात गरेको Zip Flyeer Amusement System सँग सम्बन्धित मालवस्तुमा राखेको धरौटीबारे भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ एवम् अन्य प्रचलित कानूनअनुरूप अविलम्ब निर्णय गरी निवेदकलाई जानकारी दिनु भनी विपक्षीहरूका नाममा यो परमादेश जारी हुने ।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असोज १० गते रोज १ शुभम् ।

**३७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-WO-०९२८, उत्प्रेषण, परमादेशसमेत, टंकप्रसाद भट्टराई वि. उच्च अदालत, विराटनगर, धनकुटा इजलास, धनकुटासमेत*

निवेदकले बन्डा मुचुल्कामा चित्त नबुझाई फैसला संशोधन गर्न दिएको निवेदनउपर कारबाही गरी सुरू तेह्रथुम जिल्ला अदालतले फैसला कार्यान्वयन भइसकेकोले फैसला संशोधन गर्न मिलेन भनी मिति २०७५/१/२७ मा गरेको आदेश उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५/२/१७ मा सदर भएको भए तापनि नापी कार्यालय, तेह्रथुमको च.नं. १३७, मिति २०७४/१२/१८ को मालपोत कार्यालयलाई पठाएको पत्र तथा मालपोत कार्यालय, तेह्रथुमले तेह्रथुम जिल्ला अदालतलाई पठाएको पत्र च.नं. ४५१, मिति २०७४/१२/२० मा इसिबु गाउँ विकास समिति वडा नं. ५ को किनं. १२१ मा दुई वटा घर भएको र कुन घरलाई ७ भाग लगाउने सोसमेत स्पष्ट नभएकोले स्पष्ट भई आएमा कित्ता काट गरिने बेहोरा उल्लेख भएबाट निवेदकले फैसला संशोधनको निवेदन दिएको मितिसम्म कुनै पनि घरको कित्ता काट गरेको नदेखिँदा विवादित घरको हकमा समेत फैसला

कार्यान्वयन भइसकेको अवस्था रहेको देखिन आएन। निवेदकले दुई वटा घर रहेकोमा एउटा घरको मात्र बन्डा मुचुल्का तयार गरिएको भनी लिएको जिकिरसमेत पुष्टि भएको देखिने।

बन्डा सम्पत्ति जे जस्तो अवस्थामा रहेभएको भए पनि अंशियारहरूबिच बन्डा हुने नै हुन्छ । यी निवेदकहरूले आफ्नो मात्र हक लाग्ने अन्य अंशियारहरूको अंशभाग नलाग्ने सम्पत्ति भन्ने दाबी लिई तायदाती विवरणमा उल्लेख गरेको घर फैसलाको तपसिल खण्डमा उल्लेख नभएको कारणले यी निवेदकहरूले नपाउने भन्नु नेपालको संविधानको धारा १८ ले प्रत्याभूत गरेको समानताको हक तथा न्याय र कानूनका मान्य सिद्धान्तहरूसमेतका आधारमा मिल्ने देखिँदैन। फैसलाको ठहर खण्डमा सम्पूर्ण घर जग्गा बन्डा हुने उल्लेख भएको देखिएबाट निवेदकले दाबी गरेको घरसमेत बन्डा हुने गरी नै सुरू अदालतले फैसला गरेको देखियो। फैसला तयार गर्ने क्रममा उक्त घरको बारेमा प्राविधिक वा मानवीय त्रुटि कारणले तपसिल खण्डमा उल्लेख नहुन गएको देखिन्छ । फैसलाका ठहर खण्डलाई तात्विक असर नपर्ने, मानवीय कमजोरीका कारणले बेलाबखतमा हुने यस्ता त्रुटिहरू सच्याई फैसला कार्यान्वयनलाई सजिलो बनाउन नै फैसला संशोधनको व्यवस्था कानूनले गरेको हो। फैसला कार्यान्वयन भइसकेको छैन भने यस्ता सानातिना त्रुटिलाई सच्याइदिँदा नै न्यायको मकसद पूरा हुने र फैसला कार्यान्वयनमा सजिलो हुने हुन्छ भन्नेतर्फ सबैले ध्यान दिन जरूरी देखिन्छ। प्रस्तुत विवादमा सुरू अदालतको कित्ताकाट आदेशबाट कुन घर कित्ताकाट गर्ने प्रस्ट नभएको भन्ने नापी कार्यालय तेह्रथुमले मिति २०७४/१२/१८, च.नं.१३७ मालपोत कार्यालय, तेह्रथुमलाई पठाएको पत्र बेहोरा तथा यस अदालतमा पेस गरेको लिखित जवाफबाट समेत यसै विवादको कारण फैसला कार्यान्वयन हुन नसकी पक्षले अनावश्यक हैरानी बेहोर्नु परेको देखिने।

फैसला गर्नु मात्र अदालतको गन्तव्य होइन, फैसला भएपछि यथाशीघ्र त्यस्ता फैसलाको कार्यान्वयन गर्नु गराउनु नै न्यायको मकसद र माग तथा अदालतको कर्तव्य हो। मिति २०७२/२/१८ मा अन्तिमता पाइसकेको फैसला यस्ता सानातिना त्रुटिको कारण अल्झिएर बस्नु र सर्वोच्च अदालतको हस्तक्षेपको आवश्यकता पर्नुले अदालतको छवि धुमलिएको महसुस हुन्छ। उपरोक्त फैसला कार्यान्वयन भएको छैन भनी नापी कार्यालय, तेह्रथुमले मिति २०७४।१२।१८ मा मालपोत कार्यालय, तेह्रथुमलाई लेखेको पत्र र मालपोत कार्यालयले मिति २०७४।१२।२० मा तेह्रथुम जिल्ला अदालतलाई लेखेको पत्रतर्फ ध्यान नपुऱ्याई सम्बन्धित अदालतहरूले फैसला कार्यान्वयन भइसकेको भनी आदेश गर्नु र सोही बेहोराको लिखित जवाफ पेस गर्नुलाई प्रस्तुत मुद्दामा सामान्य रूपमा हेर्न सकिएन। यस्ता तथ्य विमुख लिखित जवाफले न्याय सम्पादनलाई सहयोग गर्दैन भन्ने सम्बन्धमा सबै सरोकारवालाको ध्यान पुग्नु पर्दछ । अर्कोतर्फ, फैसला कार्यान्वयन हुन नसकेको कारण उल्लेख गरी पत्राचार गरेका नापी कार्यालय, तेह्रथुमले यस अदालतमा लिखित जवाफ पेस गर्दा फैसलाबमोजिम कित्ता काट हुन नसकेको स्वीकार गरे पनि निवेदकको मागलाई "कपोलकल्पित, मनगढन्ते र निराधार आरोप लगाई दुःख हैरानी दिन मात्र झुट्ठा आरोप लगाई तथ्य विपरीत नापी कार्यालयलाई विपक्षी बनाएको" भन्ने उल्लेख गरकोतर्फ पनि ध्यानाकर्षण हुन गएको छ। जनताले अदालतको फैसला कार्यान्वयनमा भोगेको समस्यालाई लिएर रिट निवेदन दायर गर्नुलाई नापी कार्यालय वा यस्ता अन्य विपक्षीले व्यक्तिगत रूपमा लिई अनावश्यक एवम् अपाच्य शब्द उल्लेख गर्नुलाई सामान्य रूपमा स्वीकार गर्न सकिँदैन। अदालतमा पेस हुने लिखित जवाफ वा अन्य जवाफहरूमा संयमता, शालीनता तथा तथ्यपरक हुनुपर्ने सम्बन्धमा यी कार्यालयको ध्यानाकर्षण गराउनु आवश्यक देखिएको।

अतः तेह्रथुम जिल्ला अदालतबाट मिति २०७०/१२/१७ गतेको (मु.नं. ०६९-CP-००२७) फैसलाको ठहर खण्डमा तायदाती विवरणमा उल्लिखित सम्पूर्ण सम्पत्तिमध्ये ७ (सात) भागको ४ (चार) भाग वादीहरूलाई छुट्याई बन्डा हुने गरी फैसला भएकोमा उक्त फैसलाको तपसिल खण्डमा निवेदकले पेस गरेको तायदाती विवरणमा उल्लेख भएका दुई घरमध्ये एउटा घर मात्र उल्लेख भई सोहीबमोजिम बन्डा मुचुल्का भएको देखिँदा दुवै घर बन्डा हुने गरी तपसिल खण्डमा संशोधन गरिपाउँ भनी फैसला संशोधनका लागि निवेदन दिएकोमा फैसला कार्यान्वयन भइसकेकाले मागबमोजिम संशोधन नहुने गरी सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०७५/१/२७ को आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५/२/१७ को आदेश फैसलाको ठहर खण्ड विपरीत नहुने गरी संशोधन गरिदिनुपर्नेमा संशोधन नहुने भनी भनेको हदसम्म मिलेको नदेखिँदा सो हदसम्म उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी निवेदकहरूले रीतपूर्वकको फैसला संशोधन गरिपाउँ भनी निवेदन दिन ल्याएमा फैसलाको ठहर खण्डमा तात्विक फरक नपर्ने गरी फैसलाको ठहर खण्डमा तायदाती विवरणमा उल्लिखित सम्पूर्ण सम्पत्तिमध्ये ७ (सात) भागको ४ (चार) भाग वादीहरूलाई छुट्याई बन्डा हुने उल्लेख भएकाले दुबै घर बन्डा हुने गरी सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०७०।१२।१७ को फैसलाको तपसिल खण्ड संशोधन गरिदिनु र सोहीबमोजिमको बन्डा मुचुल्का गरी यथासक्य चाँडो फैसला कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल भाद्र १८ गते रोज ६ शुभम् ।

## ३८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CI-०३३२, अंश चलन, हसना बुढाथोकी वि. रामबहादुर बुढाथोकीसमेत*

पुनरावेदकले उच्च अदालत पाटनको फैसलामा अंशबन्डा लाग्ने हकसम्मको सम्पत्तिमा चित्त बुझाए पनि प्रतिवादीमध्येका राधाकृष्ण बुढाथोकीको र निजैसमेतको नाउँमा निजी आर्जनको सम्पत्ति राजीनामाबाट खरिद गरेको भनिएको काठमाडौं जिल्ला, स्युचाटार गाउँ विकास समिति वडा नं. २ को कि.नं. १९९४ को क्षे.फ. ०-७-१-३ घर जग्गा र ऐ.ऐ. वडा नं. ३ कि.नं. ३५४ को क्षे.फ. ०-४-१-० ऐ.ऐ. वडा नं. १ को कि.नं. २०४७ को क्षे.फ.०-०-३-२ ऐ.ऐ. वडा नं. १क को कि.नं. २२३ को क्षे.फ. ०-५-० समेतका सम्पत्तिमा अंश लाग्ने भनी दाबी गरेको देखिन्छ । सगोलको अंशियारको श्रम, सिप र पैत्रिक सम्पत्ति यदि मिसिएको भन्ने प्रमाणद्वारा स्थापित हुन्छ भने त्यस्तो सम्पत्तिको अस्तित्व निजी स्वआर्जनको नभई सगोलको हुने र त्यस्तो सम्पत्ति सगोलमा बन्डा लाग्ने हुन्छ । उल्लिखित कि.नं.को जग्गाको हकमा पनि उक्त जग्गा सगोलको अंशियारको श्रम, सिप वा पैत्रिक सम्पत्ति मिसिएको अवस्थाको सम्पत्ति हो वा प्रतिवादी राधाकृष्ण बुढाथोकीको विशुद्ध श्रम, सीप र ज्ञानबाट आर्जन भएको स्वआर्जनको सम्पत्ति हो त्यसतर्फ विचार गरी हेर्नुपर्ने देखिन आएको ।

तत्काल प्रचलित मुलुकी ऐन, अंशबन्डाको महलमा भएको व्यवस्था र अदालतबाट प्रतिपादित विभिन्न नजिर सिद्धान्तहरूलाई समेत दृष्टिगत गर्दा र अंशबन्डाको कानूनले अपनाई आएको मान्यतालाई हेर्ने हो भने बाबु, आमा, लोग्ने, स्वास्नी छोरा, छोरीहरूको जीय जीयैको अंश गर्नुपर्ने भन्ने देखिन्छ । यो मान्यताले सगोलमा आर्जित सम्पत्ति सगोलमा बस्ने सबै अंशियारहरूबिचमा भागबन्डा

लाग्ने कुरालाई स्वीकार गरी सगोलमा आर्जन गरेको र आफ्नो मात्र एक्लो प्रयासले स्वआर्जन गरेको सम्पत्तिलाई छुट्याई ती सम्पत्तिको कानूनी हैसियतका बारेमा तत्काल प्रचलित अंशबन्डाको महलमा व्यवस्था भएको सन्दर्भमा विचारणीय के हुन्छ भने सम्पत्ति सगोलको हो, सगोलमा सबैको भाग लाग्छ भनी जिकिर लिनेले र स्वआर्जनको एकलौटी हो भाग लाग्दैन भनी भन्नेले आफ्नो भनाइ जिकिर वस्तुनिष्ठ तथ्यगत प्रमाण प्रस्तुत गरी सो कुरा पुष्टि प्रमाणित गराएको देखिनुपर्ने।

प्रतिवादी राधाकृष्ण बुढाथोकीले राष्ट्रिय सङ्ग्रहालय स्थायी जागिरे रही आर्जन गरेको आय, सञ्चय कोषलगायतको रकम, पेन्सन, टुरिजम डेभलपमेन्ट बैंकबाट ऋण लिएको रकम, विभिन्न समूहबाट ऋण लिएको रकम तथा सो रकम जग्गामा लगानी गरेर जग्गाको कारोबार गरी स्वआर्जन गरेको हो भनी पेस गरेको आफ्नो स्वआर्जनका प्रमाण कागजातहरू मिसिल संलग्न रहेको देखिन्छ। त्यसबाट उल्लिखित स्रोतबाट जग्गा खरिद गरी सम्पत्ति जोडेको भन्ने कुरा समर्थित हुन आएकोले विवादको काठमाडौं जिल्ला, स्युचाटार गाउँ विकास समिति वडा नं. २ को कि.नं. १९९४ को क्षे.फ. ०-७-१-३ घर जग्गा र ऐ.ऐ. वडा नं. ३ कि.नं. ३५४ को क्षे.फ. ०-४-१-० ऐ.ऐ. वडा नं. १ को कि.नं. २०४७ को क्षे.फ.०-०-३-२ ऐ.ऐ. वडा नं. १ क को कि.नं. २२३ को क्षे.फ. ०-५-० समेतका सम्पत्तिमा प्रतिवादी राधाकृष्ण बुढाथोकीको पेन्सन,तलब,ऋण लिएको रकम तथा सो रकम जग्गामा लगानी गरेर जग्गाको कारोबार गरी निजी आर्जनको भन्ने नै देखियो। यी प्रमाणहरूलाई अन्यथा हुने गरी अन्य कुनै फरक प्रमाण पेस भएको नपाइने।

अतः प्रतिवादी राधाकृष्ण बुढाथोकी र निजका परिवारको नाममा भएको सम्पत्तिहरू निजको स्वआर्जन हुने अवस्था देखिन आएकोले उच्च अदालत पाटनको मिति २०७५/३/४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल भाद्र २३ गते रोज ४ शुभम्।

३९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-WO-१२९९, उत्प्रेषण, सुरेश राय वि. भुखलु रायसमेत*

लिखित जवाफसमेतका कागजातबाट विपक्षी भुखलु रायसमेत निजका छोराहरू नरेश राय र नागेन्द्र रायबिच मिति २०६८/३/१९ मा नै बन्डापत्र भइसकेको र उक्त बन्डा पत्रमा ऋण तिर्नुपर्ने भनी कुनै रकम कलमसमेत उल्लेख भएको अवस्था निवेदकले देखाउन सकेको देखिँदैन। नरेश रायको मृत्युअघि यो लिखत प्रकाशमा आएको छैन।नरेश राय र पवनदेवीको कुनै छोरा छोरीको जायजन्म नभएका कारण अपुतालीको २ नं., ज.प.को २क समेतको कानूनी व्यवस्थाबाट निज नरेश रायको श्रीमती पवनदेवीको एकलौटी हक कायम हुन आएको स्त्री अंशधनको जग्गामा अन्य कुनै व्यक्तिको हक कायम रहेको मान्न सकिने अवस्थासमेत विद्यमान नदेखिने।

मुख्य तह एकासगोलमा हुँदा ऋण लिएको रकमबाट लाभ लिने वा उक्त रकम उपयोग गर्ने वा उक्त रकम तिर्न स्वीकार गर्ने वा एकासगोलमा ऋण लिएको रकमलाई तिर्ने दायित्व सबै अंशियारमा समान रूपमा रहने नै देखिन्छ। मिति २०६६।५।११ को कथित ऋणबारे मिति २०६८।३।१९ को बन्डापत्रमा उल्लेख नहुनु, नरेश राय उक्त ऋणबारे जानकार रहेको कुनै प्रमाण नभेटिनु र लेनदेन भएकै भए पनि ऋणीले दायित्व बेर्होनुपर्ने अवस्थामा ऋणी भुखलु रायको नाममा दर्ता रहेको जग्गा मिति २०७०/५/६ मा खरिद बिक्री भएको जमिन एकाघरका निज भुखलु रायको नाति नागेन्द्र रायको छोरा नितेश राय-१ र निज भुखलु

रायको बुहारी, नागेन्द्र रायको श्रीमती श्यामकुमारी देवी-२ ले नै खरिद गरेको भन्ने कुरा बहसका क्रममा समेत निवेदकका कानून व्यवसायीले अस्वीकार गर्न नसकेबाट ऋणी विपक्षी भुखलु रायले आफ्नो नाउँको जग्गा नातिनी बुहारीको नाममा नामसारी गरेकोबाट मिलोमतोमा विपक्षीमध्येको पवनदेवीलाई सम्पत्तिबाट विमुख गर्ने प्रयत्न भएको देखिन आउने ।

तसर्थ, ऋणी विपक्षी भुखलु राय र निज नरेश रायको श्रीमती पवनदेवीबिच भएको मिति २०६८/३/१९ को बन्डापत्रमा ऋण तिर्नुपर्ने भनी कुनै रकम कलमसमेत उल्लेख नभएको अवस्थामा निवेदकले विपक्षी पवनदेवीको एकलौटी हक कायम हुन आएको स्त्री अंशधनको जग्गाबाट असुलउपर गर्नु नपर्ने भई ऋणी विपक्षी भुखलु रायको जायजेथा देखाई असुलउपर गर्नुपर्ने देखिएकोले मिति २०७३।१०।-१४ मा भएको सुरू सर्लाही जिल्ला अदालत र मिति २०७४।१।८ मा भएको उच्च अदालत जनकपुरको आदेश मिलेकै देखिएको वर्तमान अवस्थामा मागबमोजिम रिट जारी हुन सक्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असोज १३ गते रोज ४ शुभम् ।

- *यसै प्रकृतिका ०७३-WO-०८८७, उत्प्रेषण, पवनदेवी यादव वि. सर्लाही जिल्ला अदालत, सर्लाहीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।*

## इजलास नं. ८

४०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-००६७, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम डडेल्धुरा "५९" वि. डडेल्धुरा जिल्ला अदालत*

निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(१) को कसुरमा सोही संहिताको दफा १७८(२) बमोजिम हुन र वारदातको समयमा निजको उमेर १३ वर्षको बालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिमको सजायको माग दाबी लिएको, अभियोगपत्रमा निजको उमेर वर्ष १३ उल्लेख भएको र सो कुराको पुष्टि श्री गणेशमान स्मृति प्राथमिक विद्यालय अमरगढी वडा नं. ६ दुमडा डडेल्धुराबाट प्राप्त प्रमाणपत्रबाट भएको अवस्थामा माग दाबी नै नभएको निजको उमेर १४ वर्ष कायम गरी निवेदकलाई कैद ठेकी भएको विपक्षी डडेल्धुरा जिल्ला अदालतको फैसला कानूनी मान्यताको विपरीत भई दाबी नै नभएको कुरा बोलेको सन्दर्भबाट मिलेको नदेखिँदा डडेल्धुरा जिल्ला अदालतबाट भएको फैसलालाई कानूनसम्मत मान्न नमिल्ने ।

अतः विपक्षी डडेल्धुरा जिल्ला अदालतबाट मिति २०७७।५।१५ मा भएको फैसला मिलेको नदेखिँदा बाल सुधार गृह डोटी सिलगढीमा रहेका वर्ष १३ का परिवर्तित नाम डडेल्धुरा "५९" को हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदक परिवर्तित नाम डडेल्धुरा "५९" लाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम ६ महिनासम्म कैद सजाय वा एक वर्षसम्म बालसुधार गृहमा बस्नुपर्नेमा थुनामा परेको मिति २०७७।५।१५ बाट एक वर्ष बाल सुधार गृहमा बस्नुपर्ने अवधि हाल भुक्तान भइसकेको देखिँदा वर्ष १३ को परिवर्तित नाम डडेल्धुरा "५९" को हकमा अन्य मुद्दाको रोहमा थुनामा राख्नु नपर्ने भए आजैको मितिबाट निजलाई थुना मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको ।

इजलास अधिकृत: उदवीर नेपाली

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल कार्तिक १७ गते रोज ४ शुभम् ।

४१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७७-WH-०४१२, बन्दीप्रत्यक्षीकरण, सानुकाजी महत वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकउपर उच्च अदालत पाटनमा चलेको बैंकिङ कसुर मुद्दामा जारी भएको समाह्वान म्याद निवेदकको स्थायी ठेगाना जिल्ला रामेछाप साबिक खाँडादेवी गा.वि.स. वडा नं. ५ परिवर्तित खाँडादेवी गाउँपालिका वडा नं. ७ मा रीतपूर्वक तामेल भएको देखिएको र उक्त म्यादका आधारमा तत्पश्चात्का न्यायिक काम कारबाहीहरू अगाडि बढी फैसलासमेत भइसकेको परिप्रेक्ष्यमा यी निवेदकलाई सुनुवाइको मौका नै नदिई फैसला गरियो भन्ने निवेदन जिकिर कानूनसम्मत देखिन आएन । एउटा साधिकार निकायबाट कानूनको उचित प्रक्रिया पुऱ्याई, कानूनको रीत ढाँचा पुऱ्याई काम कारबाही गरेको देखिएको र सोही वैधानिक आधारमा बाँकी कामहरू भएको पाइयो । यस्तो रीतपूर्वक तामेल भएको म्यादलाई सुनुवाइको मौका दिने नाउँमा बदर गर्दै जाने हो भने अदालतका काम कारबाहीहरू अन्तरहीन रूपमा रहिरहने, दण्डहीनता बढ्ने, न्यायिक प्रक्रिया अवरूद्ध भई समाजमा अशान्ति बढ्न जानेसमेत देखिएकोले यस्ता रीतपूर्वक भएका काम कारबाहीहरूलाई समर्थित गर्दै जाने र न्यायिक मार्ग अवरूद्ध हुनबाट जोगाउने दायित्वसमेत अदालतको हुन आउँछ । यी निवेदकको नाउँमा बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिएको त्यसपछिका काम कारबाहीसमेत सम्पन्न भई फैसलासमेत भइसकेको परिप्रेक्ष्यमा यी निवेदकको उक्त बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद एवम् उच्च अदालत पाटनबाट मिति २०७७।१०।२८ मा भएको फैसला, काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरी पुन: मेरा नाममा म्याद जारी गरी इन्साफ गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विपक्षीमध्येका महेश महर्जनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक सानुकाजी महत भएको मुद्दा नं. ०७७-CB-०२०७ को बैंकिङ कसुर मुद्दामा निवेदक सानुकाजी महतलाई ०।०।५ (पाँच) दिन कैद र रू. १३,००,०००।- (तेह्र लाख रूपैयाँ) जरिवाना ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७७।१०।१८ मा भएको फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा काठमाडौं जिल्ला अदालतको च. नं. २०२१ मिति २०७८।०३।१७ को कैदी पुर्जीले निवेदक सानुकाजी महत कैदमा रहेको अवस्था विद्यमान भएकोले निजको कैद गैरकानूनी भन्न मिल्ने अवस्था नहुँदा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल भदौ १ गते रोज ३ शुभम् ।

- यसै लगाउको *०७७-WH-०४१३, बन्दीप्रत्यक्षीकरण, सानुकाजी महत वि. उच्च अदालत पाटन, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-WH-०३९०,*

*बन्दीप्रत्यक्षीकरण, दिनेश श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत*

ठगी मुद्दामा आफूलाई हुन सक्ने अधिकतम कैद ५ वर्ष बराबर मिति २०७२।०१।२९ देखि मिति २०७७।०१।२८ सम्म थुनामा बसिसकेको, प्रस्तुत ठगीको मुद्दासँग लगाउमा रहेको ०७१-CR-१९७५ को ठगी मुद्दामा भएको थुनछेक आदेशानुसार समेत मिति २०७७।०३।०२ मा थुनामुक्त भइसक्नुपर्ने देखिएको, प्रतिवादीको वतन यकिन हुन नसकी मुद्दाको थप कारबाही अगाडी बढ्न नसकेको जस्ता अदालती कारबाहीमा हुन गएको विलम्बका कारण थुनछेक आदेशानुसार निवेदक कानूनले तोकेकोभन्दा बढी अवधि थुनामा बस्नुपरेको देखिँदा काठमाडौं जिल्ला अदालतको मिति २०७२।०१।२९ को थुनछेक आदेश, सो आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७२।०९।२४ को आदेश र सो निवेदकलाई थुनामा राख्नका लागि काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।०३।०२ मा कारागार कार्यालय डिल्लीबजारलाई गरेको पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकलाई मिति २०७७।०३।०१ पछि राखिएको कैद कानूनसम्मत नभएकोले निवेदक प्रतिवादी दिनेश श्रेष्ठलाई तत्काल थुनामुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निजउपरको उपर्युक्त ठगी मुद्दा हालसम्म विचाराधीन नै रहेको देखिँदा निवेदक प्रतिवादी दिनेश श्रेष्ठलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः विकाशकुमार रजक

कम्प्युटर: चन्द्राबती तिमल्सेना

इति संवत् २०७७ साल आषाढ १७ गते रोज ४ शुभम्।

## इजलास नं. ९

### ४३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WH-००९९, बन्दीप्रत्यक्षीकरण, नरेन्द्र कुमार श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत*

चेक अनादर मुद्दाका प्रतिवादी अर्थात् रिट निवेदक मिति २०७८/८/१७ मा पक्राउ परी वादीको बिगोबापतमा २ वर्ष कैद गर्ने प्रयोजनका लागि काठमाडौं जिल्ला अदालतको च.नं.१७५४ मिति २०७८/८/१७ को पत्रबमोजिम कैदमा राख्न पठाएको र मिति २०७८/९/६ मा निवेदक/प्रतिवादीसँग आफूले फैसलाबमोजिम पाउनुपर्ने साँवा ब्याजसमेतको बिगो रकम पाइसकेकोले प्रतिवादीलाई थुनामुक्त गरिपाउँ भनी वादी/विपक्षीले निवेदन दिई सोही मितिको काठमाडौं जिल्ला अदालतको आदेशानुसार च.नं.२०४१, मिति २०७८/९/६ को पत्रबाट रिट निवेदक कैदमुक्त भइसकेको देखियो। यी निवेदकले उक्त चेक अनादर मुद्दाको फैसला कार्यान्वयनका क्रममा वादीको बिगोबापत रकम बुझाइ कैद मुक्त भइसकेको अवस्थामा रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिएकोले निवेदन मागअनुसार आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मनोज बराल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल पुस १६ गते रोज ६ शुभम्।

### ४४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-१५७३, ०७६-CR-१७४९, कर्तव्य ज्यान, नेपाल सरकार वि.*

*झम्कबहादुर आले मगरसमेत, शुभद्रा आलेमगर वि. नेपाल सरकार*

प्रतिवादी विष्णुहरि बल मौकामा अधिकारप्राप्त अधिकारीसमक्षमा बयान गर्दा सुभद्रा आलेमगरसँग शारीरिक सम्पर्क राखेको कुरासम्म स्वीकार गरेकोमा अदालतमा बयान गर्दा आफूले शुभद्रा आलेमगरलाई करणी गरेको कुरामा इन्कार रहेको देखिन्छ । प्रहरी प्रतिवेदन तथा मौकामा घटना विवरण कागज गर्ने कुनै पनि व्यक्तिले शुभद्रा आलेमगरले नवजात शिशु जन्माउँदाका बखतमा निज विष्णुहरि बलको उपस्थिति रहेको र नवजात शिशु फाल्न सघाएको वा फालेको वा यो यस्तो तवरले शिशुलाई झाडीमा फाल्नमा भूमिका खेलेको भनी पोल गर्न सकेको देखिँदैन। नवजात शिशुको जैविक बुबा निज नरहेको भन्ने केन्द्रीय विधिविज्ञान प्रयोगशालाको DNA परीक्षण प्रतिवेदनबाट देखिएको छ । प्रतिवादी शुभद्रा आलेमगरले निजसँग करणी भएको भनी पोल गरेकोबाहेक अन्य स्वतन्त्र प्रमाणबाट निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको नवजात शिशु फाल्नमा मद्दत सहयोग पुऱ्याएको भन्ने पुष्टि हुन सकेको पाइँदैन । अभियोग दाबी लिएकै आधारमा मात्र निजलाई कसुरदार ठहर गर्नु फौजदारी कानूनको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने देखिएकाले निज विष्णुहरि बललाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६।०७।०५ को फैसला अन्यथा देखिन नआउने।

अर्का प्रतिवादी झम्कबहादुर आलेमगरलाई कसुर ठहर गरी जन्मकैदको सजाय ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेको छ छैन भन्नेतर्फ विचार गर्दा, निजले अदालतमा बयान गर्दा छोरी शुभद्राले नाबालक शिशु जन्माएको र बच्चा नरोएकोले मैले एम्बुलेन्स बोलाई अस्पताल ल्याउँदा नवजात शिशुको मृत्यु भएको, नवजात शिशु मार्ने नियतले झाडीमा लगी फालेको होइन भनी कसुरमा इन्कार रहेका छन् । अनुसन्धानको क्रममा प्रतिवेदन दिने प्र.स.नि. दिपकराज मैनालीले सुभद्रा आलेमगर र निजका बुबा झम्कबहादुर आलेमगरले नवजात शिशुलाई जीवितै अवस्थामा फालेको भन्ने बुझिन आएको भनी अरूले भनेका आधारमा निजलाई पोल गरेको पाइन्छ। मौकामा कागज गर्ने एलिसा सारू मगरसमेतका व्यक्तिहरूको पनि शुभद्रा आलेमगरको बच्चा जन्माई झम्कबहादुर आलेमगरले झाडीमा लागी फालिदिएको भन्ने सुनेको हो भनी लेखाएको पाइन्छ। एलिसा सारू मगरले अदालतमा बकपत्र गर्दा नवजात शिशु फाल्न लगाउने शुभद्रा आलेमगर नै दोषी हुन् भनी लेखाएको देखिन्छ। प्रतिवादी शुभद्रा आलेमगरले मौकामा निजका बुबालाई पोल गरी लेखाएको बयान बेहोराबाहेक घटनास्थलमा उपस्थित भएका कोही कुनै व्यक्तिले पनि नवजात शिशु प्रतिवादी झम्कबहादुर आलेमगरले झाडीमा फालेको देखेको भन्न सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ। कुनै पनि प्रतिवादीलाई कसुरदार भनी अभियोग लगाइन्छ भने त्यस्तो कसुर स्वतन्त्र प्रमाणहरूबाट निर्विवाद रूपमा प्रमाणित हुनुपर्दछ । निजको अनुसन्धानको क्रममा भएको साबिती बयानलाई मात्र आधार लिई शंकाको भरमा कसुर कायम गर्नु न्यायोचित हुँदैन। शंकारहित तवरले कसुर प्रमाणित हुन नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले पाउने।

प्रस्तुत वारदातमा यी प्रतिवादी झम्कबहादुर आलेमगरले शुभद्रा आलेमगरबाट जन्मिएको जातक

नवजात शिशु झाडीमा फालेको भन्ने प्रत्यक्षदर्शी नरहेको, प्रतिवेदक तथा घटना विवरण कागज गर्ने व्यक्तिले समेत नवजात शिशु झम्कबहादुर आलेमगरले फालेको भन्ने सुनी थाहा पाएको भनी कथन लेखाएको र एलिसा सारूमगरले अदालतमा बकपत्र गर्दा नवजात शिशु फाल्नमा मुख्य दोषी शुभद्रा आलेमगर हुन् भनी लेखाएको बेहोरासमतेका मिसिल संलग्न समग्र प्रमाणहरूबाट यी प्रतिवादी झम्कबहादुर आलेमगरले नवजात शिशु फालेको हो भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेबाट निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, प्रतिवादी शुभद्रा आलेमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई निजको उमेर, अवस्था, अविवाहित महिलाले शिशु जन्माएपश्चात् समाजको लोकलाजबाट बच्नलाई जातक शिशु फालेको र सोही कारणले मृत्यु हुन गएको परिस्थितिसमेतलाई मध्यनजर गरी निज प्रतिवादी शुभद्रा आलेमगरलाई ५ (पाँच) वर्ष ६ (छ) महिना कैद गर्न राय पेस भई प्रतिवादी विष्णुहरि बलको नवजात शिशु फाल्नमा संलग्न रहेको नदेखिई निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७६।०१।२९ मा मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म सदर हुने र अर्का प्रतिवादी झम्कबहादुर आलेमगरले नवजात शिशु फालेको भन्ने तथ्य पुष्टि हुन नसकेकाले निजलाई कसुरदार ठहर गरी जन्मकैदको सजाय हुने ठहऱ्याएको मकवानपुर जिल्ला अदालतको मिति २०७६।०१।२९ को फैसला निजका हकमा उल्टी गरी प्रतिवादी झम्कबहादुर आलेमगरलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको मिति २०७६।०७।०५ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी शुभद्रा आलेमगरको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): दामोदर घिमिरे/शा.अ. शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम्।

**४५**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-११०५, जबरजस्ती करणी (हाडनाता करणी), परिवर्तित नाम ञ-२ वि. नेपाल सरकार*

पुनरावेदक/ प्रतिवादी परिवर्तित नाम ञ-२ ले आरोपित कसुरमा इन्कार रही अदालतमा गरेको बयान र सोलाई समर्थित हुने गरी निजको साक्षी दुर्गा दाहालले निज प्रतिवादीलाई फसाउन झुठ्ठा उजुरी दिएको कुरा दर्साइ अदालतमा बकपत्र गरेको भए तापनि निज पुनरावेदक/प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष अपराध स्वीकारी गरेको बयान वस्तुनिष्ठ प्रमाणबाट समर्थित भइरहेको देखिन्छ। पीडिताले मौकामा गरेको कागजलाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र, जाहेरवाला परिवर्तित नाम ञ ले जाहेरीलाई समर्थन गरी अदालतमा गरेको बकपत्र, पीडिता आफैँले मलाई मेरो बुबाले पटक पटक करणी गर्ने गरेको कुरा भनेपछि मैले थाहा पाएकी हुँ भन्ने बेहोराको वस्तुस्थिति मुचुल्काकी फुलवती चौधरीले अदालतमा गरेको बकपत्र, बुझिएका परिवर्तित नाम ञ-३, ञ-४ को भनाइ तथा चिकित्सक जयकुमार ठाकुरको शारीरिक परीक्षण प्रतिवेदनबाट Hymen: Rupture देखिन्छ भनी सोही तथ्य समर्थन हुने गरी अदालतमा गरेको बकपत्रलाई आधार मानी

पुनरावेदक/प्रतिवादी परिवर्तित नाम ञ-२ ले पीडिता आफ्नै सहोदर छोरी वर्ष १२ की नाबालिका परिवर्तित नाम ञ-१ लाई हाडनातामा जबरजस्ती करणी गरेको कुरा पुष्टि हुन आएको देखिन्छ । यस दृष्टिकोणबाट आफैँले जन्माएको छोरीलाई संरक्षण गर्नुको साटो जबरजस्ती करणी गर्नु अनि वस्तुनिष्ठ प्रमाणविना फसाउन खोजेको भनी सफाइको याचना गर्नु कस्तो बिडम्बना । आफ्नो छोरीलाई करणी गर्न सक्नु, कस्तो मानसिकता ? आफ्नो जिकिर वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीले लिएको समग्र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदक/प्रतिवादी परिवर्तित नाम ञ-२ ले आफ्नै सहोदर छोरी परिवर्तित नाम ञ-१ लाई जबरजस्ती हाडनातामा करणी गरेको तथ्य प्रमाणबाट पुष्टि भएको देखिएकोले निज पुनरावेदक/प्रतिवादी परिवर्तित नाम ञ-२ लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद र ऐ. ऐनको हाडनातामा करणी गर्ने महलको १ नं. बमोजिम थप १० (दश) वर्ष कैदसमेत गरी २० (बिस) वर्ष कैद हुने तथा पीडिताले पुनरावेदक/प्रतिवादी परिवर्तित नाम ञ-२ बाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने ठहर भएको सुरू झापा जिल्ला अदालतको मिति २०७५।२।२२ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६/३/११ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक/प्रतिवादी परिवर्तित नाम ञ-२ को पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): भीमप्रसाद सुवेदी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

## ४६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७०-CR-१२०९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. डेकबहादुर रोका*

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त नगरेका प्रतिवादी डेकबहादुर रोकाले जाहेरवालाहरूलाई अफगानिस्तानमा वैदेशिक रोजगारका लागि पठाइदिने प्रलोभन देखाइ निजहरूबाट रकम र पासपोर्टसमेत लिई रोजगारमा नपठाई वादीले लगाएको आरोपबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको देखिन आयो । तसर्थ प्रतिवादी डेकबहादुर रोकाले वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिँदा विदेश पठाइ नसकेको अवस्थालाई विचार गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम निज प्रतिवादीलाई १।६।०।- (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने र जाहेरवाला तुलबहादुर थापाले रू.२,९०,०००।- (दुई लाख नब्बे हजार) र सोको ५० प्रतिशतले हुने रू.१,४५,०००।- (एक लाख पैंतालिस हजार) समेत गरी जम्मा रू.४,३५,०००।- (चार लाख पैंतिस हजार), हरिबहादुर घर्तीले रू. ५,५०,०००।- (पाँच लाख पचास हजार) र सोको ५० प्रतिशतले हुने रू.२,७५,०००।- (दुई लाख पचहत्तर हजार) समेत जम्मा रू.८,२५,०००।- (आठ लाख पच्चिस हजार) र श्रीप्रसाद श्रेष्ठले रू.५,५०,०००।- (पाँच लाख पचास हजार)र सोको ५० प्रतिशतले हुने रू.२,७५,०००।- (दुई लाख पचहत्तर हजार) समेत जम्मा रू.८,२५,०००।- (आठ लाख पच्चिस हजार) प्रतिवादी डेकबहादुर रोकाबाट भरिपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं फैसला

मिलेकै देखिएको ।

प्रतिवादी डेकबहादुर रोकाले अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमक्ष बयान गर्दा जाहेरवाला नरबहादुर भन्ने नरेश थापाबाट मैले कुनै पनि रकम लिएको होइन भनी बयान गरेको देखिन्छ । जाहेरवालाले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा निजलाई प्रतिवादीले वैदेशिक रोजगारको लागि अफगानिस्तानमा सेक्युरिटी गार्डमा काममा लगाइदिन्छु भनी प्रलोभन देखाइ रू.२,२५,०००/- (दुई लाख पच्चिस हजार) र पासपोर्टसमेत लिई रोजगारीमा नपठाई रकम र पासपोर्टसमेत फिर्ता नदिई ठगीजन्य कसुर गरेका हुन् भनी बकपत्र गरे तापनि प्रतिवादीलाई आफूले वैदेशिक रोजगारमा जानका लागि भनी बुझाएको रकम सम्बन्धमा विश्वासिलो लिखित प्रमाण पेस गर्न सकेको नदेखिँदा निज जाहेरवालालाई समेत हर्जाना भराइपाउँ भन्नेसम्मको वादी दाबी पुग्न नसक्ने गरी भएको निजको हकको फैसलालाई समेत अन्यथा भन्न नसकिने ।

प्रतिवादी देउबहादुर श्रेष्ठले कसुर गरेको कुरा मिसिलबाट देखिन आउँदैन भने वादी पक्षले निज प्रतिवादीलाई न्यायाधिकरणसमक्ष उपस्थित गराउन सकेको पनि देखिँदैन । यदि प्रतिवादी देउबहादुर श्रेष्ठले कसुर गरेको भए निजलाई न्यायाधिकरणमा उपस्थित गराइ निजउपरको कसुरलाई खम्बिर गराउनसक्नुपर्ने थियो । प्रमाण ऐन, २०३१ को दफा २५ मा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने भएकोमा वादीले प्रतिवादी देउबहादुर श्रेष्ठउपरको कसुर प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादीउपरको अभियोग मागदाबी पुग्न नसकी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।१२।१८ को फैसला निजको हकमासमेत कानूनसम्मत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमप्रसाद सुवेदी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल चैत्र २ गते रोज ४ शुभम् ।

**४७**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-००३८, बन्दीप्रत्यक्षीकरण, अर्जुन सापकोटा वि. चितवन जिल्ला अदालत*

चितवन जिल्ला अदालतबाट अर्जुन सापकोटालाई तत्कालीन मुलुकी ऐन चोरीको ४ नं. को कसुर ठहर गरी सोही महलको १४(२) बमोजिम कैद जरिवाना हुने गरी फैसला भएको देखिए पनि मुलुकी फौजदारी अपराध संहितामा जबरजस्ती चोरीलाई चोरीका प्रकारहरूमा समावेश नगरिएकोले यसलाई साधारण चोरीअन्तर्गत नै मान्नुपर्ने हुन्छ । प्रतिवादी अर्जुन सापकोटाले निजलाई लागेको कैद र साबिक मुलुकी ऐन चोरीको महलको १४(२) नं. बमोजिमको जबरजस्ती चोरीलाई हालको मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २४१ (२) को कसुर कायम गर्नुपर्ने उपर्युक्त कानूनी व्यवस्थाको विधायिकी मनसाय रहेको देखिन्छ । ऐ. दफा २४२(२) मा सोही दफाको उपदफा १ मा लेखिएदेखि बाहेक अन्य अवस्थामा चोरी गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद र तिस हजार रूपैयाँसम्म जरिवाना हुने भनी उल्लेख भएको पाइन्छ । निवेदक/प्रतिवादीलाई उल्लिखित तीन वटा ज्यान मार्ने उद्योग र चोरी मुद्दा रहेकोमा ज्यान मार्ने उद्योगमा जम्मा ५ वर्ष तथा चोरीमा ४ महिना १५ दिन गरी जम्मा कैद ५ वर्ष ४ महिना १५ दिन हुनेमा प्रतिवादी १८ वर्षमुनिको भएकाले मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको

दुई तिहाइ सजाय गर्नुपर्ने हुँदा ३ वर्ष ७ महिना २ दिन र तीन वटै मुद्दाहरूको जरिवाना रू.९०,०००/- नतिरेबापत मुलुकी अपराध संहिताको दफा ४६ को उपदफा ३ को खण्ड (ग) बमोजिम जरिवानाबापत कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नुपर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने कानूनी व्यवस्थाअनुसार उक्त जरिवाना रू.४५०००/- नतिर्दा वा तिर्न नसक्दा उमेर पुगेको व्यक्तिलाई प्रतिदिन रू. ३०० का दरले हुन आउने कैद अवधि १५० दिन अर्थात् ५ महिना कैद हुने देखियो। तदनुरूप निवेदकलाई हुने जम्मा कैद अवधि ४ वर्ष २ दिन हुनेमा निज हिरासतमा बसेको मिति २०७२।०४।११ बाट गणना गर्दा निवेदकलाई लागेको कैद ४ वर्ष २ दिन मिति २०७६।४।१३ मा नै भुक्तान भइसकेको देखिँदा निज हालसम्म गैरकानूनी रूपमा कैदमा राखेको पाइँदा निवेदकलाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए यस मुद्दामा थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः देवी चौधरी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७८ साल असोज १ गते रोज ६ शुभम्।

**४८**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-२०६६, अंश, यज्ञमूर्ति पाण्डेसमेत वि. डिला कुमार पाण्डे*

अंश मुद्दाको तायदातीमा पेस भएको सम्पत्तिमा बाबु हिमलाल पाण्डेको नाउँमा गुल्मीमा खरबारी का कि.नं. ७४, १६१, ४२३, ४२९, ४३०, ६४०, ६४१, ७५९, ७६८, ४९२, ७६० का जग्गा खे.चा. कि.नं. ८१, ८१५ जग्गा बुट्यानमा ४८६ र वा.सि. मा ५३५, ५३९, ७८३, ५४२ खे.सि. मा १५१, ७६६, १५९ खे.चा. मा कि.नं.८१५ का जग्गाहरू, यज्ञमूर्तिका नाउँमा गुल्मीमा खे.सि.मा कि.नं.७८२, ७८५,१८३ का जग्गा वा.सि.मा कि.नं.८८३ र रूपन्देही सिद्धार्थ नगर न.पा.मा दोयम खेत कि.नं.१६६५ जग्गा यसैगरी झविन्द्र पाण्डेका नाउँमा गुल्मीमा कि.नं.१०२१ को जग्गा रहेको देखिने।

यिनै जग्गामध्येबाट वादीका पति नारायण पाण्डेले मिति २०५५/१०/१७ को मिलापत्रबाट कि.नं.५३९, ५३५, १५१, ६४० र ६४१ समेत जम्मा ज.रो.४-८-२-० जग्गा प्राप्त गरेको देखिन्छ। प्रतिवादीमध्येका यज्ञमूर्ति पाण्डेका नाउँमा रहेका तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ७८२, ८८३, ७८५, १८३ र १६६५ का जग्गा स्व आर्जनको भएकोले बन्डा लाग्ने होइन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेतर्फ विचार गर्दा प्रतिवादी यज्ञमूर्ति पाण्डेले कि.नं.७८५ को जग्गा तोयनाथ पाण्डेबाट र.नं.८०३ ,मिति २०६५।७।२७ तथा कि.नं. १८३, ७८२, ८८३ का जग्गाहरू जीवलाल पाण्डेबाट र.नं.२७२२, मिति २०४८।११।२६ को पारित राजीनामाबाट र कि.नं. १६६५ को जग्गा मिति २०६२।१२।३ मा खरिद गरेको मिसिल संलग्न राजीनामाका प्रतिलिपिहरूबाट देखिन्छ। वादीका पति नारायण पाण्डेले अन्य प्रतिवादीहरूउपर अंश मुद्दा चलाई मिति २०५५।१०।- १७मा आफ्नो अंश भाग लिई मिलापत्र गरेको देखिँदा उक्त मितिलाई नै चुलो मानो अलग भएको मान्नुपर्ने हुन आउँछ। कि.नं. १८३, ७८२, ८८३ का जग्गाहरू मिति २०४८।११।२६ मा अर्थात् मानो छुट्टिएको मितिभन्दा अगाडि खरिद गरेको देखियो। एकासगोलमा हुँदा मुद्दाको कुनै पक्षले निजी आर्जन र मेहनतबाट खरिद गरेको भन्ने प्रमाणबाट पुष्टि नभएमा सगोलमा रहँदा खरिद गरेको त्यस्तो सम्पत्ति पनि सगोलमा रहँदा सगोलबाट नै आर्जन गरेको मानिन्छ। प्रतिवादी यज्ञमूर्ती पाण्डेले उक्त जग्गा

आफ्नो यो पेसा, व्यवसाय र नोकरीबाट आर्जन गरेको रूपैयाँले खरिद गरेको हो भनी कुनै लिखत प्रमाणबाट पुष्टि गराउन नसकेको देखिँदा वादीका पति एवम् अन्य प्रतिवादीहरू एकासगोलमा रहँदा खरिद गरेको उक्त सम्पत्ति बन्डायोग्य भई यी वादीसमेतले अंश पाउने देखियो । कि.नं.७८५ र कि.नं. १६६५ को जग्गाको हकमा सो जग्गा प्रतिवादी यज्ञमूर्ति पाण्डेले २०५५।१०।१७ भन्दा पछि खरिद गरेको देखिन्छ । मानो छुट्टी भिन्न भई बसेको अवस्थामा कुनै अंशियारले खरिद गरेको सम्पत्ति खरिद गर्ने अंशियारको स्वआर्जनको मानिने हुँदा त्यस्तो सम्पत्तिमा यी वादीको अंश हक लाग्ने देखिएन। तसर्थ, उल्लिखित दुवै कित्ता नं.७८५ र १६६५ का जग्गालाई बन्डायोग्य सम्पत्ति मान्न नमिल्ने।

यसै लगाउको ०७२-CI-२०६७ मिलापत्र बदर मुद्दामा मिति २०५५।१०।- १७ को मिलापत्र बदर हुने ठहरी फैसला भएकोले सो मिलापत्रको कागजमा उल्लेख भएको कित्ता जग्गाहरू तायदाती फाँटवारीमा समावेश भएको देखिँदा उक्त दुई कित्ता जग्गाहरूबाहेक गरी सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाई सो ४ भागको १ भागलाई पुनः ३ भाग गरी सोको १ भाग वादीले अंश पाउने देखिन आयो । सुरू तथा पुनरावेदन अदालत बुटवलबाट तायदाती फाँटवारीमा उल्लिखित कि.नं.७८५ र कि.नं. १६६५ का जग्गासमेतबाट माथि उल्लेख भएबमोजिम वादीले अंश पाउने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त दुई कित्ता नं.७८५ र १६६५ को जग्गाबाहेक गरी तायदातीमा देखाएको सम्पूर्ण सम्पत्तिलाई ४ भाग गरी सो ४ भागको १ भागलाई पुनः ३ भाग गरी सोको १ भाग वादीले अंश पाउने।

इजलास अधिकृत: मनोज बराल

इति संवत् २०७८ साल फाल्गुन २७ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७२-CI-२०६७, मिलापत्र बदर, यज्ञमूर्ति पाण्डेसमेत वि. डिलाकुमारी पाण्डे भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ४९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-CR-१०२१, वैदेशिक रोजगार, सुनिता लामा वि. नेपाल सरकार*

प्रतिवादी सुनिता लामाले बयान गर्दा सान इन्टरनेसनल मेन पावरमा सन् २०११ अक्टोवर २३ देखि सन् २०१३ अप्रिल १५ सम्म काम गरेको र सोही मेन पावरका सञ्चालक देशबन्धु बस्नेतले आफूलाई इन्टरनेसनल जब कन्केसन कम्पनीमा दिनु भनी दिएको भनी बयान गरे तापनि निजले सन् २०१३ मार्च १० अर्थात् २०६९।११।२७ मा आफैले उक्त मेन पावरको इमेल ठेगानामा राजीनामा पठाई जागिर छाडेको भन्ने देखिन्छ। सहप्रतिवादी देशबन्धु बस्नेतले सुनिता लामाले जागिर छाडी गएको भनी बयान गरेको देखिँदा निज सुनिता लामा उक्त मेन पावरमा जागिरमै रहेको र मेन पावरकै लागि ती विभिन्न व्यक्तिका पासपोर्ट जम्मा गरेको भनी वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिएन। निजले उक्त राजीनामा पत्र आफ्नो नभएको भनी जिकिर लिई सो जिकिरलाई वस्तुनिष्ठ प्रमाणले पुष्टि गर्न सकेको नदेखिने।

प्रतिवादी सुनिता लामाले सान इन्टरनेसनल प्रा.लि.को जागिरबाट राजीनामा दिइसकेपछि सोही मेन पावरकै कर्मचारी भनी आफ्नो घरमा विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गर्ने, भिषा पेपर, डिमान्ड लेटरलगायतका कागजातहरूसमेत राखी विभिन्न व्यक्तिहरूलाई वैदेशिक रोजगारको लागि विदेश पठाउने भनी राहदानी नागरिकताको प्रमाणपत्रहरू आदिसमेत कलेक्सन गरी राखी इजाजत पत्र

नलिई वैदेशिक रोजगारीसम्बन्धी काम सञ्चालन गरेको देखिन आउँछ । प्रतिवादी सुनिता लामाको घरकोठाबाट ५० थान पासपोर्ट बरामद भएको सो पासपोर्ट वैदेशिक रोजगारमा पठाउने सिलसिलामा विभिन्न व्यक्तिले दिएको अवस्था पासपोर्टबाहक व्यक्तिहरूको कागज बेहोरासमेतबाट देखिन आएको, प्रतिवादी सुनिता लामाले वैदेशिक रोजगारमा पठाउन इजाजत अनुमति प्राप्त नगरेको, आफू इजाजत प्राप्त सान इन्टरनेसनल कम्पनीको कर्मचारी भएको भन्ने जिकिर भए तापनि पहिले नै राजीनामा दिई सो कम्पनीबाट अलग भइसकेको अवस्था देखिएको एवम् वैदेशिक रोजगारसम्बन्धी उल्लिखित ऐनले कुनै पनि व्यक्तिले इजाजत नलिई वैदेशिक रोजगारीसम्बन्धी काम गर्न नपाउने गरी निषेध गरेकोसमेतको अवस्था हुँदा यी प्रतिवादीले कानूनले निषेध गरेको क्रियाकलाप सञ्चालन गरेको पुष्टि हुन आउने ।

तसर्थ, प्रतिवादी सुनिता लामालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही दफा ४३ बमोजिम बिगोको दाबी नरहेको साथै बरामद पासपोर्टका व्यक्तिहरू विदेश पठाइसकेको समेत नदेखिँदा निजलाई रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद सजाय हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।७।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी सुनिता लामाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल चैत्र ९ गते रोज ४ शुभम् ।

**५०**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०६९-CR-०६३६, वैदेशिक रोजगार, नेपाल सरकार वि. गेहेन्द्र वलीसमेत*

जाहेरवाला रूपेस प्रताप शाहीबाट रू. ३०,०००।– र अन्य जाहेरवालाहरूबाट विभिन्न मितिमा रकम लिई वैदेशिक रोजगारमा नपठाई अलमलमा पारेकोले निजलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिमको कसुरमा सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखिन्छ । निजले जाहेरवाला रूपेस प्रताप शाहीसमेतका व्यक्तिहरूबाट रकम उठाई भरपाई गरिदिएको र निजहरूलाई वैदेशिक रोजगारमा पठाएको देखिएन । निजले ब्लुमुन इन्टरनेसनल मेनपावर प्रा.लि.को नामबाट विभिन्न व्यक्तिहरूबाट रकम उठाएको देखिन्छ । निजले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि उक्त कम्पनीको सञ्चालकसमेत रहेको र कम्पनीको नामको रसिदबाट रकम बुझेको देखिन्छ । निजले जाहेरवालाहरूबाट रकम उठाई वैदेशिक रोजगारको लागि पठाएको देखिएन । तसर्थ वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम रू. ५०,०००।– जरिवाना र बिगो रू. ३,२०,५००।– र क्षतिपूर्तिबापत सोको ५०% ले हुने रकम रू.१,६०,२५०।- प्रतिवादी गेहेन्द्र वलीबाट जाहेरवालाहरूले भराइपाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला निजको हकमा मिलेकै देखिन आउने ।

प्रतिवादी मीना रायमाझीको हकमा हेर्दा निजले जाहेरवाला रूपेस प्रताप शाहीसमेतका व्यक्तिहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम बुझी वैदेशिक रोजगारमा पठाउन नसकी जाहेरवालाको रकमसमेत फिर्ता नगरेकोले निजलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिमको कसुरमा सोही दफाबमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भएकोमा प्रतिवादी मीना रायमाझीले जाहेरवाला रूपेस

प्रताप शाहीबाट वैदेशिक रोजगारबापत रकम बुझिलिई भरपाई गरेको भनी रूपेस प्रताप शाहीले किटानी जाहेरी दिएको देखिन्छ। निजले अदालतमा बयान गर्दा कसुरमा इन्कारी बयान गरे तापनि उक्त जाहेरी झुट्टा हो भनी भन्नसकेको र सोलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिएन। तसर्थः निजलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(५) बमोजिम रू. २५,०००।– जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको फैसला निजको हकमा मिलेकै देखिन आउने।

जहाँसम्म जाहेरवालाहरूबाट बढी रकम लिई वैदेशिक रोजगारीमा नपठाएकोले अभियोगदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, जाहेरवालाहरूले बढी रकम तिरेको भए सोको भरपाई पेस गर्नुपर्नेमा सो पेस गरेको देखिएन। प्रमाणको अभावमा रकम यति हो भनी यकिन गरी दिलाइ भराइदिन मिल्ने देखिने।

तसर्थ, प्रतिवादी गेहेन्द्र वलीलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम रू. ५०,०००।- जरिवाना गरी जाहेरवालाहरूको बिगो रू. ३,२०,५००।– र क्षतिपूर्तिबापत सोको ५०% ले हुने रकम जाहेरवालाहरूलाई भराइदिने र अर्का प्रतिवादी मीना रायमाझी उक्त कसुरको मतियार भएकोले निजलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(५) बमोजिम रू. २५,०००।- जरिवाना हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल चैत्र ९ गते रोज ४ शुभम्।

## ५१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डा. कुमार चुडाल,** *०७८-WH-०१७५, बन्दीप्रत्यक्षीकरण, बिमला श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं*

निवेदिकाकी भाउजूलाई गैरकानूनी थुनामा राखी निजको संविधान प्रदत्त हकमा आघात पुगेको भन्ने जिकिर सम्बन्धमा विचार गर्दा, मिति २०७८।८।९ मा प्रस्तुत रिट निवेदक बिमला श्रेष्ठसमेतका विरूद्ध नेत्रप्रसाद भट्टराईको जाहेरीले ठगी तथा आपराधिक विश्वास घातसम्बन्धी कसुर जाहेरी दरखास्त परेको देखियो। जिल्ला प्रहरी कार्यालय नवलपरासीबाट मिति २०७८।०७।२९ मा निवेदक प्रतिवादी बिमला श्रेष्ठसमेतको नाममा जिल्ला अदालत नवलपरासीबाट पक्राउ पुर्जी जारी गर्न अनुमति प्रदान गरिएको देखिन्छ। महानगरीय प्रहरी परिसरबाट खटिएका टोलीले मिति २०७८।१२।७ मा निज निवेदक प्रतिवादी बिमला श्रेष्ठलाई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१६ बालाजुबाट पक्राउ गरी सोही दिन च.नं.७५९१ को पत्रमार्फत निजलाई जिल्ला प्रहरी कार्यालय, अ.अ. तथा कारबाही शाखा, नवलपरासी (ब.सु.प.) मा पठाइएको देखियो। निज बिमला श्रेष्ठलाई पटक पटक गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(३) बमोजिम नवलपरासी जिल्ला अदालतबाट अनुसन्धानका लागि म्याद थप गर्ने अनुमति प्रदान गरिएको देखिन्छ। ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसुरमा माथि उल्लिखित विचाराधीन मुद्दा देखिनुका साथै बन्दी बनाइराखेको नभई प्रचलित उजुरी परी अदालतबाट पक्राउ पुर्जी जारीको अनुमति भएको अनुसन्धानमा म्याद थप भई तदारूकताका साथ अनुसन्धान कार्य

भइरहेको स्थितिमा बिना तात्विक आधार कारण अनुसन्धान कार्य एवम् तल्लो अदालतको नियमित कार्यमा बन्दीको नाममा रिट क्षेत्राधिकार ग्रहण गरी हस्तक्षेप गर्नु सर्वथा उचित नहुने।

तसर्थ, निवेदिकाकी भाउजू बिमला श्रेष्ठलाई गैरकानूनी रूपमा थुनामा राखेको मान्न मिल्ने देखिएन । गैरकानूनी थुनामा राखेको नदेखिएको र कानूनको प्रक्रियाबमोजिम नै भएको देखिँदा रिट निवेदनको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न आधार र कारण नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल वैशाख १२ गते रोज २ शुभम्।

**५२**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डा. कुमार चुडाल,** *०७८-WO-०६१८, उत्प्रेषण परमादेशसमेत, सुरेन्द्र मान सिंह वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं*

नेपाल सरकारले प्रतिस्पर्धाका आधारमा प्रबन्ध निर्देशक छनोट गर्ने गरी बनाइएको निर्देशिकाको व्यवस्था र सो व्यवस्था गर्ने कम्पनीको साधारण सभाको वैधताको सम्बन्धमा हालसम्म कहीँकतैबाट पनि प्रश्न नउठेको, साधारण सभाका निर्णयहरू कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेखीकरण भइसकेको र संशोधित व्यवस्थाअनुसार यसअघि दुई पटक नेपाल सरकार, मन्त्रिपरिषद्बाट पारित कार्यविधिअनुसार प्रबन्ध निर्देशक नियुक्ति भई कार्यकालसमेत समाप्त भइसकेको अवस्थामा हाल आएर निर्देशिका कानूनविपरीत छ भन्न सङ्गतपूर्ण नदेखिने।

वर्तमान निर्देशिकामा रहेको माथिल्लो उमेरको हद ५८ वर्षलाई ५६ वर्ष कायम गरेको सम्बन्धमा कम्पनीको कार्यक्षेत्र देशभर फैलिएको र यसको आर्थिक र प्रशासनिक जिम्मेवारी तथा दायित्व बढेको कारण यसका शाखा कार्यालयहरू तथा पूर्वाधारको विकास र विस्तार पनि विकट क्षेत्रसम्म स्थापना भएको हुँदा कम्पनीका कार्यहरूको निरीक्षण तथा अनुगमनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रबन्ध निर्देशक स्वयम्ले सो क्षेत्रहरूमा बेलाबखत भौतिक उपस्थिति जनाउनुपर्ने, प्रबन्ध निर्देशकले देशका विकट भौगोलिक क्षेत्रसम्म गई कम्पनीका कार्यहरूको निरीक्षण तथा अनुगमन मूल्याङ्कन गर्नुपर्ने र नयाँ नियुक्त हुने प्रबन्धकले ४ वर्षसम्म अविच्छिन्न काम गर्न सकोस् भन्ने उद्देश्यले पदावधि समाप्त हुँदा निजको उमेर ६० वर्षभन्दा बढी नहुने गरी यो व्यवस्था गरिएको भन्ने प्रतिवाद जिकिरलाई अन्यथा भन्न सकिने अवस्था नरहने।

साथै कम्पनीको आठौं वार्षिक साधारण सभाबाट कम्पनी ऐनमा भएको व्यवस्थाअनुसारको सबै प्रक्रिया पूरा गरी अधिकांश शेयरधनीको समर्थनमा कम्पनीको मिति २०७३।०१।२० मा कम्पनी को नियमावलीमा संशोधन भई "नेपाल सरकार मन्त्रिपरिषद्बाट नियुक्त कम्पनी को प्रबन्ध निर्देशक" रहने व्यवस्था पारित भएको देखिन्छ । नेपाल दूर-सञ्चार कम्पनी लिमिटेडलाई व्यवसायिक संस्थाको रूपमा स्थापित गर्दै कम्पनीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न निश्चित् कार्ययोजना र उद्देश्यसहित खुला प्रतिस्पर्धाको माध्यमबाट कम्पनीको प्रबन्ध निर्देशक नियुक्त गर्न एवम् नियुक्ति प्रक्रियालाई स्वच्छ र पारदर्शी बनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट बनाइएको नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७८ बनाइएको देखिन्छ । कम्पनी को प्रबन्ध निर्देशक पदको लागि मिति २०७८।०८।२२ मा

दरखास्त माग गरिएको सूचनामा उल्लिखित योग्यता, अनुभव र उमेरको विषयलाई राज्यको कार्यकारिणी निकाय नेपाल सरकारले नेपाल टेलिकममा योग्य सक्षम प्रबन्ध निर्देशक छनौट होस् भन्ने मनसायले नियमानुसार उल्लेख गरेको आवश्यक उमेर हद र योग्यतालाई अन्यथा भन्न मिल्ने देखिँदैन । यसै सम्बन्धमा यस अदालतबाट विरनरसिंह कार्की विरूद्ध नेपाल खाद्य संस्थान, प्रधान कार्यालय अद्वैतमार्ग, काठमाडौं नेपाल भएको संवत् २०४० सालको रि.नं. २३६९ को ने.का.प. २०४१, अङ्क १२, नि.न. २२११ मा "श्री ५ को सरकारले संस्थानलाई आवश्यक निर्देशनहरू दिनसक्ने छ र सो निर्देशनहरूको पालना गर्नु संस्थानको कर्तव्य हुने छ भन्ने उल्लेख भएको हुँदा श्री ५ को सरकारलाई निर्देशन दिन पाउने अधिकार भएको देखिन्छ" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिने । अत: प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव): भीमप्रसाद सुवेदी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल चैत्र १६ गते रोज ४ शुभम् ।

- यसै लगाउका ०७८-WO-०६४६, उत्प्रेषण / परमादेशसमेत, राजेन्द्रकुमार पोखरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**५३**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-RB-०१८०, बैंकिङ कसुर, नेपाल सरकार वि. प्रमोदप्रसाद साह*

यस अदालतबाट मिति २०७८।३।१३ मा वादी नेपाल सरकार विरूद्ध प्रतिवादी राजुकुमार पटेल भएको बैंकिङ कसुर मुद्दामा फैसला हुँदा अभियोजन गर्ने संवैधानिक निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयको नीतिगत निर्णयसमेतका रोहबाट बैंकिङ कसुरसम्बन्धी ऐन, २०६४ को दफा ३ को खण्ड(ग) बमोजिम खातामा रकम नभई चेक काटेको भए तापनि पीडित र प्रतिवादीबिच जाहेरी दरखास्त पर्नुअघि वा पछि वा अदालतमा मुद्दा चलेपछि पनि रकम लेनदेन गरी बिगो भराउनुपर्ने अवस्था नभएमा सोबापत जरिवाना नहुने भएकाले यी प्रतिवादी राजुकुमार पटेललाई प्रतिवादीबाट बिगो रू. २,००,०००।- जाहेरवालाले प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको भर्पाई कागजसमेतबाट देखिएकोले जाहेरवालाको बिगो बाँकी रहेको नदेखिँदा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना र बिगो भराइदिनु नपर्ने ठहर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज मिति २०७६।०५।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी फैसलासमेत भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा समेत प्रतिवादी प्रमोदप्रसाद साहलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम तजबिजी (१) एक महीना कैद सजाय हुने र बिगो र जरिवानातर्फको अभियोग दाबी पुग्न नसक्ने गरी भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेश के.सी.

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल पुस २५ गते रोज १ मा शुभम् ।

**५४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७२-CR-१२९०, ०७२-CR-१२९१, ०७२-CR-१२९२, ०७३-CR-०२१५, लागु औषध ब्राउन सुगर, पुरनध्वज राई वि. नेपाल*

*सरकार, मनबाबु कार्की वि. नेपाल सरकार, दिनेश श्रेष्ठ वि. नेपाल सरकार, खडगबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीहरू मनबाबु कार्की, दिनेश श्रेष्ठ र पुरनध्वज राईले लागु औषध ब्राउन सुगर सेवनमा साबितै रहेको र निजहरूबाट बरामद भएको लागु औषध मात्रा हेर्दा पनि निजहरूको अदालतसमक्षको बयान र बरामद लागु औषधको परिमाणात्मक अवस्था मिल्दो जुल्दो देखिन्छ। उक्त अवस्थालाई लागु औषध बरामद गर्ने प्रतिवेदक तर्कबहादुर बस्नेतको अदालतसमक्षको बकपत्र कथनले समेत समर्थन गरेको पाइने। तसर्थ निज प्रतिवादीहरूको कसुरजन्य कार्य सुरू सुनसरी जिल्ला अदालतबाट प्रतिवादीहरू दिनेश श्रेष्ठ, पुरनध्वज राई र मनबाबु कार्कीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिमको सेवनसम्मको कसुर ठहर गरेको देखिन आयो। उक्त ऐनको दफा १४ (१) (ङ) को कसुरमा हुनसक्ने सजायको हकमा हेर्दा त्यस्तो “लागु औषध सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना” हुने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत ऐनको दफा १४ (१) (ङ) को कानूनी व्यवस्थाले “एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना” हुने गरी व्यवस्था गरेकोले त्यस्तो कसुरमा सजाय गर्दा दुई सजायको विकल्पमध्ये कुनै एक प्रकारको सजाय मात्र गर्नुपर्ने देखिन्छ । उक्त ऐनको "वा" भन्ने प्रावधानले "र" को अर्थ निकाल्ने गरी दुवै सजाय गर्न सकिने अवस्था रहन्न । कैद वा जरिवाना के कति गर्नुपर्ने हो भन्ने सम्बन्धमा प्रतिवादीहरूको कसुर गर्दाको अवस्था लागु औषधको मात्रा पटके अवस्थासमेतका अवस्थाहरूको न्यायोचित मूल्याङ्कनको आधारमा न्यायिक विवेक प्रयोग गरिने हुन्छ । अतः प्रतिवादीहरूबाट बरामद लागु औषधको प्रकृति, परिस्थिति, परिमाण एवम् पटकेसमेतको सन्दर्भबाट निज प्रतिवादीहरू दिनेश श्रेष्ठ, पुरनध्वज राईलाई सोही ऐनको दफा १४(१)(ङ) बमोजिम जनही ४ महिना कैद र प्रतिवादी मनबाबु कार्कीलाई सोही दफाबमोजिम ६ महिना कैद सजाय हुने देखियो। उच्च अदालत विराटनगरले प्रतिवादीहरूलाई जनही रू.१०,०००।– जरिवाना गर्ने गरेको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुने।

प्रतिवादी खड्गबहादुर राई लागु औषध बिक्री गर्दागर्दैको अवस्थामा घटनास्थलबाट पक्राउ परेको देखिँदैन भने प्रतिवादीले म निर्दोष हुँ भन्ने कुरा अदालतसमक्ष बयान गर्दा म इटहरी ५ को व्यक्ति होइन धनगढी १२ को व्यक्ति हुँ भनी नागरिकता पेस गरेको र सोही बेहोरालाई प्रतिवादीका साक्षी रामदत्त भट्टको बकपत्रबाट समर्थन गरेको अवस्था देखिन्छ । निज प्रतिवादीलाई सहअभियुक्तको पोल भएकोमा सो पोललाई वादी पक्षले प्रमाण ऐन २०३१ को दफा २५ ले शंकारहित तवरबाट पुष्टि गरेको हुनुपर्ने।

निज प्रतिवादीले आफू सहअभियुक्तको पोल गरेको व्यक्ति नभएको भनी नागरिकतासमेत पेस गरेको र तत् अवस्थामा आफू धनगढी रहेको भनी बयान बेहोरा खुलाइ दिएको देखिन्छ। अन्य सहअभियुक्त पुरनध्वज राईसमेतलाई वारदातस्थलमा तत्काल पक्राउ गरेको र ठेगानासमेत खोलेको स्थितिमा निज प्रतिवादी खड्कबहादुर राईलाई पक्राउ गर्ने, घर खानतलासी गर्नेसमेतका कुनै अनुसन्धानात्मक कार्य अनुसन्धान अधिकारीबाट भएको पनि देखिँदैन। सहअभियुक्तिहरूले निजै प्रतिवादी खड्कबहादुर राईबाट बरामद भएको लागु औषध खरिद गरेको भनी मानिस सनाखत गरेको वा अन्य तवरबाट निज सहअभियुक्तबाट स्थापित हुन आएको पनि देखिँदैन । निज प्रतिवादीले आफू सहप्रतिवादीहरूले उल्लेख गरेको इटहरी नगरपालिका वडा नं. ५ स्थानको बासिन्दा नभएको भनी बेहोरा

खुलाएको देखिन्छ । अनुसन्धान तहकिकातबाट निज प्रतिवादी सोही स्थानसमेतमा बस्ने बासिन्दा भई उक्त वारदातका दिन निज सोही स्थानको घरमा रहे भएको भन्ने ग्रहणयोग्य प्रमाण (Admissible evidence) पनि पेस गर्न सकेको देखिँदैन । लागु औषध जस्तो गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीको कसुर तथ्ययुक्त आधार, कारण र प्रमाणबाट शंकारहित तवरबाट पुष्टि गर्ने दायित्व वादी पक्षको रहन्छ । फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने स्थापित न्यायिक मान्यता रहिआएको पाइन्छ । तसर्थ निज प्रतिवादी खड्गबहादुर राईको आरोपित कसुर ठहर गर्न तथ्ययुक्त र ठोस प्रमाण वादी पक्षले गुजार्न सकेको नपाइने ।

अतः प्रतिवादीहरू दिनेश श्रेष्ठ, पुरनध्वज राई र मनबाबु कार्कीलाई लागु औषध ब्राउन सुगर सेवनमा सुरू सुनसरी जिल्ला अदालतबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही रू.१०,०००।- जरिवाना मात्र हुने ठहर गरी गरेको फैसलालाई केही उल्टी हुने ठहऱ्याई प्रतिवादीहरू दिनेश श्रेष्ठ, पुरनध्वज राईलाई सोही ऐनको दफा १४(१)(ङ) बमोजिम जनही ४ महिना कैद र प्रतिवादी मनबाबु कार्कीलाई सोही दफाबमोजिम ६ महिना कैद जनही रू.१०,०००।– जरिवानामा थप हुने ठहर गरेको फैसला मिलेको नदेखिँदा उच्च अदालत विराटनगरको मिति २०७१।११।२० गतेको फैसला केही उल्टी भई प्रतिवादीहरू दिनेश श्रेष्ठ, पुरनध्वज राईलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही ४ महिना कैद र प्रतिवादी मनबाबु कार्कीलाई सोही दफाबमोजिम ६ महिना कैद हुने र प्रतिवादी खड्गबहादुर राईले सफाइ पाउने ।

इजलास अधिकृत: देवी चौधरी

इति संवत् २०७८ साल फागुन २६ गते रोज ५ शुभम् ।

**इजलास नं. १०**

**५५**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-२३६२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शारदा मगर*

जाहेरवालाहरूले प्रतिवादीको नाममा रकम पठाएको देखिए पनि उक्त रकम बुद्ध लामालाई दिन भनी जाहेरवालाहरूले पठाएका र मैले IME बाट पैसा बुझी बुद्ध लामालाई दिएको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको र मेरो नाममा जाहेरवालाले IME गरी पठाएको रकम जाहेरवालाको भनाइअनुसार बुद्ध लामालाई बुझाइदिएको हुँ, जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी जाहेरवालाहरूबाट रकम लिई खाएको होइन, मउपरको आरोप झुट्ठा हो भनी न्यायाधिकरणसमक्ष यी प्रत्यर्थी प्रतिवादीले बयान गरेको देखिन्छ र सो रकम यी प्रतिवादीले नै खाएकी हुन् र जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम लिई यिनैले खाएकी हुन् भनी अभियोजन पक्षले तथ्यतः पुष्टि गर्न सकेको देखिँदैन । सो सम्बन्धमा जाहेरवालाहरूले यस न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्रसमेत नगरेको अवस्थामा उक्त रकमहरू जाहेरवालाले यी प्रतिवादीकै लागि पठाएका रहेछन् भनी मान्न मिल्ने देखिएन । यी प्रतिवादी कसुर गरेकोमा इन्कार रहेकी छन् र जाहेरवालाले आफ्नो नाममा पठाइएको उक्त रकम जाहेरवालाले नै भनेबमोजिम बुद्ध लामालाई झिकेर दिएकी हुँ भनी यी प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्षको बयानमा उल्लेख गरिरहेको अवस्थामा उक्त रकम वैदेशिक रोजगारका लागि यी

प्रतिवादीकै लागि पठाएका रहेछन् भनी मान्नलाई जाहेरवालाहरू अदालतमा उपस्थित भई बकपत्र नगरेबाट जाहेरवालाहरूको जाहेरी बेहोरा पुष्टि हुन नसकेको र प्रतिवादीको उक्त बयान जिकिर खण्डित हुन सकेको नदेखिएको, प्रतिवादी शारदा मगरको वैदेशिक रोजगारसम्बन्धी काम गर्ने कुनै संस्थासमेत नरहेको र बुद्ध लामाउपर अभियोजनसमेत नभएको अवस्थामा वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि यी प्रतिवादीकै लागि उक्त रकम पठाएको भन्ने वादी पक्षले शंकारहित तवरबाट पुष्टि गर्न सकेको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाहरू उपस्थित भई मौकाको जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको अवस्था नभएको र IME द्वारा पठाएको भनिएको रकम वैदेशिक रोजगारको लागि यी प्रतिवादीकै लागि पठाएका भन्ने अन्य प्रमाणबाट पुष्टि नभएको स्थिति हुँदा निजहरूको जाहेरी बेहोरा प्रमाणको रूपमा ग्राह्य हुने नदेखिने।

वादी पक्षले अभियोग दाबी लिएको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कानूनी व्यवस्था हेर्दा कसैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतबिना कसैलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई विदेश नपठाइ रकमसमेत फिर्ता नगरेमा उक्त कानूनी व्यवस्था आकर्षित हुनेमा प्रतिवादीले वैदेशिक रोजगारको इजाजत नलिई व्यवसाय गरी आएको भन्ने र वैदेशिक रोजगारमा पठाइदिन्छु भनेर यी जाहेरवालासँग यी प्रतिवादीले रकम लिई खाएकी हुन् भनी अभियोजन पक्षले निर्विवादरूपमा पुष्टि गरेको देखिन नआएकाले प्रत्यर्थी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सो फैसला उल्टी गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीउपरको कसुर विश्वासयोग्य स्पष्ट प्रमाणद्वारा अभियोजन पक्ष वादी नेपाल सरकारले पुष्टि गर्न सकेको नदेखिँदा प्रत्यर्थी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।१०।- २० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीअनुसार गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ चैत्र १६ गते रोज ४ शुभम्।

- यसै लगाउका ०७५-CR-२३६१, नेपाल सरकार वि. शारदा मगर भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**इजलास नं. ११**

**५६**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०२१४, वैदेशिक रोजगार कसुर, अरूण राई भन्ने अरूणा कुमार राई भन्ने नेपाल सरकार*

प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार

राईले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने अनुमति नलिएको पीडित तिलबहादुर गुरूङसँग रकम लिई विदेश जापानमा वैदेशिक रोजगारीमा पठाउँछु भनी लिखित प्रतिबद्धता गरे तापनि पठाउन नसकेको, व्यापार गर्नको लागि रकम लिएकोमा तिर्न नसक्दा निज प्रतिवादीलाई जबरजस्ती कागज गराएको भन्ने प्रतिवादीको जिकिर प्रमाणसहित पुष्टि हुन नसकेको अवस्थामा मिति २०७५।०४।२७ मा प्रतिवादीले पीडितसँग रकम लिँदा गरिदिएको लिखत निज प्रतिवादीका विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखिने।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा "यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन" भन्ने तथा ऐ. ऐनको दफा ४३ मा "कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराइ निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ। विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत विवादमा पीडित तिलबहादुर गुरूङलाई वैदेशिक रोजगारीमा विदेश जापान पठाउने भनी लिखत नै गरिदिई रकम लिएको पुष्टि भएको र विदेश जापान पठाई नसकेको अवस्था विद्यमान भएकाले सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट यी पुनरावेदक प्रतिवादीलाई तीन वर्ष दुई महिना कैद र रू.३,१०,०००।- जरिवानासमेत हुने ठहर गरेको फैसला मिलेकै देखियो। पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले मिलापत्रका लागि मौका पाउन गरेको आग्रहका सम्बन्धमा प्रस्तुत मुद्दामा फैसला कार्यान्वयनका चरणमा समेत मिलापत्र हुने नै भएकोले सोतर्फ विचार गरिरहनुपर्ने नदेखिने।

अतः पुनरावेदक प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. दफा ४३ बमोजिम तीन वर्ष दुई महिना कैद र रू.३,१०,०००।- जरिवाना हुने तथा पीडित तिलबहादुर गुरूङको बिगो रू.९,९०,०००।- र सोको ५०% ले हुने हर्जाना रकम रू.४,९५,०००।- समेत गरी जम्मा रू.१४,८५,०००।- प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार राईबाट पीडित तिलबहादुर गुरूङले भराइपाउने ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।१०।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृति बहादुर बस्नेत
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल भाद्र ८ गते रोज ४ शुभम्।

**५७**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RB-०२२९, बैंकिङ कसुर, बाबुराम गैरे वि. नेपाल सरकार*

प्रतिवादी बाबुराम गैरेले अदालतसमक्ष विभिन्न मितिमा जाहेरवालाको नाउँमा जारी गरिदिएको ३ वटा चेकहरू विश्वासको लागि चेक मैले नै काटी दिएको हो। मैले जाहेरवालासँग पार्टनरसिपमा रिचार्ज कार्डको व्यापार व्यवसाय काम गर्ने गरेको र विभिन्न पार्टीबाट लिनुपर्ने रकम निज जाहेरवालालाई नै जिम्मा दिएको थिएँ। चेकमा उल्लेख भएको रकम जाहेरवालाले पार्टीहरूबाट बुझी सक्नुभएको छ। निजले रकम

बुझिसकेपछि चेक मलाई फिर्ता गर्ने भन्नुभएको थियो तर चेक फिर्ता नगरी बैंकिङ कसुरमा जाहेरी दिएको हो भन्ने प्रतिवादीको बयान बेहोरालाई समर्थन गर्दै जाहेरवालाले रकम उठाएर लगिसकेको अवस्था छ भनी प्रतिवादीका साक्षी भोजराज तिमिल्सेनाले गरेको बकपत्र देखियो । प्रतिवादीको बयान तथा साक्षीको बकपत्र बेहोराअनुसार चेकमा उल्लेख भएको रकम जाहेरवालाले पार्टीबाट उठाइसकेको, बुझेको भन्ने कुनै भर्पाई तथा कुनै विश्वसनीय तथ्यपरक सबुद प्रमाण पेस भई मिसिल सामेल रहेको नदेखिने।

त्यसैगरी बागेश्वरी मल्टी ट्रेडर्स एण्ड सप्लायर्सको प्रोप्राइटर प्रतिवादी बाबुराम गैरेको नाममा खाता रहेको र उक्त खाताबाट विकास थापाको नाममा जारी भएको ०१७८१०,०१७८११ र ०१७८१२ नम्बरका चेकहरू यस बैंकमा पेस हुँदा खातामा रकम नभएको कारणले सो चेकहरू भुक्तानी गर्न नसकिएको भन्ने बेहोरा उल्लेख भएको नेपाल इन्डस्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको पत्र देखियो । यसर्थ प्रतिवादी बाबुराम गैरेले जाहेरवालालाई आफ्नो खातामा रकम नभएको जानकारी भएको अवस्थामा जानी जानी चेक काटी दिई आरोपित कसुर गरेको देखिने।

उल्लिखित प्रतिवादी बाबुराम गैरेको बयान बेहोरालाई पुष्ट्याइँ गर्ने तथ्यपरक सबुद प्रमाणको अभाव रहेको र विभिन्न मितिमा जारी भएका चेकहरूमा उल्लेख भएको रकम प्रतिवादीको खातामा नहुँदा जाहेरवालालाई भुक्तानी हुन नसकेको भन्ने बेहोराको बैंकबाट प्राप्त पत्रसमेतबाट अभियोग मागदाबीबमोजिमको कार्य यी पुनरावेदक/प्रतिवादीबाट भएगरेको देखिँदा आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने प्रतिवादी बाबुराम गैरेको पुनरावेदन जिकिर तथा निजको विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन।

अत: पुनरावेदक प्रतिवादी बाबुराम गैरेले बैकिङ् कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीत कसुर गरेकाले निजलाई २ (दुई) दिन कैद सजाय र बिगोबमोजिम रू.५,००,०००/- जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगो रकम भराइपाउने साथै अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ (३) बमोजिम जरिवाना रकमको ४ प्रतिशतले हुन आउने रकम प्रतिवादीले रू.२०,०००/- (बिस हजार) क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने ठहराएको उच्च अदालत, पाटनका मिति २०७७/११/०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ऋतु राई

कम्प्युटर: समी नेपाली

इति संवत् २०७९ साल मंसिर ७ गते रोज ४ शुभम्।

**५८**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-CR-००३५, कर्तव्य ज्यान, सानु उर्फ राजु भन्ने राजेश लामा वि. नेपाल सरकार*

पुनरावेदकको बयान र मौकामा सङ्कलित प्रमाणहरूको विवेचना र विश्लेषणबाट पुनरावेदक प्रतिवादीले मृतक सुनिता लोप्चनलाई विवाहको लागि प्रस्ताव गर्दा निजले अस्वीकार गरेपछि धम्काउँदै आएको र ज्यान मार्ने धम्कीसमेत दिएको भन्ने देखिन्छ । सोपश्चात् यी प्रतिवादीले मृतकलाई मार्ने योजना बनाई धारिलो जोखिमी हतियार छुरीको प्रबन्ध गरी उक्त छुरी प्रहारबाट मृतकको ज्यान जान सक्छ भन्ने परिणामको पूर्वज्ञान र उक्त परिणाम आओस् भन्ने पूर्वइच्छाबमोजिम नै निजले मृतकलाई शरीरका विभिन्न भाग घाँटी, कोखा, पछाडिको कम्मर र पेटमा छुरी प्रहार गरेको र उक्त धारिलो जोखिमी हतियार छुरीको प्रहारको चोटका कारण अत्यधिक रक्तस्राव भई

मृतक तारा भन्ने सुनिता लोप्चन लामाको मृत्यु भएको देखियो। यसरी यी पुनरावेदक प्रतिवादीले मृतकलाई मार्ने दुषित मनसाय राखी पूर्वयोजनासाथ मृतकलाई छुरी जस्तो धारिलो जोखिमी हतियार संवेदनशील अंग पेटमा प्रहार गरेको कार्यको परिणाम स्वरूप ज्यान जान सक्छ भन्ने पूर्व जानकारी हुँदाहुँदै सोही परिणाम घटाउने इच्छाले नै मृतकको कर्तव्य गरेको पुष्टि हुन आएकाले निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तत्काल प्रचलित मलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा "धार भएको वा धार नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छ । सर्वस्वसहित जन्मकैदको सजाय हुन्छ" भन्ने व्यवस्था गरिएको पाइन्छ । माथि नै उल्लेख गरिएअनुसार मिसिल संलग्न घटनास्थल तथा लास प्रकृति मुचुल्कासमेतको विवेचना तथा विश्लेषणबाट मृतकको मृत्यु कर्तव्यबाट भएको पुष्टि भएको र यी प्रतिवादीले नै मृतकको हत्या गरेको भनी परेको किटानी जाहेरीको बेहोरा समर्थित हुने गरी निर्मला लामासमेतले घटनाविवरण कागज गरी सुरू अदालतमा गरेको बकपत्र, बरामद दसी छुरी, घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र प्रतिवादीले कसुरमा साबित रही अनुसन्धानमा गरेको बयानसमेतका प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरूबाट यिनै पुनरावेदक प्रतिवादीले मृतक सुनिता लामा लोप्चनले आफ्नो विवाहको प्रस्ताव अस्वीकार गरेको प्रतिशोध साध्न निज मृतकलाई मार्ने आपराधिक मनसायसहित योजना बनाई मिति २०६४।०९।२७ गते तारा भन्ने सुनिता लोप्चनलाई धारिलो जोखिमी हतियार छुरी प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकाले यी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीअनुसार कसुरदार कायम गरी सजाय गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा सो फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदक प्रतिवादी सानु उर्फ राजु भन्ने राजेश लामाले मृतकलाई कर्तव्य गरी मारेको ठहऱ्याई निजलाई अभियोगदाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को देहाय (१) बमोजिमको कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम जन्मकैद सजाय गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७६।०७।७ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।११।५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ १५ गते रोज ४ शुभम्।

## ५९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-RB-०२१९, बैंकिङ कसुर, एरिश श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीको कम्पनी Exim Collection नाममा रहेको NCC(नेपाल क्रेडिट एन्ड कमर्स) बैंकको खाता नम्बर ०२२००००१३६२०१ बाट भुक्तानी हुने गरी चेक नम्बर ०००३६९१३४३ बाट रू.९,००,०००/- (नौ लाख) र चेक नं.०००३६९१३४४ बाट रू.२,५०,०००/- (दुई लाख पचास हजार) उल्लेख गरी जाहेरवालालाई दिएको दुई वटा चेकहरू बैंकमा पेस हुँदा प्रतिवादीको खातामा चेकहरूमा उल्लिखित भएको रकम मौज्दात नरहेको भन्ने बेहोरा उल्लेख गरी बैंकको स्टेटमेन्ट र

पत्रसमेतका कागजहरू मिसिल सामेल रहेको देखिने।

प्रतिवादीउपरको अभियोग दाबीबमोजिमको कानूनी व्यवस्थालाई हेर्दा, बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) मा "आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिन नहुने।", सोही ऐनको दफा १५(१) मा "कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो भराइ बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ।" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसर्थ यी पुनरावेदक प्रतिवादी एरिश श्रेष्ठले आफ्नो खातामा मौज्दात समयमा पर्याप्त रकम नरहेको कुराको जानकारी हुँदाहुँदै पनि रकम भुक्तानीको लागि जाहेरवालालाई चेक काटी दिएको देखिँदा प्रतिवादीको सो कार्य उल्लिखित कानूनी व्यवस्थाविपरीत देखिने।

प्रतिवादी एरिश श्रेष्ठको बयान बेहोरालाई पुष्ट्याइँ गर्ने तथ्यपरक सबुद प्रमाणको अभाव रहेको र चेकहरूमा उल्लेख भएको रकम प्रतिवादीको खातामा नभएको भन्ने बेहोराको बैंकको पत्र र स्टेटमेन्टसमेत रहेको देखिई अभियोग मागदाबीबमोजिमको कार्य प्रतिवादीबाट भएगरेको देखिँदा आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: पुनरावेदक प्रतिवादी एरिश श्रेष्ठले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीत कसुर गरेकाले निजलाई रू.११,५०,०००/- जरिवाना र १०(दश) दिन कैद सजाय, बिगो रू.१०,०१,०००/- (दश लाख एक हजार) प्रतिवादीबाट भराइपाउने साथै अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ (३) बमोजिम जरिवाना रकमको ४ प्रतिशतले हुन आउने रकम प्रतिवादीले रू.४६,०००/- (छयालिस हजार) क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने ठहराएको उच्च अदालत, पाटनका मिति २०७६/१/२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर: शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर ७ गते रोज ४ शुभम्।

## ६०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-RB-०१०३, बैंकिङ कसुर, मधुराम प्रधानाङ्ग वि. नेपाल सरकार*

म पुनरावेदक प्रतिवादीले बैंकिङ कसुरसम्बन्धीको कुनै पनि कार्य नगरेको विनियम अधिकार पत्र ऐनअनुसार हुनुपर्ने हुँदा बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गत दायर गरिएको अभियोग दाबी कानूनसङ्गत नभएकोले खारेज गरिपाउँ भन्ने पुनरावेदक/प्रतिवादीको मुख्य पुनरावेदन जिकिर रहेको देखियो। यस जिकिरका सन्दर्भमा विनिमेय अधिकार पत्र ऐन, २०३४ आकर्षित हुने हो वा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लागु हुने हो भन्नेतर्फ विवेचना गर्नुपर्ने देखियो। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ दफा ३ को देहाय (ग) मा "आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिन।" कार्य गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) मा "बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराइ चेक काट्ने व्यक्तिलाई

तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । खातामा पर्याप्त रकम नभएको जानी जानी चेक काटी दिएको अवस्थामा उल्लिखित दुवै ऐन आकर्षित हुन सक्ने देखिएकोले कुनै पनि व्यक्तिले यस प्रकृतिको कसुर गरेमा उपचारको लागि उक्त दुईमध्ये कुनै एक ऐन अवलम्बन गर्न सक्ने भन्ने देखिने।

प्रतिवादी मधुराम प्रधानाङ्गले अनुसन्धान अधिकारीसमक्ष मैले जाहेरवालासँग व्यापार व्यवसाय गर्न भनी लिएको रू.१६,००,०००/- रकम निजलाई दिन बाँकी छ, मिति २०७५/०९/०८ सम्ममा खातामा पैसा जम्मा गर्न सक्छु भनी मैले चेक काटी दिएको थिएँ भनी बयान गरेको देखिन्छ भने अदालतमा उपस्थित हुँदा जाहेरवालाले साथीलाई आफ्नो पैसा आउन बाँकी छ भनी देखाउनका लागि चेक चाहियो भनी भनेको हुँदा मैले निजको विश्वासमा परी चेक दिएको हो। जाहेरवालाले पेस गरेको चेकमा भएको दस्तखत, लेखिएको बेहोरा मेरो हो भनी जाहेरवालालाई चेकमा सही गरेर दिएको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीले चेक काटी दिएको समयमा खातामा रकम नभएको भन्ने जानकारी रहेको सो बयान बेहोरालाई पुष्ट्याइँ हुने गरी प्रतिवादी मधुराम प्रधानाङ्गको नाउँमा रहेको खाता नम्बर ०५२७००००००७८५२४ मा रू.२०,६७६/- रहेको भन्ने बेहोरा उल्लेख भएको बैंक अफ काठमाडौंको स्टेटमेन्ट र पत्रबाट देखिने।

प्रतिवादीको खातामा रकम नभएको कारण चेकमा उल्लेख भएको रकम जाहेरवालाले भुक्तानी पाउन नसकेको, प्रतिवादीले चेक काटी दिएको तथ्य स्वीकार गरेको, जाहेरी दरखास्त बेहोरालाई पुष्टि हुने गरी जाहेरवाला प्रविन नायभा श्रेष्ठले गरेको बयान तथा चेकमा उल्लेख भएको रकम जाहेरवालालाई बुझाइसकेको कुनै सबुद प्रमाण पेससमेत हुन नसकेबाट प्रतिवादी मधुराम प्रधानाङ्गले अभियोग मागदाबीबमोजिमको कसुर गरेको देखिने।

प्रतिवादीको खातामा चेकमा उल्लेख भएको रकम मौज्दात नरहेको भन्ने बैंकको स्टेटमेन्ट र पत्र तथा प्रतिवादीको बयान बेहोरासमेतबाट अभियोग मागदाबीबमोजिमको कसुर अपराध प्रतिवादीबाट भए गरेको भन्ने देखिँदा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदक प्रतिवादी मधुराम प्रधानाङ्गले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को विपरीत कसुर अपराध गरेकोले निजलाई ३(ग) बमोजिम ५(पाँच)दिन कैद सजाय, बिगोबमोजिम रू.१६,००,०००/- (सोह्र लाख) जरिवाना तथा प्रतिवादीबाट बिगो रकम जाहेरवालाले भराइपाउने साथै अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीले जरिवाना रकमको ४ प्रतिशतले हुन आउने रकम रू.६४,०००/- (चौसट्ठी हजार) क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने गरी उच्च अदालत, पाटनबाट मिति २०७६/०२/१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ऋतु राई

कम्प्युटर: शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर ७ गते रोज ४ शुभम्।

## इजलास नं. १२

६१

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०५१७, भ्रष्टाचार (परीक्षाको परिणामको फेरबदल), कल्यान नाथ वि. नेपाल सरकार*

प्रतिवादीमध्येका जस्मा नाथलाई नियुक्ति

दिँदा विद्यालय व्यवस्थापन समितिबाट केही कमीकमजोरी भएको देखिन्छ भनी प्रतिवादी कल्यान नाथले मुद्दा अनुसन्धानको क्रममा बयान कागज गरेको देखियो भने विशेष अदालतमा बयान गर्दा म अति वृद्ध भएको कारणले परीक्षाको सम्पूर्ण प्रक्रिया पूरा गरिसकेका छौं, सबै कुरा मिलेको हुँदा निर्णयमा सही गर्नुहोस् भनी समितिका अन्य सदस्यहरूले मलाई कागजातसमेत देखाई उनीहरू आफूले समेत सही गरेको कारण मैले पनि सही गरेको थिएँ। प्रधानाध्यापकले सबै कागजी प्रक्रिया पूरा गरेको भनी सही गरेको हुँ । शिक्षक छनौट प्रक्रियामा मैले कुनै लेनदेन गरेको छैन भनी कसुरमा पूर्णरूपमा इन्कार रहेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्षजस्तो महत्त्वपूर्ण जिम्मेवारीमा रहेको व्यक्तिले बैठक आयोजना गरी छलफलको विषयवस्तुसमेत निर्धारण गरी छलफल गरेको विषयलाई यो वा त्यो बहानाले थाहा जानकारी थिएन समितिका अन्य सदस्यहरूकै विश्वासको भरमा सहीछाप लगाएको हुँ भन्ने भनाइलाई विश्वास गर्न सक्ने अवस्था नदेखिने।

पुनरावेदक प्रतिवादी कल्यान नाथ तत्काल भूमिराज प्राथमिक विद्यालय, सौसेरा गोकुलेश्वर बैतडीमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत रहे भएको देखिन्छ। मिति २०६५।३।४ को विद्यालय व्यवस्थापन समितिको निर्णय पुस्तिकामा १ पाना थप टाँस भएको र थप गरिएको पानामा शिक्षक छनौट समितिले लिएको परीक्षामा जस्मा नाथ असफल भएकोले निज अनुत्तीर्ण भएको जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउने भनी निर्णय भएको देखिन्छ भने सोही दिन अर्को माइन्युट तयार गरी प्रतिवादी जस्मा नाथलाई प्राथमिक विद्यालय राहत शिक्षक पदमा नियुक्ति दिने निर्णय गरेको देखिन्छ। माइन्युटको ती दुवै पानामा निज पुनरावेदक प्रतिवादी कल्यान नाथले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हैसियतले सहीछापसमेत गरेको देखिएबाट यी पुनरावेदक प्रतिवादी कल्यान नाथले परीक्षाको परिणाम फेरबदल गरी गैरकानूनी लाभ पुऱ्याउने कार्यमा प्रमुख भूमिका निर्वाह गरेको तथ्यमा विवाद नदेखिने।

परीक्षामा अनुत्तीर्ण भई योग्यता नपुगेका प्रतिवादी जस्मा नाथलाई राहत शिक्षक पदमा नियुक्ति गरी गैरकानूनी लाभ पुऱ्याउने कार्यमा पुनरावेदक प्रतिवादी कल्यान नाथको प्रत्यक्ष संलग्नता रहेको देखिएकोले निजउपरको अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुरसम्म गरेको प्रमाणित भएकोले सोही दफाबमोजिम ३ (तीन) महिना कैद र रू.५०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०७४।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमेधा खनाल

कम्प्युटर: सुजन नेपाल

इति संवत् २०७९ साल भदौ ७ गते रोज ३ शुभम्।

६२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-WO-१२७३, उत्प्रेषणयुक्त परमादेशसमेत, मेथीलाल खवास वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदकले रिट निवेदनमा मिति २०१७।१२।०२ मा राजीनामाबाट खरिद गरी लिएको साबिकदेखि हालसम्म आफ्नो हकभोगमा रहेको जिल्ला मोरङ, हरैचा गा.वि.स., वडा नं.३(क)

कि.नं.९१ को ज.बि.११-७-१५ जग्गा मालपोत कार्यालयले दा.खा. गरी धनीपुर्जा दिनुपर्नेमा नदिएकोले दा.खा. गरी धनीपुर्जा पाउँ भनी माग गर्दा मालपोत कार्यालय मोरङ, बेलवारीले सोउपर कारबाही नगरी मिति २०४९।०१।१० मा तामेलीमा राखेको, तामेली जगाई कारबाही गरिपाउँ भनी पुनः निवेदन दिँदा मिति २०४९।०१।१० मा निर्णय भइसकेकोले अदालतबाट हक कायम गरी ल्याएका बखत हुने भनी पुनः मिति २०५६।०३।१३ मा आदेश भएउपर पुनरावेदन अदालत विराटनगरमा १७ नं. अन्तर्गत निवेदन दिएकोमा कानूनबमोजिम गर्नु भनी आदेश भएको छ । सोउपर सर्वोच्च अदालतसमक्ष २०५६ मा उत्प्रेषण मुद्दा दायर गरेकोमा २०५८।०६।०५ मा विपक्षीका नाममा पुनः हेरी बुझी कानूनबमोजिम निर्णय गर्नु भन्ने परमादेश जारी भएकोमा पुनः दा.खा. माग गर्दा मिति २०५१।०३।०८ मा नेपाल सरकारका नाममा दर्ता भइसकेको जग्गा दा.खा. गर्न नमिल्ने भनी मालपोत कार्यालय मोरङ बेलवारीले मिति २०७३।०३।३० मा निर्णय गरेकोमा उक्त निर्णयउपर मोरङ जिल्ला अदालतमा पुनरावेदन गर्दा मालपोत कार्यालयबाट भएको निर्णय सदर भएकोले उक्त निर्णय बदर गराउन अन्य कुनै कानूनी उपचार नभएकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी उक्त जग्गा निवेदकको नाममा दा.खा. दर्ता गरिदिनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी भएकोमा दाबीको जग्गा फिल्डबुकमा गौचरण पर्ती जनिएको, २०२४ सालको नापीमा गौचरण लेखिएकोले उक्त जग्गा सरकारी सार्वजनिक जग्गामा पर्दछ, रिट निवेदकले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १३ बमोजिम जग्गाको फाँटवारी पेस गर्न सकेका छैनन्, जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६(५) बमोजिम आफ्नो हक भोग देखाउन सकेका छैनन्, जग्गा दर्ता गर्न साबिक लगत, तिरो एवम् भोग चाहिन्छ सो केही पनि देखाउन सकेको अवस्था नभएको, जग्गा दर्ता गर्न सिफारिस गर्ने निकाय गाउँ पञ्चायतले गौचर जनाएको छ । रिट निवेदक २०२४ सालको उक्त निर्णय बदरमा गएको अवस्था नभएको र निवेदकसँग ७ नं. फाँटवारी पनि नभएकोले निवेदन माग दाबीबमोजिम आदेश जारी हुनुपर्ने अवस्था नभएको भन्नेसमेत लिखित जवाफ बेहोरा देखिने।

रिट निवेदकले दर्ताका लागि रिट निवेदनमा दाबी लिएको जिल्ला मोरङ, हरैचा गा.बि.स., वडा नं.३ (क) कि.नं.९१ को ज.बि.११-७-१५ जग्गा २०२४ सालमा नापी हुँदा फिल्डबुकमा गौचर पर्ती उल्लेख भएको भन्ने मालपोत कार्यालय बेलवारी मोरङले लिखित जवाफ साथ पेस गरेको उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जामा उल्लेख भएको देखिन्छ। उक्त जग्गाको साबिक स्रोत के थियो, २०२४ सालको नापीमा दर्ता गराउन किन छुट हुन गयो ? छुट जग्गा दर्ता गराउनेतर्फ यी निवेदक मौकैमा साधिकार निकायमा निवेदन दिन किन जानसक्नु भएन ? भन्ने जस्ता कुरा रिट निवेदकले निवेदनमा स्पष्टरूपमा खुलाउन सक्नुभएको अवस्था नदेखिने।

अत: प्रस्तुत रिट निवेदन मागदाबीअनुसारको जग्गा मिति २०५०।०९।०८ को निर्णयबमोजिम मिति २०५१।०३।०८ मा नेपाल सरकारको नाममा स्रेस्ता कायम भइसकेको देखिँदा सोहीबमोजिम मालपोत कार्यालय मोरङ, बेलबारीले मिति २०७३।०३।३० मा गरेको निर्णय तह तहको अदालतबाट सदर भएको अवस्थामा असाधारण अधिकार क्षेत्रबाट हस्तक्षेप गर्नुपर्नेसम्मको कुनै अवस्थाको विद्यमानता रहेको नदेखिएको हुँदा माग बमोजिमको आदेश जारी गर्नुपर्ने

अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल भदौ ५ गते रोज १ शुभम्।

## ६३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RB-०००६, बैंकिङ कसुर, विमल बराल वि. नेपाल सरकार*

प्रतिवादी बिमल बरालले व्यापारिक प्रयोजनको लागि भनी उजुरीकर्ताको श्रीमती रिता के.सी.सँग रू.१८,८०,०००।- (अठार लाख असी हजार) ऋण सापट लिएको र सो रकम फिर्ता गर्न एन.आई.सी एसिया बैंक, गोल्फुटार शाखाको आफ्नो नाममा रहेको खाताको रू.६,८०,०००।– (छ लाख असी हजार रूपियाँ) उल्लिखित एक थान चेक र रू. १२,००,०००।– (बाह्र लाख रूपियाँ) उल्लिखित एक थान चेक गरी जम्मा २(दुई) थान चेक आफैँले सही गरी उपलब्ध गराएको र सो चेक उपलब्ध गराउँदा आफ्नो खातामा चेकले खाम्ने रकम नरहेको भन्ने कुरा प्रतिवादी स्वयम्ले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा स्वीकार गरेको हुँदा सो कुरामा कुनै विवाद देखिँदैन। मौकामा बुझिएका प्रभास के.सीले मौकामा कागज गर्दा प्रतिवादीले व्यापार व्यवसाय गर्छु भनी जाहेरवालासँग पटक पटक गरी १८,८०,०००।– लगेकोमा प्रतिवादी आफैँले नै सो रकम बैंकबाट भुक्तानी लिनु भनी आफ्नै नाममा सञ्चालनमा रहेको एन.आई. सी एसिया बैंक, गोल्फुटार शाखाको चेक काटी दिएको र चेक साट्न जाँदा एन.आई.सी एसिया बैंक, गोल्फुटार शाखाले खातामा चेकलाई खाम्ने रकम नभएको कारण बाउन्स भएको हो भनी कागज गरिदिएको पाइन्छ। जाहेरवाला रामशरण के.सी.ले आफ्नो जाहेरीलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई गरिदिएको बकपत्र, चेक भुक्तानीका लागि बैंकमा पेस गरेकोमा खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न एन.आई.सी एसिया बैंक, गोल्फुटार शाखाको पत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी बिमल बरालले आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिएको र सो चेकको भुक्तानी हुन नसकेको भन्ने देखिन आयो। निजले जाहेरवालालाई रू. २७,००,०००।–(सत्ताइस लाख) भुक्तानी गरेको भन्ने दाबीको सम्बन्धमा कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। ठोस प्रमाणको अभावमा प्रतिवादीको मौखिक जिकिरलाई प्रमाणका रूपमा ग्रहण गर्न मिल्ने नदेखिएको हुँदा त्यसतर्फ विवेचना गरिरहन नपर्ने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटी दिन नहुने भनी उल्लेख भई कसैले पनि आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा चेक काटी दिई सो चेकको भुक्तानी हुन नसकेमा उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कसुर मानिने कानूनी व्यवस्था रहेको छ। प्रतिवादीले मौकामा तथा अदालतमा समेत आफ्नो खातामा रकम नभएको कुरा जानकारी भएको, निजले खातामा रकम नभए पनि चेक काटिदिएको र सो चेकमा भएको दस्तखतसमेत आफ्नो भएको तथ्य स्वीकार गरी बयान गरेको पाइयो। प्रतिवादीले उजुरीकर्तालाई सबै रकम फिर्ता गरिसकेको हुँदा कुनै रकम बुझाउन बाँकी नरहेको भनी जिकिर लिए तापनि सो जिकिर पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको नदेखिने।

अतः प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष

गरेको बयान, मौकामा बुझिएका मानिसको मौकाको कागज, जाहेरवालाले अदालतमा गरेको बकपत्र एवम् चेक भुक्तानीका लागि बैंकमा पेस गरेकोमा खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न एन.आई.सी एसिया बैंकको पत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी बिमल बरालले आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटी दिएको र सो चेकको भुक्तानी हुन नसकेबाट उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) बमोजिमको कसुर कायम हुन आयो । यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा उच्च अदालत पाटनबाट प्रतिवादी बिमल बराललाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा १५(१) बमोजिम कैद दिन ७(सात) र चेकको रकम बराबरको रू.१८,८०,०००/- (अठार लाख असी हजार रूपियाँ) जरिवाना भई उक्त बिगो रकम रू. १८,८०,०००/- (अठार लाख असी हजार रूपियाँ) जाहेरवालालाई भराई र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीलाई जरिवाना भएको रकमको ४(चार) प्रतिशतले हुने रू.७५,०००।– (पचहत्तर हजार रूपियाँ) प्रतिवादीले क्षतिपूर्ति शुल्कबापत बुझाउनुपर्ने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: सन्जय गुरूङ

इति संवत् २०७९ मार्ग २५ गते रोज १ शुभम् ।

### ६४

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RB-०२००, बैंकिङ कसुर, शक्ति भुजेल वि. नेपाल सरकार*

प्रतिवादी शक्ति भुजेलले अष्ट्रेलियामा पठाइदिन्छु भनी सीता कार्कीबाट नगद रू. ५,५०,०००।- र सुमी कार्की खडकाको श्रीमान् राजु खडकाबाट नगद रू.४,००,०००।– लिएकोमा प्रतिवादीले भनेको स्थानमा नपठाई सो पैसा फिर्ता माग्दा प्रतिवादीले ग्लोबल आइएमई बैंक बनस्थली शाखाको चेक २ थान दिएकोमा उक्त चेक क्लियरेन्सको लागि हिमालयन बैंक पाटनमा र नगद भुक्तानीको लागि ग्लोबल आइएमई बैंकमा सो चेकहरू पेस गर्दा सो बैंकहरूले चेकवालाको खातामा चेक अनुसार खाम्ने रकम मौज्दात छैन भनी बाउन्स गरिदिएको हो भनी माधव कार्कीले घटना विवरण कागज गरिदिएको पाइन्छ । प्रतिवादीले सो कुरामा इन्कारी रही मेरो श्रीमती जब प्लेसमेन्ट संस्थामा काम गर्दै आएकोमा कामको सिलसिलामा उजुरीकर्ताहरूबाट रकम बुझी सो संस्थाका सञ्चालक रोशन कार्कीलाई दिएकी रहिछन् । सोही क्रममा रोशन कार्कीले मेरो श्रीमतीले बुझेको रकमबापत चेक वा कागज गरिदिन दबाब दिएको हुँदा मेरो श्रीमतीको नाउँको चेक नभएको हुँदा मेरो नाउँको चेक विश्वासको लागि दिएको हो । तर रोशन कार्कीले सो चेक मलाई फिर्ता नगरी निजका दिदी जाहेरवालाहरूलाई उजुरी गर्न लगाएका हुन् । जाहेरवालाहरूसँग मैले रकम लिएको होइन भनी अनुसन्धानको क्रममा र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि आफूले खातामा पर्याप्त मौज्दात नरहेको जानीजानी चेक काटी दिएको तथ्यलाई अन्यथा भन्न सकेको नदेखिने ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन नहुने भनी उल्लेख भई कसैले पनि आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा

चेक काटी दिई सो चेकको भुक्तानी हुन नसकेमा उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कसुर मानिने कानूनी व्यवस्था रहेको छ । प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा जानकारी हुँदाहुँदै आफैँले हस्ताक्षर गरी जाहेरवालाहरूको नाममा चेक जारी गरिदिएको र चेकमा भएको दस्तखतसमेत आफ्नो भएको तथ्य प्रतिवादीले अदालतमा बयान गर्दा स्वीकार गरेको पाइने ।

अतः प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीले अदालतसमक्ष गरेको बयान, मौकामा बुझिएका मानिसको मौकाको कागज एवम् चेक भुक्तानीका लागि बैंकमा पेस गरेकोमा खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न ग्लोबल आइएमई बैंकको पत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी शक्ति भुजेलले आफ्नो खातामा मौज्दात रकम नभए तापनि चेक काटी दिएको र सो चेकको भुक्तानी हुन नसकेबाट उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) बमोजिमको कसुर कायम हुन आयो । यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा उच्च अदालत, पाटनबाट प्रतिवादी शक्ति भुजेललाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा १५(१) बमोजिम रू.९,५०,०००।– (नौ लाख पचास हजार रूपैयाँ) जाहेरवालाको बिगो प्रतिवादीबाट भराइ निज प्रतिवादीलाई बिगोबमोजिम जरिवाना तथा १५(पन्ध्र) दिन कैद हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: शंकर सापकोटा

इति संवत् २०७९ मार्ग २५ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- *०७८-RB-०२०२, बैंकिङ कसुर, शक्ति भुजेल वि. नेपाल सरकार*
- *०७८-RB-०२०१, बैंकिङ कसुर, शक्ति भुजेल वि. नेपाल सरकार*